



# नेपाल समाचारपत्र

नेपाली मनको नेपाली पत्रिका

NEPAL SAMACHARPATRA

नेपाल समाचारपत्र दैनिक, कामना, साधनाका ग्राहक बन्नुपरेमा, पत्रिका समयमा नआएमा, कुनै गुनासो भएमा सम्पर्क गर्नुहोला।

कामना न्यूज पब्लिकेसन्स
कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं
सम्पर्क : ९८०१००३७३७, ०१-४२६११७९
एक्सटेन्सन: २२५ (९ बजेदेखि ६ बजेसम्म)

बिहीबार, असार २२, २०७४ | Wednesday, July 6, 2017 | www.newsofnepal.com | नेसं ११३७ दिला थ्व: १३ | वर्ष २३, अंक १७७ | पृष्ठ १२ | मूल्य रू. १०/–





गुट उपगुटले कांग्रेस अप्ठ्यारोमा

## देउवा सधैं आलोचित

रामकृष्ण चापागाईं
काठमाडौं

आफ्नो सचिवालय चुस्त दुरुस्त बनाउँदै तथा आवश्यक सल्लाहाकारहरू नियुक्त गरेर प्राथमिकताका आधारमा दैनिक कार्यसम्पादनलाई व्यवस्थित ढंगले अघि बढाउन नसकेका प्रधानमन्त्री शेरबहादुर देउवा दैनिक आलोचनाको पात्र बन्न थालेका छन्।

साथै, कांग्रेस सभापतिसमेत रहेका प्रधानमन्त्री देउवाले प्रभावकारी ढंगले पार्टी सञ्चालन गर्न नसकेको भनेर कांग्रेसभित्रै पनि आलोचित बन्दै गएका छन्।

राष्ट्रिय राजनीतिमा संविधान कार्यान्वयनका लागि सात महिनाभित्र प्रदेश र प्रतिनिधिसभाको निर्वाचन गर्नुपर्ने चुनौतीपूर्ण अवस्थामा सरकारको नेतृत्व सम्हालेका सभापति देउवाले सरकार सञ्चालन पनि पार्टी सञ्चालनमा जस्तै बेवास्ता गरेको आरोप लागिरहेको छ। प्रधानमन्त्री देउवा निकट कांग्रेसका एक नेताले *नेपाल समाचारपत्र*सँग कुरा गर्दै भने- 'हाम्रा सभापतिसमेत रहनुभएका देउवाले यो चुनौतीपूर्ण अवस्थामा गरेको कामको वाहवाही पाउनुपर्ने बेलामा झन् आलोचित बन्दै जानुभएको छ।'

'सरकार सञ्चालनका लागि प्रधानमन्त्रीको चुस्तदुरुस्त सचिवालय छैन, सल्लाहकार नियुक्त गरिएको छैन', ती नेताले भने- 'प्रधानमन्त्री अहिले बिहे, भोज, नातेदार चिनजानका साथीभाइ भेटघाटजस्ता सामान्य र व्यक्तिगत काममा व्यस्त देखिनुभएको छ।'

प्रधानमन्त्री सचिवालयका अनुसार हिजो बुधबार पनि प्रधानमन्त्री देउवा तीनवटा विवाहको कार्यक्रममा सहभागी हुने बताइएको थियो। आज बिहीबार पनि प्रधानमन्त्री देउवा पुस्तक विमोचनलगायतका कार्यक्रममा सहभागी हुनुहुने बताइएको छ।

अहिले प्रधानमन्त्री बन्नुभएका सभापति देउवाले पार्टीभित्रको संगठनलाई मजबुत बनाउन नसकेको कारण दोस्रो चरणको स्थानीय निर्वाचनमा पनि अनपेक्षित हार बेहोर्नुपरेको भन्दै पार्टीभित्र आलोचनाको पात्र बनेका छन्।

पार्टीको विधानमा महाधिवेशन सम्पन्न भएको दुई महिनाभित्र पदाधिकारी तथा केन्द्रीय सदस्यको मनोनयन गरिसक्नुपर्ने भए पनि महाधिवेशन सम्पन्न भएको डेढ वर्ष बित्न लाग्दा पनि सभापति देउवाले पार्टी केन्द्रीय कार्यसमितिलाई पूर्णता दिनसकेका छैनन्।

कांग्रेस केन्द्रीय समितिमा एक उपसभापति, एक महामन्त्री, एक सहमहामन्त्री र २२ जना सदस्य सभापतिले मनोनित गर्ने व्यवस्था छ।

(क्रमशः पृष्ठ ९ मा)

### आज मन्त्रीमण्डल विस्तार हुने !

काठमाडौं, (नेस)

प्रधानमन्त्री शेरबहादुर देउवा मन्त्रीमण्डल विस्तारको अन्तिम तयारीमा लागेका छन्। पार्टीभित्र पनि भागवण्डा मिलाउनुपर्ने भएकाले हिजो बुधबार देउवाले पार्टीका वरिष्ठ नेता रामचन्द्र पौडेल पक्षसँग नाम मागेका थिए। तर पौडेल पक्षले कुन कुन मन्त्रालय दिने हो नाम पहिला मागेपछि बुधबार साँझ मन्त्रालय भागवण्डाको तयारी भएको थियो।

पार्टी सभापतिसमेत रहेका प्रधानमन्त्री देउवाले पौडेल पक्षलाई ४ वटा र कृष्णप्रसाद सिटौला पक्षलाई एउटा मन्त्रालय दिने बताउनुभएको देउवा निकट स्रोतले जानकारी दिएको छ।

(क्रमशः पृष्ठ ९ मा)

## सशस्त्रभित्र आफ्नैलाई 'सिध्याउने खेल'

दीपक रिजाल, काठमाडौं

विवादै विवादमा परेर सांगठनिक रुपमा बदनामी कमाएको सशस्त्र प्रहरी बलभित्र फेरि एकले अर्कालाई सिध्याउने खेल शुरू भएको छ। स्थापना भएको १७ वर्षमा ९ वटा प्रमुख फेरेको सो संगठनका ४ जनामाथि भ्रष्टाचारको अभियोग लागेर अहिले अदालत धाइरहेका छन्।

बहालावा प्रमुख हुँदा नै भ्रष्टाचारको अभियोग लागेर निलम्बनमा परेका तत्कालीन सशस्त्र प्रहरी महानिरीक्षक कोषराज वन्त नेपालको सुरक्षा इतिहासमा कलंक लागेर निलम्बनमा पर्ने पहिलो व्यक्तिको रुपमा दर्ता भएका छन्। सो संगठनभित्र नेपाल प्रहरी र नेपाली सेनाबाट आएका अधिकृतबीच एकले अर्कालाई सिध्याउने खेलमा लागेको कारण पटक-पटक विवादमा पर्दै आएको छ।

पछिल्लो पटक सो संगठनमा एकले अर्कालाई सिध्याउने गरी सशस्त्र प्रहरी ऐन संशोधनको मस्यौदा तयार पारेपछि अहिले संगठनभित्र तीव्र असन्तुष्टि मात्रै देखिएको छैन, त्यो असन्तुष्टि अहिले छताछुल्ल अवस्थामा पुगेको छ।

सो संगठनले पछिल्लोपटक गर्न लागेको ऐन संशोधनले संगठनभित्रका उच्च अधिकारीबीच तिक्तता उत्पन्न गराइदिएको छ। सो संगठनभित्र ३० वर्षे सेवा अवधि हटाउने र सेवा अवधि ३२ वर्षे बनाउने खेलमा संगठनका प्रमुख नै लागेपछि विवादले उग्र रुप लिएको छ। सो संगठनका प्रशासन विभागका एआईजी पुष्पराम केसीको समूहले तयार पारेको ऐन संशोधन मस्यौदामा ३० वर्षे सेवा अवधि हटाएर ३२ वर्षे सेवा अवधि बनाउन सिफारिस गरेको र उक्त मस्यौदाको विरुद्धमा संगठनका उच्च अधिकारीहरूले राजनीतिक नेतृत्वसमेत गुहारेपछि ऐन अहिले विवादमा परेको छ।

विवादले उग्ररुप लिएपछि एआईजी पुष्पराम केसीको नेतृत्वमा तयार पारिएको ऐनलाई स्थगित गरेर ऐन संशोधन गर्न अर्को कार्यदल गठन गरिएको छ।

(क्रमशः पृष्ठ ९ मा)

## विवादले रोकियो पार्टी दर्ता

बीपी साह, काठमाडौं

राष्ट्रिय जनता पार्टी नेपालभित्र महेन्द्रराय यादव र अनिल झाबीचको विवादले पार्टी दर्ता प्रक्रिया अवरुद्ध भएको छ। दुई नेताबीच भएको विवादका कारण बुधबार हुने भनिएको पार्टी दर्ता प्रक्रिया लम्बिएको छ।

महेन्द्र यादवले एकीकृत पार्टीको विधानमा स्व. गजेन्द्रनारायण सिंह र बाबराम जनम तिवारीको नाम राख्न नमिल्ने बताएका छन्। उनले गजेन्द्रनारायण सिंहका विषयमा पार्टीको विधानमा उल्लेख भए कार्ल माक्स र अन्य कम्युनिस्ट नेताहरूको इतिहास पनि उल्लेख गर्नुपर्ने बताउँदै आएका छन्।

बुधबारको बैठकमा पनि यादवले सिंह र तिवारीको नाम राख्न अस्वीकार गरेपछि अनिल झा आक्रामक बनेका थिए। नेता झाले मधेस केन्द्रित पार्टीले गजेन्द्रनारायण सिंहको मूल्यमान्यता बिर्सन नहुने बताउँदै सिंह र तिवारीको नाम पार्टीको विधानमा राख्नै पर्ने अडान लिएका छन्। यसअघिको बैठकमा पनि यस विषयमा विवाद हुँदै आएको थियो। यसकारण पार्टी एकीकृत भए पनि निर्वाचन आयोगमा दर्ता हुन सकेको थिएन।

*नेपाल समाचारपत्र*सँग कुराकानी गर्दै नेता झाले भन्नुभयो- 'मधेसवादीका महानेता एवं नेपालमा संघीयतालाई अगाडि बढाउने स्व. गजेन्द्रनारायण सिंहलाई देशविदेशले स्वीकार गरिसकेको छ। यस अवस्थामा हाम्रै पार्टीमा उहाँको सम्मान नहुनु दुखद हुनेछ। त्यसकारण म मधेसको इतिहास बिर्सिने पक्षमा छैन।'

(क्रमशः पृष्ठ ९ मा)






# महानगर

फ्रिजमा लामो समयदेखि राखेको, फरक-फरक प्रकृतिका मासु वर्गीकरण नगरेर एउटै भाँडोमा र राखेको र वधशालाको उपयुक्त व्यवस्था नगरिएको पाइएको छ।

## शिवराजमा नेत्रराज र शिवकुमारीको जगजगी

सीताराम चौधरी, कपिलवस्तु

कपिलवस्तुको शिवराज नगरपालिकामा नेकपा एमालेको उदय भएको छ। मेयर र उपमेयर दुवैमा एमालेले विजय हासिल गरेको हो। मतगणनाको शुरुवातदेखि नै अग्रता लिएका मेयर पदका उम्मेदवार नेकपा एमालेका नेत्रराज अधिकारी र उपमेयर पदकी उम्मेदवार शिवकुमारी चौधरीले अन्ततः जित हासिल गरेका हुन्।



नेत्रराज अधिकारी
मेयर, शिवराज नगरपालिका कपिलवस्तु



शिवकुमारी चौधरी
उपमेयर, शिवराज नगरपालिका कपिलवस्तु

कुल २४ हजार ६ सय १८ सदर मतमा नेत्रराजले ६ हजार १ सय ५५ मत प्राप्त गरेका छन्। उनले प्रतिद्वन्द्वी संघीय समाजवादी फोरमका कृष्णकुमार चौधरीलाई १ हजार ४ सय १३ मतले पछाडि पार्दै जित हासिल गरेका हुन्। प्रतिस्पर्धी कृष्णकुमारले ४ हजार ७ सय ४२ मत पाएका थिए। स्थायी शिक्षकको जागिर छाडेर राजनीतिमा छिरेका नेत्रराजलाई विगतका दुवै संविधानसभाको निर्वाचनमा पराजय बेहोर्नुपरेको थियो। तर, यस पटकको स्थानीय तहको निर्वाचनमा उनलाई जनताले साथ दिएपछि शिवराजको मेयर बन्न सफल भए। उमेरले ६० नाघेका उनी अझै पनि निकै जोसिला र फूर्तिला छन्। मीठो बोली, मिजासिला, आँटिला, तार्किक र बफादार स्वभावका उनी आफ्नो कामप्रति सधैं कटिबद्ध रहेको बताउँछन्। शिवराज नगरबासीको सहयोग, साथ र समर्थनमा जित हात पारेको बताउँदै उनले जनचाहनालाई मध्यनजर गर्दै काम गर्ने प्रतिबद्धता जाहेर गरे।

यता उपमेयरकी उम्मेदवार शिवकुमारी चौधरी थारूले प्रतिस्पर्धी संघीय समाजवादी फोरमकी सुमन यादवभन्दा १ हजार ९ सय ३३ मत बढी पाई जित सुनिश्चित गरिन्। शिवकुमारीले ५ हजार ९ सय ६२ मत पाएकी थिइन् भने प्रतिद्वन्द्वी सुमनले ३ हजार २९ मत ल्याएकी थिइन्। शिवकुमारीले सुमनभन्दा दोब्बर मत ल्याई शिवराजको उपमेयर बनेकी हुन्।

यसै गरी एमालेले शिवराज नगरपालिकाको ४ वटा वडामा प्यानलै जितेको छ। वडा नं. १, ३, ४ र ५ मा एमालेमय बनेको छ। कुल ११ वटा वडा रहेको शिवराजमा दुई वटा वडा ६ र ८ मा संघीय समाजवादी फोरमको प्यानल विजयी बनेको छ। वडा नं. ७ र १० मा स्वतन्त्र उम्मेदवारले जितेका छन् भने वडा नम्बर ११ मा नेपाली कांग्रेसको प्यानलले जित हासिल गरेको छ।

उपमेयरको उम्मेदवारमध्ये शिवकुमारी सायद उनी मुलुककै कान्छी उम्मेदवार हुन्। शिवराज नगरमा नेकपा एमालेबाट उपमेयरको टिकट पाएसँगै सामाजिक सञ्जाल र सञ्चारमाध्यममा राम्रै चर्चा पाएकी शिवकुमारीले चर्चालाई सार्थकतामा परिणत गरेर देखाइदिइन्।

टिकट पाएसँगै पहिलोपटक औपचारिक समारोहमा सबैको मन छुने भाषणले उनी एकाएक चर्चामा आएकी थिइन्। अर्कोतर्फ उनको परम्परागत जातीय पहिरनले पनि उनी आकर्षणको केन्द्रविन्दु बनेकी थिइन्। जसले गर्दा उनी सामाजिक सञ्जाल र सञ्चार माध्यममा रञ्जु दर्शनाको नामले समेत चर्चा पाइन्। उनलाई कतिपयले प्रचारका लागि एमालेले उनलाई रञ्जु बनाएको आरोप लगाए भने कतिपयले उनको बोल्ने क्षमता र आत्मविश्वासलाई सम्मान गर्दै रञ्जुको नाम दिएको भन्दै प्रशंसा गरे। उनले सामाजिक सञ्जालमा करिब २ महिनादेखि राम्रो स्थान पाएकी थिइन्। एमालेले मेयरको मत प्राप्त गर्न उनलाई मोहरा बनाएको भनेर विपक्षीले प्रसस्त आरोप पनि लगाएको छ। तर, अहिले आएर यो गलत सावित भयो। उनी निकटम प्रतिद्वन्द्वीभन्दा दोब्बर मतले शिवराजको उपमेयर बनिन्।

कुल सदर मत २४ हजार ६ सय १८ मध्ये उनले ५ हजार ९ सय ६२ मत प्राप्त गरिन्। प्रतिद्वन्द्वी संघीय समाजवादी फोरम नेपालकी सुमन यादवलाई २ हजार ९ सय ३३ मतले पछाडि पार्दै उनले जित हासिल गरिन्। उनका प्रतिद्वन्द्वी सुमन यादवले भने ३ हजार २९ मत पाएकी थिइन्। शिवकुमारीको जितले यतिबेला थारू समुदायमा मात्र होइन नगरबासीमा खुसीयाली छाएको छ। उनको जितले जिल्लामा मात्र नभई देश विदेशमा समेत चर्चा पाएको छ।

जिल्लाको शिवराज नगरपालिका १, शिवपुर घर भएकी शिवकुमारी भर्खर २३ वर्ष ११ महिनाकी छन्। बुबा भग्गु थारू र आमा बउँरी थारुको कोखबाट उनी शिवराज नगरपालिका १, (साविक शिवपुर ७), चैनपुरमा जन्मेकी हुन्। उनी मीठो बोली, हँसिलो अनुहार, निकै मिजासिलो र कसैको आँखामा नबिझाउने स्वभावकी छन्।

शिक्षण पेसा छाडेर एमालेबाट उनी उपमेयरको उम्मेदवार बनेकी थिइन्। गाउँमै रहेको सरस्वती आधारभूत विद्यालयमा निजी स्रोतमा उनी अध्यापन गराउँदै आएकी थिइन्। एमालेबाट शिवराज नगरमा उपमेयरको टिकट पाएलगत्तै परिवारकै सल्लाहमा उनले स्कुलमा राजीनामा दिइन्। आफ्नो जितलाई नगरबासीको जित भएको बताउँदै उनले शिवराजलाई एक नमुना नगरको रूपमा अगाडि बढाउन पहल चाल्ने प्रतिबद्धता जाहेर गरेकी छन्।

शिक्षाशास्त्र संकायबाट स्नातक तेस्रो वर्षमा अध्ययनरत उनी सर्वप्रथम आफूले नगरभित्र शिक्षा र स्वास्थ्यलाई पहिलो प्राथमिकतामा राखेर काम गर्ने बताइन्। आफू आदिवासी थारू समुदायकी एक नारी भएको बताउँदै उनले दलित, जनजाति, पीछडावर्गका बालबालिकाहरु गुणस्तरीय शिक्षा र स्वास्थ्य सुविधाबाट वञ्चितीकरणमा परेको गुनासो गरिन्। उनले नगरभित्र मौलाएको भ्रष्टाचार, विभेद, लैंगिक हिंसाजस्ता समस्याको न्यूनीकरण गर्दै धार्मिक सहिष्णुता र सामाजिक सद्भावमा विशेष कदम चाल्ने बताइन्।

सानै उमेरमा विवाह भएकी शिवकुमारीको अहिले ३ वर्षकी एक छोरी छिन्। उनका पति राजेन्द्र चौधरी भने वैदेशिक रोजगारीमा अहिले कतारमा छन्। छोरी अहिले नजिकैको एक निजी स्कुलमा नर्सरी कक्षामा अध्ययनरत छिन्। उनी नगरको गरिमामय उपमेयर पदमा सफल हुनुमा आफ्नो पति राजेन्द्र, ससुरा रामबहादुर, सासु मन्नीलगायत घर-परिवारलाई श्रेय दिन्छिन्।

## मेयरको पहिलो ध्यान मदिरामा



विष्णुप्रसाद भण्डारी, अछाम

मंगलसेन नगरपालिकाको मेयरमा निर्वाचित भइसकेपछि नवनिर्वाचित मेयर पदमबहादुर बोहराले आफ्नो पहिलो निर्णयका रूपमा नगरपालिकामा बिक्री-वितरण हुँदै आएको मदिरा व्यवस्थित गर्ने निर्णय गर्नुभएको छ।

शपथ ग्रहण प्रश्चात् कार्यभार सम्हाल्दै मेयर बोहराले यस्तो निर्णयमा हस्ताक्षर गर्नुभएको हो। जिल्लामा अव्यस्थितरूपमा बिक्री-वितरण हुँदै आएको मदिरा व्यवस्थित गर्न त्यसको बिक्री-वितरणको व्यवस्था मिलाउने र यदि व्यवस्थित भएको नपाइए कारबाही प्रक्रियामा जाने निर्णय सम्पन्न नगरका नवनिर्वाचित जनप्रतिनिधिहरुको बैठकले गरेको छ।

साथै सामाजिक सुरक्षा भत्ता र पोषण भत्ता पाउने सेवाग्राहीलाई पर्न गएको असुविधालाई मध्यनजर गर्दै सामाजिक सुरक्षा भत्ता र पोषण भत्ता प्रत्येक वडाको टोल-टोलमै गएर वितरण गर्ने निर्णय पनि बैठकले गरेको छ। यसका साथै नागरिक उपभोक्ता सहुलियत कार्डलाई व्यवस्थापन गर्न तथ्याङ्क संकलन गरी उक्त कार्य अगाडि बढाउने निर्णय पनि बैठकले गरेको मंगलसेन नगरपालिकाका सूचना अधिकारी नरेश कठायतले जानकारी दिनुभयो। यसअघि नवनिर्वाचित मंगलसेन नगरपालिकाका सम्पूर्ण जनप्रतिनिधिको शपथ ग्रहण तथा प्रमाणपत्र वितरण कार्यक्रम पनि सम्पन्न भएको थियो। यही असार १४ गते सम्पन्न दोस्रो चरणको निर्वाचनबाट निर्वाचित मेयर पदम बोहरा, उपमेयर सरिता उपाध्याय, १४ वटै वडाका वडा अध्यक्ष र सदस्यहरुलाई प्रमाणपत्र वितरण गरिएको छ। कार्यक्रममा अछामका मुख्य निर्वाचन अधिकृत हरिप्रसाद उपाध्याय, पगेनिले मेयर, उपमेयर र वडा अध्यक्षलाई शपथ ग्रहण गराउनुभएको थियो। मेयर पदमबहादुर बोहराले सबै निर्वाचित सदस्यलाई शपथ खुवाउनुभएको थियो। कार्यक्रममा मगलसेन नगरपालिकाका मेयर, उपमेयर, वडा अध्यक्ष, सदस्य गरी ७२ जनाले सुन्दर मगलसेनको निर्माणका लागि लाग्ने बताउनुभयो। कार्यक्रममा प्रमुख जिल्ला अधिकारी शंकरबहादुर विष्ट, मंगलसेन नगरपालिकाका कार्यकारी अधिकृत गणेशप्रसाद जैसी ढुगाना, नेपाली कांग्रेसका जिल्ला सचिव नमबहादुर शाही, नेकपा एमाले सचिवालय सदस्य चन्द्र बोहरा, नवनिर्वाचित मेयर पदमबहादुर बोहरा, उपमेयर सरिता उपाध्याय, पत्रकार शिवराज ढुगाना, वडा नम्बर का १ अध्यक्ष मानबहादुर बोगटी, वडा नम्बर ६ का अध्यक्ष जनकराज भण्डारी, वडा नम्बर १४ सदस्य बलबहादुर सोडारी, वडा नम्बर ९ का सदस्य टोपबहादुर रावल, जिल्ला बार ईका अछामका अध्यक्ष कृष्णप्रसाद ढुंगानालगायतले शुभकामना मन्तव्य राख्दै 'राम्रो नगर, हाम्रो नगर' बनाउन सबै लागिपर्नुपर्नेमा जोड दिँदै शुभकामना मन्तव्य व्यक्त गरेका थिए। सहायक निर्वाचन अधिकृत दीपेन्द्रनाथ योगीको स्वागत मन्तव्यबाट शुरु भएको कार्यक्रमको सञ्चालन जिल्ला अदालतका रूपेश रानाले गर्नुभएको थियो।

यस्तै पञ्चदेवल विनायक नगरपालिकाका निर्वाचित जन प्रतिनिधिहरुको शपथ तथा प्रदभार ग्रहण कार्यक्रम पनि सम्पन्न भएको छ। नगरपालिकाका निर्वाचन अधिकृत हिरण्यप्रसाद भण्डारीको अध्यक्षतामा भएको कार्यक्रममा नवनिर्वाचित नगरपालि प्रमुख देवराज देवकवोटा, उपप्रमुख अम्बिका चलाउनेलगायत विभिन्न वडाका वडा अध्यक्ष, वडा सदस्यहरुले पद तथा गोपनीयताको शपथ लिनुभएको हो। कार्यक्रममा नेपाली कांग्रेसका नगर सभापति खेमराज अधिकारी, नेकपा एमालेका नगर संयोजक टेकबहादुर शाही, नेकपा माओवादी केन्द्रका नगर संयोजक प्रकाश नेपालीलगायतले बधाई मन्तव्य राखेका थिए। कार्यक्रमको सञ्चालन नगरपालिकाका सूचना अधिकारी रामबहादुर भण्डारीले गर्नुभएको थियो। यस्तै नेकपा एमाले साँफेबगर नगरपालिका वडा नं. १४ पातालकोटको विजयोत्सव कार्यक्रम सम्पन्न भएको छ। नगर कमिटी सदस्य रामकृष्ण जोशीको अध्यक्षतमा भएको कार्यक्रममा प्रमुख अतिथि एमाले प्रदेश नं. ७ का प्रदेश कमिटी सहकारी विभाग सदस्य एवं खुला सदस्यमा विजयी उम्मेदवार ध्वजबहादुर खड्का रहनुभएको थियो।



### जनप्रतिनिधिको ध्यान यता पनि जाओस्

## कुकुर र मान्छेले खाने मासु सँगै

गुणस्तरहीन मासु बिक्री गर्नेलाई स्थानीय शासन ऐन २०५५ अनुसार न्यूनतम २ हजारदेखि १५ हजार रुपियाँसम्म जरिवाना गर्न सक्ने व्यवस्था रहेको छ। अनुगमन टोलीका सदस्य भेटनरी गुणस्तर तथा औषधि व्यवस्थापन कार्यालयका पशु चिकित्सक डा. शशि डंगोलले अयोग्य मासुमा इकोला, साल्मोनेला, कम्पाइलोब्याक्टर, बरुसोलोसिसलगायतका जीवाणु भेटिने भन्दै त्यस्तो मासु ख्याल गरेर किन्न आग्रह गर्नुभयो।

प्रशान्त वली

काठमाडौं। बजारमा बेच्न राखिएको अधिकांश मासु गुणस्तरहीन रहेको पाइएको छ। आपूर्ति व्यवस्थापन तथा उपभोक्ता हित संरक्षण विभागको नेतृत्वमा काठमाडौंका बानेश्वर, शंखमूललगायतका स्थानमा भएको बजार अनुगमनका क्रममा मासु बिक्री-वितरण वैज्ञानिक तवरबाट नभएको खुल्न आएको हो।

फ्रिजमा लामो समयदेखि राखेको, फरक-फरक प्रकृतिका मासु वर्गीकरण नगरेर एउटै भाँडोमा राखेको र वधशालाको उपयुक्त व्यवस्था नगरिएको पाइएको हो।

गुणस्तरहीन मासु बिक्री गरेको भन्दै केही मासु पसलहरूबाट ३ किलो मासु र लेबल नराखेको मसलासमेत नष्ट गरिएको छ। अनुगमन टोलीका संयोजक एवं विभागका मूल्य विश्लेषण शाखा अधिकृत लोकबहादुर कार्कीले अनुगमनलाई प्रभावकारी बनाउन योजना बनाएर अघि बढ्ने बताउनुभयो।

अनुगमनका क्रममा मरेको कुखुराको मासु बिक्रीका लागि राखेको, सडेको मासुबाट ससेज बनाएको तथा खाद्य अनुज्ञापत्रसमेत नलिएको भेटिएको थियो। कुकुरलाई खुवाउने मासु र मान्छेले खाने मासु एउटै फ्रिजमा सँगै राखिएकोसमेत फेला परेको थियो।

उपभोक्ता अधिकार अनुसन्धान मञ्चका सदस्य दर्शन आचार्यले बजारमा गुणस्तरहीन खाद्य वस्तुको बिगबिगी बढेको भन्दै त्यसलाई नियन्त्रण गर्न नियमित बजार अनुगमन र स्वयं व्यक्ति सचेत हुनुपर्ने बताउनुभयो। उपभोक्ता अधिकारमाथि खेलवाड गर्नेमाथि कडा कारबाही हुनुपर्नेमा समेत उहाँले जोड दिनुभयो।

गुणस्तरहीन मासु बिक्री गर्नेलाई स्थानीय शासन ऐन २०५५ अनुसार न्यूनतम २ हजारदेखि १५ हजार रुपियाँसम्म जरिवाना गर्न सक्ने व्यवस्था रहेको छ। अनुगमन टोलीका सदस्य भेटनरी गुणस्तर तथा औषधि व्यवस्थापन कार्यालयका पशु चिकित्सक डा. शशि डंगोलले अयोग्य मासुमा इकोला, साल्मोनेला, कम्पाइलोब्याक्टर, बरुसोलोसिसलगायतका जीवाणु भेटिने भन्दै त्यस्तो मासु ख्याल गरेर किन्न आग्रह गर्नुभयो।

मासु खरिद गर्दा हरियो र कालोजस्तो देखिने, च्यापच्याप लाग्ने र दुर्गन्ध आउने मासु खरिद नगर्न पशु चिकित्सक डा. डंगोलले सुझाउनुभएको छ। यस सम्बन्धमा सरकारी निकायको अतिरिक्त नवनिर्वाचित स्थानीय प्रतिनिधिहरुले पनि ध्यान दिएमा अनुगमन प्रक्रिया अझ सुदृढ हुन्थ्यो कि ?

# श्रद्धा र आयुषको रोमान्स



तुलसी घिमिरेको पछिल्लो फिल्म *दर्पण छाया २* बाट रजतपटमा देखिएकी नायिका एवं मोडल श्रद्धा प्रसाईंले मोडल आयुष रेग्मीसँग रोमान्स गरेकी छिन्। श्रद्धाले *किन किन* बोलको एक गीतको म्युजिक भिडियोका लागि आयुषसँग रोमान्स गरेकी हुन्।

म्युजिक भिडियोको निर्देशन कोरियोग्राफर कविराज गहतराजको मुख्य सहायक निर्देशक भई काम गर्दै आएका शिशिर खातीले गरेका छन्। 'सिनेम्याटिक हिसाबले राम्रो देखाउने गरी यो भिडियो बनाएको छु। जुन प्रयासलाई दर्शकले रुचाइदिनुहुन्छ भन्ने विश्वास गरेको छु' -खाती भन्छन्। त्यसै गरी श्रद्धाले म्युजिक भिडियोको अनुभवबाट अभिनय क्षमता वृद्धि हुने भएकाले अफर आएका म्युजिक भिडियोहरूमा काम गरिरहेको बताइन्। म्युजिक भिडियोको छायांकन सन्तरंज सुवालले गरेका छन्।

सार्वजनिक म्युजिक भिडियोमा मनीष विश्वकर्माको एकल स्वर र संगीत रहेको छ।

# आलियाले भेटिनन् पागल बनाउने केटा



बलिउड नायिका आलिया भट्ट पछिल्लोपटक फिल्म *बद्रीनाथकी दुल्हनिया* रिलिजपश्चात बलिउडबाट ३ महिनासम्म हराइन्। हाल भने उनी एकैसाथ ३ फिल्म लिएर बलिउडमा फर्केकी छिन्।

बलिउड नगरीको यो छोटो छुट्टीको समयमा उनी विभिन्न प्रकारका नृत्य सिकिरहेकी थिइन् भने विभिन्न ठाउँको यात्रामा पनि थिइन्। एक भारतीय अनलाइनका अनुसार पछिल्लोपटक स्वास्थ्यमा ध्यान दिइरहेकी उनी हाल कागतीपानी र खिचडीको साथ अबेर रातसम्म सुटिङको तयारीमा व्यस्त हुन थालेकी छिन्। आलिया निकै सहजताको साथ यो कुरा स्वीकार्छिन् कि दुई वर्षअघि उनी जस्तो देखिन्थिन्, अहिले त्योभन्दा निकै फरक छिन्। उनी सुखी र खुसी देखिन्छिन्। उनी आफ्नो खानामा नुन र चिनीको मात्रा उचित रूपमा लिन्छिन्। मोटोपनको अनुभवलाई वर्षौं अगाडि छोड्दै यी २४ वर्षीया स्टाइल आइकन आफ्नो खानपानमा सुधार ल्याएकोमा निकै खुसी छिन्।

त्यसो त बलिउड नायिकाहरू प्रेम र रोमान्सका विषयमा निकै चर्चामा आउने गर्छन्। उनको कुरा भने भिन्न छ। उनले भनेकी छिन्- 'मेरो विश्वास गर्नुहोस् यस्तो कोही पनि केटा छैनन्। जसका लागि म पागल होऊँ।'

# चण्डिका मिस एसईई

*मिस एसईई २०१७* को ताज चण्डिका थापा मगरले पहिरिएकी छन्। सेन्टर मिडिया प्वाइन्टले राजधानीमा आयोजना गरेको छैटौं संस्करणको यो प्रतियोगितामा चण्डिका १७ प्रतिस्पर्धीलाई पछि पार्दै विजयी भएकी हुन्।

प्रतियोगितामा स्नेहा वाइबा *फस्ट* र कल्पना बुढामगर *सेकेन्ड रनर्सअप* र भएका छन्। प्रतीक्षा सुवेदी *मिस लिडरसिप*, प्रन्ना राई *बेस्ट हेयर*, कोपिला अधिकारी *बेस्ट स्माइल* र श्रुति थापा क्षत्री *मिस सोसल वर्क* भए। १८ जना युवतीले अन्तिम स्पर्धामा सहभागी जनाएको कार्यक्रममा मञ्जिता श्रेष्ठ *मिस बब्ली*, सेलिमी राई *भिवर्स च्वाइस*, श्रीषा खाती *बेस्ट वाक*, प्रियंका बुढाथोकी *मिस पंचुअल*, स्नेहा वाइबा *फोटो जेनिक*, अनिशा गुरुङ *मिस पपुलर*, मेलिना राई *बेस्ट ड्रेस*, इच्छा लिम्बु *बेस्ट कम्फिडेन्ट*, अनु थिङ *पर्सनालिटी*, सिरपा हाडा *मिस डिसिप्लिन*, प्रजिता मोक्तन *मिस फ्रेन्डसिप*, बिभु हुमागाईं *मिस ट्यालेन्ट* र कल्पना बुढामगर *हाइस्कोर* घोषित भए।

प्रतियोगितामा *मिस तामाङ २०१६* उर्मिला लामा, *मिस एसएलसी २०१५* वर्षा महर्जन, साइपल एकेडेमीका निरञ्जन चापागाईं, तेजविक्रम शाही र सिटिभी मोबाइलका किसन राई अलाइभ ग्लाइडर निर्णायक थिए।



स्वस्थ जीवनशैली अपनाउने प्रतिबद्धता गरौं, निरोगी बनौं

मेरो वर्ष २०७४
म स्वस्थ - मेरो देश स्वस्थ

मेरा ५ प्रतिबद्धता, स्वस्थ जीवनको आवश्यकता

- म रक्सी, चुरोट र सुर्तीजन्य पदार्थ खान्न
- म नियमित व्यायाम गर्छु
- म स्वस्थ र पोषिलो खाना खान्छु
- म नियमित स्वास्थ्य परिक्षण गराउँछु
- म मेरो परिवार र समुदायको स्वास्थ प्रति सजग रहन्छु



५ प्रतिबद्धताका फाइदाहरु:

- जीवनशैलीमा सुधार भई मधुमेह, मुटुरोग, क्यान्सर र दिर्घ स्वासप्रस्वास रोग जस्ता नसर्ने रोगहरु लाग्ने जोखिम कम हुने
- यी रोगहरुको प्रारम्भिक चरणमै पहिचान तथा उपचार गर्न सकिने
- भविष्यमा विकरालरुप लिन सक्ने रोगहरुबाट बच्न सकिने साथै ती रोगहरुको उपचारमा लाग्ने आर्थिक भार कम हुने
- व्यक्ति, परिवार र समुदाय स्वस्थ, सुखी, खुसी भई समृद्ध रहने

आफ्नो स्वास्थ्य सम्बन्धी जानकारी तथा ज्ञानका लागि मेरो वर्षको App " Mero Barsa" Play store र App store बाट डाउनलोड गर्नुहोस् ।

नेपाल सरकार
स्वास्थ्य मन्त्रालय

कामनाको हरेक अंक विशेष अंक

यस अंकका आकर्षणहरू:




सर्वत्र बजारमा उपलब्ध छ

**दीपक दीपाले किन लिएनन् अवार्ड?**

यस वर्षको अवार्डको खाता खोल्दै सम्पन्न एनएफडीसी नेसनल फिल्म अवार्ड २०७३ मा छक्का पञ्जाको नाममा सर्वोत्कृष्ट फिल्म, निर्देशक, अभिनेतृसहित ५ विधाको अवार्ड घोषणा भयो। तर दीपकराज गिरी, दीपाश्री निरौलालगायत छक्का पञ्जाको नाममा अवार्ड घोषणा हुनुअगाडि नै कार्यक्रमस्थलबाट बाहिरिए, किन? विशेष रिपोर्ट।

**प्रियंकाद्वारा खुलमखुला चुम्बन गरेर प्रेम प्रदर्शन**

एनएफडीसी नेसनल फिल्म अवार्ड २०७३ मा हलिउड बलिउड शैली अपनाउँदै नायिका प्रियंका कार्कीले सर्वोत्कृष्ट नायिकाको अवार्ड जितेको उन्मादमा आफ्ना प्रेमी नवनायक आयुष्मान जोशीलाई आफ्नो र उनको आमाका साथमा सबैका सामु भरिभराउ हलमा अधरमै चुम्बन गरिदिइन्। रोचक रिपोर्ट।

**वर्तमान संगीत : कसैको नजरमा उर्वर, कसैको अनुभवमा दयनीय**

वर्तमान संगीत क्षेत्रलाई नियाल्ने क्रममा सम्बन्धित संगीतकर्मीमध्ये नै कसैले यसलाई उर्वर पाएका छन् भने कतिपयको अनुभवमा दयनीय अवस्था पनि देखिएको छ। खासमा के छ नेपाली संगीतको वर्तमान अवस्था? संगीतकर्मीकै अनुभवमा विशेष रिपोर्ट।

**८९/१० फिल्म सफल**

नेपाली फिल्मको निर्माण र प्रदर्शनमा व्यापक वृद्धि भए पनि असफल फिल्मको बाढी उर्लंदै गएको छ। झन्डै ९० फिल्म रिलिज भएको बजारमा मुस्किलले १ दर्जन फिल्मले मात्र व्यापारिक सफलता हासिल गरेको पाइएको छ। के कति कारणले फिल्मको व्यापारमा ह्रास आइरहेको छ? व्यापारिक समीक्षा।

**रंगमञ्चबाट रजतपटमा**

कुनै बेला रंगमञ्चीय कलाकार फिल्मका लागि उपयुक्त हुँदैनन् भन्ने मानिन्थ्यो। तर अहिलेको फिल्म क्षेत्र लगभग रंगमञ्चबाट आएकै कलाकारको भरथेगमा अगाडि बढिरहेको छ। पुरानै कुरा सम्झिने हो भने पनि नेपालमा फिल्म निर्माण आरम्भ हुँदा निर्माण भएको आमामा शीर्ष भूमिकमा निर्वाह गर्ने अभिनेतृ चैत्यदेवी र सोही फिल्ममा नायिकाको भूमिका निर्वाह गर्ने भुवन थापा (चन्द) पनि रंगमञ्चबाट फिल्ममा आएका थिए। कसरी धानिरहेका छन्, रंगमञ्चका कलाकारले फिल्म क्षेत्र? विस्तृत रिपोर्ट।

**मारवाडी समुदायबाट मिस नेपाल**

मिस वर्ल्डजस्तो अन्तर्राष्ट्रिय सौन्दर्य प्रतियोगितामा प्रमुख उपाधि चयन गर्ने व्यवस्थालाई पछ्याउँदै एक जनाबाहेक फाइनलमा पुगेका बाँकी ६ जना प्रतिस्पर्धीको कानमा बाहिरको आवाज सुन्न नसकिने एयरफोन लगाउन लगाई सोधिएको प्रश्नमा तार्किक जवाफ दिँदै उर्लाबारी, मोरङकी मारवाडी समुदायबाट निकिता चाण्डकले यसपालिको मिस नेपालको ताज कसरी चुमिन्? विस्तृत रिपोर्ट।

**साथमा**

बलिउडसम्म छाउँदै अदिती, कलाक्षेत्रको वर्ष दिन, फेरिँदै फेसन शैली, सेलिब्रेटी राज : आमा भए पनि उमेर बढे पनि उस्तै, पिताको चार उपहार शाहरुखलाई ठूलो पाठ, यसरी हुन्छ मिस युनिभर्स। फोवीलाई फिल्मबाट पछुतो, ज्याकी चान हङकङदेखि हलिउडसम्म, कलाक्षेत्रले गुमाएका कलाकर्मीहरू ।

**तथा**

नियमित स्तम्भहरू सम्पादकीय, समाचार, हलिउड बलिउड, पेटारो र हुइयाँ

आफ्नो प्रति समयमै सुरक्षित गर्नुहोस्।

# विचार

तपाईंले जीवनमा गर्न सक्ने सबभन्दा ठूलो गल्ती हो- गल्ती होला कि भनी डराएर कुनै प्रयास नगर्नु।
-अल्बर्ट हुवार्ड

प्रत्येक दिन जीव मृत्युको मुखमा गैरहेका छन् तर बाँकी मान्छे अमर हुन चाहन्छन्, यसभन्दा बढी आश्चर्य के हुन्छ ?
-महाभारत

## सम्पादकीय

नेपाल समाचारपत्र NEPAL SAMACHARPATRA

# निर्वाचन कानुन छिटो बनाऊ

प्रदेश नम्बर २ बाहेक स्थानीय तहको निर्वाचन सम्पन्न भैसकेको छ । स्थानीय निर्वाचन हुन बाँकी प्रदेश नम्बर २ मा पनि निर्वाचनको लागि असोज २ गतेको मिति तय भैसकेको छ। संविधान कार्यान्वयनको मुख्य पाटो स्थानीय तहको निर्वाचनसँगै प्रदेश र संघीय तहको निर्वाचन गर्नुपर्नेछ। यो दुई तहको निर्वाचन पनि निश्चित अवधिभित्र गरिसक्नुपर्नेछ । संविधानअनुसार यो व्यवस्थापिका संसद्को म्याद २०७४ माघ ७ गते सम्म मात्र छ। सरकारले यो अवधिभित्रै निर्वाचन सम्पन्न गरिसक्ने बताए पनि निर्वाचनको लागि कानुन निर्माण भने अझै गर्न सकेको छ।

निर्वाचन आयोगले सरकारलाई प्रदेशसभा सदस्यको निर्वाचन असोजको अन्तिम हप्तामा र प्रतिनिधिसभाको निर्वाचन मंसिरको पहिलो हप्ता गर्नु उपयुक्त हुने सल्लाह दिएको छ। अझ राष्ट्रिय सभाको निर्वाचन पनि यही अवधिमा गरिसक्नुपर्नेछ। प्रधानमन्त्री शेरबहादुर देउवाले पनि आगामी मंसिरसम्म निर्वाचन सम्पन्न गरी संविधान कार्यान्वयन गर्ने बताउँदै आउनुभएको छ । तर यसको लागि अत्यावश्यक रहेको कानुन निर्माण तथा निर्वाचन क्षेत्र निर्धारणमा ढिलाइ भैरहेको छ । प्रदेशसभाको निर्वाचनको लागि सबैभन्दा पहिले संविधानले निर्दिष्ट गरेको १ सय ६५ संख्यामा क्षेत्र निर्धारण गर्नुपर्छ । निर्वाचन आयोगले निर्वाचन क्षेत्र निर्धारण आयोगको प्रतिवेदन साउन १५ गतेसम्म उपलब्ध हुनुपर्ने जनाइरहेको छ। तर हालसम्म पनि निर्वाचन क्षेत्र निर्धारण आयोग गठन भएको छैन ।  निर्वाचन आयोगले प्रदेशसभा र प्रतिनिधिसभा निर्वाचन ऐन भने यही असार मसान्तसम्म प्राप्त हुनुपर्ने बताइरहेको छ ।

संविधान कार्यान्वयनको लागि निश्चित समयसीमाभित्र निर्वाचन गर्नुपर्ने अनिवार्य भए पनि प्रदेशसभाको निर्वाचन, प्रतिनिधिसभाको निर्वाचन तथा राष्ट्रिय सभाको निर्वाचनको लागि अत्यावश्यक कानुनहरु निर्माणमा भैरहेको ढिलाइले शुभसंकेत गरेको देखिँदैन। साथै मतदाता नामावलीसम्बन्धी ऐनमा परिमार्जन नभएमा दुई वर्षअघि दर्ता भएका मतदाताले मात्र आगामी निर्वाचनमा सहभागी हुने मौका पाउनेछन् । जसको कारण मतदानका लागि उमेर पुगेका थुप्रै मतदाता मतदान गर्नबाट वञ्चित हुनेछन् । स्थानीय तहको निर्वाचन नै अझै बाँकी रहेको अवस्थामा क्षेत्र निर्धारण आयोग गठन गर्नुका साथै निर्वाचनको लागि अत्यावश्यक कानुन छिटोभन्दा छिटो निर्माण गरी चुनावी प्रक्रियालाई अघि बढाउन ढिलाइ गर्नुहुँदैन ।

**लेखकहरूलाई अनुरोध**

१००० शब्दसम्मका उत्कृष्ट लेख-रचना एवम् छोटा पाठक-पत्रहरू निम्न ठेगानामा पठाउनुहुन अनुरोध गरिन्छ।
email : samacharpatrac@gmail.com, lekh_rachana@yahoo.com

# व्यावहारिकताको कसीमा अन्योलपूर्ण निर्णय



**नूतनधर शर्मा**

> सडक चौडा पार्ने सरकारी निर्णय गरिँदा पनि नेवार जनजातिका कतिपय परम्परागत कुलस्थान, कुलदेवतास्थान जबरजस्ती हटाउने कार्य भएको थियो। यसबाट नेवार जनजातिको कुलायन पूजा-विधान सम्पन्न गर्ने सांस्कृतिक अधिकारको बिलकुलै अनादर गरियो। उनीहरूले कुलस्थानबाट बसाइँ सर्दा तथा कुलदेवताको स्थान परिवर्तन गर्दा गर्नुपर्ने कुलायन पूजा-विधान सम्पन्न गर्ने अवसर नै पाएनन्।

'सानालाई ऐन ठूलालाई चैन' भन्ने नेपाली उखान नेवार जनजातिमा पनि चरितार्थ हुने गरेको पाइन्छ। काठमाडौं उपत्यकालगायतका नेवार आदिवासी जनजातीय क्षेत्रमा स्थानीय निकायको निर्वाचन सम्पन भैइसकेको अवस्थामा यस्ता खाले विगतका ऐन-कानुनहरूले पारेको दुस्प्रभावबारे पुनर्मूल्यांकन गर्ने बेला आएको छ। हालसालै नेपाल सरकारले छोराछोरीले आफ्नो कमाइको १० प्रतिशत भाग आमाबाबुलाई दिनुपर्ने भन्ने निर्णय गरेको छ। यो निर्णयले नेपालका कतिपय समुदायहरूमा सकारात्मक असर ल्याउने सम्भावना रहे तापनि नेवार जनजातीय समुदायमा यस निर्णयले अन्योल उब्जाउने काम गरेको छ।

नेवार समाज संयुक्त परिवारको समाज हो। नेवार जनजातीय समाजमा बाजे, बाबु, काका, दाजुभाइहरूको संयुक्त परिवारको प्रचलन छ। परिवारको थकाली (ज्येष्ठ व्यक्ति) जीवित रहेसम्म उनको सम्मानमा परिवारको सबै सम्पत्ति उनैको अधिकारमा दिइएको हुन्छ। दाजुभाइ, छोराछोरीको संयुक्त व्यापारको कमाइ होस् वा अन्य एकलौटी कमाइ होस्, सबै अर्जित सम्पत्ति संयुक्त ढुकुटीमा उनैको संरक्षणमा जम्मा गरिने गरिन्छ। यस प्रकार जम्मा गरिएको सम्पत्ति प्रायः उनको शेषको वर्ष दिनपछि क्रियाकर्म सकाएर दाजुभाइमा भागवण्डा गरिने प्रचलन छ। बाबु हुन्जेल छोरा, नाति र पनातिमा अंशवण्डा गरिने प्रचलन प्रायः छैन। सबै सम्पत्ति ज्येष्ठ व्यक्तिको नाममा भइसकेपछि उनलाई छोराछोरीको कमाइको १० प्रतिशत दिनुपर्ने भन्ने निर्णयको कुनै तुक छैन। यसले सो समाजमा अन्योल मात्रै थपेको छ। यस्ता सरकारी निर्णयले नेवार जनजातिको सामाजिक संरचनामा समस्या ल्याउने काम गरेको देखिन्छ।

यस्तै खाले समस्या गतमहाभूकम्पको बेलामा गरिएको एक सरकारी निर्णयले पनि पारेको थियो। सरकारले दुई घर भएका परिवारलाई भूकम्पपीडित सुविधा उपलब्ध नगराउने निर्णयले नेवार जनजातिका संयुक्त परिवारलाई मर्का पारेको थियो। नेवार जनजातीय समाजमा चार-पाँच परिवारको संयुक्त सम्पत्तिमा दुई-तीन घर हुनु आवश्यक पनि हुन्छ। किनकि ४-५ परिवार एकै घरभित्र अटाउँदैनन्। भुइँचालोमा पुरानो घर भत्कियो, बासस्थान गुम्यो तर दुई घरको नियमले कतिपय संयुक्त परिवारको उठिवास भयो। ती परिवारले सरकारी सुविधा पाएनन्। तिनीहरू अझै एकै घरमा वा अस्थायी टहरोमा असभ्य तथा अस्वस्थ तवरले बसोबास गर्न बाध्य छन्।

अर्को अन्योलपूर्ण सरकारी निर्णय सवारी साधन हाँक्दा मादक पदार्थ सेवनमाथिको कारबाहीमा शून्य सहनशीलता हो। नेवार जनजातिमा सवारीसाधन खरिद गरेलगत्तै विश्वकर्मा पूजा गरी सो सवारीसाधनमा बलि दिई रक्सीसहितको सगुन लिएर मात्रै सो सवारीसाधन चलाउने परम्परा छ। रक्सीको सगुन भनेको मात्तिएर पिउने परम्परा होइन। सानो एक पेगभन्दा कम मात्रामा घरकी महिला मूलीको हातबाट सगुनको रूपमा ग्रहण गर्ने परम्परा मात्र हो। नेवार सांस्कृतिक परम्पराविरुद्ध सो नियम ल्याइएको थियो। यसबारे निकै विवाद भए। कतिपय जनजातिका व्यक्तिहरूका लागि कानुन पालनको देशभक्तिपूर्ण कर्तव्य र आ-आफ्ना संस्कृति पालनाको कर्तव्यमा एकको चयन गर्नुपर्ने नमीठो स्थिति खडा भयो। ठूला संख्यामा सवारीचालकहरू मापसेमा पक्राउमा परे। कसले कुन पक्षलाई सम्झाउने ? विवाद कायमै छ। देशकै जनजातीय सांस्कृतिक परम्पराको खिल्ली उडाउने गरी ल्याइएको सो कानुन लागू गर्नुअघि विज्ञ मानवशास्त्रीहरूसँग पनि सल्लाह लिइएको भए यस्तो स्थिति बन्ने थिएन।

त्यसो भन्दैमा यस लेखमा लेखक मादक पदार्थ सेवन गरी सवारी चलाउन हुन्छ भन्ने पक्षमा छैन। तर शून्य सहनशीलता पनि ठीक थिएन भन्ने चर्चालाई पनि गलत ठहऱ्याउन सकिन्न भन्ने मनसायको अभिव्यक्ति मात्र यस लेखमा गरिएको हो। थोरै मात्रामा सगुनको रूपमा रक्सी सेवन गरेकालाई मादक पदार्थ सेवनको मापनबाट छुट दिँदा युनेस्को प्रदत्त विश्वव्यापी सांस्कृतिक मानवअधिकारको हननको स्थितिबाट जोगाउँछ भन्ने कुरा बुझ्न कुनै ठूलो तर्कको आवश्यकता नै छैन। उल्लेखनीय छ- विश्वका अधिकांश देशमा निश्चित मात्रासम्म मादकपदार्थ सेवन गरी सवारीसाधन चलाउन पाइने कानुनी व्यवस्था छ।

काठमाडौं उपत्यकाका सडक चौडा पार्ने सरकारी निर्णय गरिँदा पनि नेवार जनजातिका कतिपय परम्परागत कुलस्थान, कुलदेवतास्थान जबरजस्ती हटाउने कार्य भएको थियो। यसबाट नेवार जनजातिको कुलायन पूजा-विधान सम्पन्न गर्ने सांस्कृतिक अधिकारको बिलकुलै अनादर गरियो। उनीहरूले कुलस्थानबाट बसाइँ सर्दा तथा कुलदेवताको स्थान परिवर्तन गर्दा गर्नुपर्ने कुलायन पूजा-विधान सम्पन्न गर्ने अवसर नै पाएनन्। त्यस्तो कुनै अवसर नै नदिई ती कुलदेवता स्थान र आफ्ना आदिस्थानबाट उनीहरू हटाइए। त्यसै त आफ्नो बासस्थान छोड्दा पीडा हुन्छ नै, त्यसमाथि पूजा-विधान सम्पन्न गर्न नपाएका धर्मभीरुको अवस्था गरुडको अगाडि परेका नागको जस्तै थियो। यसको पनि चर्को विरोध भएको थियो। सरकारले तिनीहरूको कुल विधान सम्पन्न गर्ने अवसर दिएर सो निर्णय लागू गर्नुपर्ने थियो भन्ने भनाइ सहजरूपमा लिन सकिन्छ, जुन त्यस बखत लिइएन।

यस पटकको स्थानीय चुनावको बेला प्रत्येक वडा क्षेत्रमा खस-आर्य जातिभित्रका कथित दलित एक-एक महिला उम्मेदवार उठाउनुपर्ने बाध्यकारी कानुनी प्रावधानले पनि नेवार जनजातिका कपाली, पोडे, च्यामे, कुलु, डोँ आदि जातिमाथि अन्याय भएको छ। नेवार जनजाति समुदायमा ती कपाली, पोडे, च्यामे, कुलु, डोँ जातिलाई दलितको रूपमा सामाजिक भेद्भाव गरिँदैन। किनकि उनीहरू स्वेच्छाका कारण कथित उच्च नेवार जातिका घरमा प्रवेश नगरेका मात्रै हुन्। कपाली जातिले आफू कनफट्टा जोगी भई घरगृहस्थी त्यागेको कुलका हुँदा अन्य गृहस्थीको घरमा स्वेच्छाले प्रवेश नगरेका मात्र हुन्। त्यसैको देखासिकीमा च्यामे, पोडे आदि जातिका सदस्यहरू पनि आफू फोहोरमैलामा कार्यरत भइरहनुपर्ने हुँदा स्वेच्छाले कथित उच्च जातिका घरमा फोहोरमैला नसार्ने उद्देश्यले प्रवेश नगरेका मात्र हुन्। उनीहरूले खस-आर्य तथा भारतीय समाजका दलितझैं नगर सीमाभन्दा बाहिर बस्नुपर्ने बाध्यकारी नियम नेवार समाजमा छैन। कपाली जातिकाहरू त बस्तीको मध्यभागमै बस्ने गरेको पाइन्छ।

विदेशी मानवशास्त्रीहरू काठमाडौं उपत्यकाको यस्तो व्यवस्था देखेर आश्चर्यचकित हुन्छन्। तर नेपालको पुरानो मुलुकी ऐनमा उनीहरूलाई खस-आर्य समुदायका कथित दलित दमाईं, कामीभन्दा तल्लो जातको दर्जामा समावेश गरी महादलित बनाइएका थिए। ती सामाजिक व्यवस्थामा दलित नमानिएका तर देशको कानुनले दलितमा पारिएका महिलाहरूलाई भने सरकार तथा राजनीतिक दलहरूले दलित निर्वाचन कोटामा पार्न बिर्सेका देखिन्छन्। सरकारले यस मुद्दालाई जातीय विभेदको रूपमा लिएर यसको पनि निराकरण गर्नुपर्ने देखिन्छ। नेवार जनजातिका ती उल्लिखित महादलित जातिहरूलाई पनि खस-आर्य समुदायका दमाईं, कामीलगायतका दलित जातिले पाएसरहको क्षतिपूर्ति पाउने अधिकारबाट वञ्चित गर्न मिल्ने देखिन्न।

नेवार जनजाति गुठी व्यवस्थामा आधारित जनजाति हो। सरकार तथा गुठी संस्थानका के-कस्ता नियम तथा कानुनले उनीहरूको गुठी व्यवस्थाको पतन भयो ? त्यसको चर्चा यहाँ गरिरहनु नपर्ला। नेवार भाषालाई पतनोन्मुख अवस्थामा पुऱ्याउन विगतमा के-कस्ता कानुनी अत्याचार भए ? त्यसको पनि लेखाजोखा गर्ने बेला अब आइसकेको छ। किनकि हालको संविधानले नेपालीबाहेक अन्य जातिका लागि पनि भाषिका तथा सांस्कृतिक अधिकार प्रदान गरेको छ। देशको अबको स्थानीय, संघीय तथा केन्द्रीय सरकारले यस्ता समस्यामाथि विचार पुऱ्याएर देशका आदिवासी जनजातिको पनि सांस्कृतिक तथा भाषिक अधिकारको संरक्षण गर्न ढिलाइ गर्न हुन्न भन्ने आवाजविहीनहरूको आवाज मात्रै यहाँ पोख्न खोजिएको हो।

## पाठक पत्र

### दाङका विद्यार्थीको बाध्यात्मक आन्दोलन

शिक्षा मौलिक हक हो भनेर नीतिमा लेखिएका कुराहरु सरकार किन पूरा गर्दैन ? हामी चाहन्छौं, आमनेपालीका पढ्ने उमेर भएका छोराछोरीले सहज तरिकाले पढ्नलेख्न पाउन कुनै कारणले वञ्चित नहून्। शैक्षिक आन्दोलनलाई अग्रगति दिलाउन विद्यार्थी संगठनको भूमिका अहं हुन्छ। जिल्लाका शैक्षिक समस्यालाई समाधान गर्न र विद्यार्थीका माग सम्बोधन गराउन विद्यार्थी संगठन जिल्लामा कटिबद्ध भएर लागेको सबैलाई सर्वविदित नै छ। शैक्षिक माफियाका कारण शिक्षाक्षेत्र दिन प्रतिदिन महँगो बन्दै गएको छ। वर्तमान शिक्षा प्रणाली हुनेखानेको लागि मात्रै भएको महसुस सबैले गरेका छौं।

दाङमा शैक्षिक क्षेत्रको विकास र प्रवर्द्धनका लागि ठोस गुरुयोजना बन्न नसक्दा शिक्षाक्षेत्रमा भ्रष्टाचार मौलाएको छ। त्यति मात्रै होइन, शिक्षाक्षेत्र पहुँचवालाको मैदान बनेको छ। के गरिब र निमुखाका छोराछोरी पढ्नबाट वञ्चित हुनुपर्ने ? के हुनेखानेले मात्रै पढ्ने भन्ने लेखेको छ कहीँ ? विद्यार्थीलाई भविष्यको कर्णधार मानिए पनि विद्यार्थीमाथि किन आघात पर्ने कार्य गरिरहेको छ सरोकारवाला निकाय ? मौलिक हकमै भनिएको छ शिक्षा निःशुल्क हुनुपर्छ भनेर।

कक्षा १२ सम्म विद्यार्थीलाई कुनै पनि बहानामा शुल्क नलिन सर्वोच्च अदालतले समेत आदेश दिइसकेको छ। विद्यार्थी संगठन र शिक्षा मन्त्रालयबीच लिखित सहमति पनि भएको छ। तर विडम्बना, जिल्लाका विद्यालयहरुले विभिन्न बहानामा शुल्क असुलिरहेका छन्। कुनै एउटा विद्यालयमा कुनै कक्षामा भर्ना भएपछि फेरि अर्को कक्षामा गएर पनि भर्ना हुनुपर्ने नियम लादिएको छ। कुनै एउटा विद्यालयको त्यही कक्षाको फी कम र अर्को विद्यालयको फी बढी छ। खोई त समान शुल्क ? विद्यार्थीले एसएलसीको सर्टिफिकेट निकाल्दासमेत शुल्क तिर्न बाध्य भएका गुनासा छन्।

विद्यार्थीले पुस्तक समयमा पाउँदैनन्। शिक्षकहरु नियमित आउँदैनन् विद्यालयमा। शिक्षण पेसा गर्नेहरु अन्य कार्यमा व्यस्त हुन्छन्। सामुदायिक विद्यालयहरुले समेत शुल्क लिन्छन्। किन यस्तो लापरबाही भइरहेको छ शिक्षामा ? विद्यार्थीलाई यातायातका सवारीसाधनमा ४५ प्रतिशत छुट दिने भनिए पनि कार्यान्वयन भएको छैन। अझै अवैधरुपमा दर्ता नगरी विद्यालयहरुले पठनपाठन सञ्चालन गरिरहेका छन्। के ती विद्यालयमा पढेका विद्यार्थीको भविष्य संस्थागत गर्न जिल्ला शिक्षा कार्यालय तयार छ ? जिल्लामा सामुदायिक विद्यालयहरुले अंग्रेजी माध्यमको बहानामा विद्यार्थीबाट चर्को शुल्क लिएको हामीले छर्लङ्गै देखेका छौं। सरकारी विद्यालयले निःशुल्क शिक्षा कार्यान्वयन किन नगरेको ?

हो, सबै विद्यार्थीले एउटै शुल्कमा पढ्न र लेख्न पाउनुपर्छ। शिक्षा ग्रहण गर्ने कुराबाट वञ्चित हुनुहुँदैन। गरिबीका कारण पढ्न नपाएका विद्यार्थी सबैले पढ्न पाउने अधिकारबाट वञ्चित गर्दैनौं भनेर गोष्ठीमा नारा लगाउने तर ती बालबालिकाहरु व्यवहारतः कामदारको रुपमा प्रयोग हुने प्रवृत्तिको अन्त्य किन हुन सकेन ? शिक्षाक्षेत्रलाई द्रुत गति दिन र शिक्षाक्षेत्रको स्तरोन्नतिका लागि भनेर हामी विद्यार्थी संगठनहरुले पटक-पटक जिल्ला शिक्षा, स्थानीय प्रशासनसँग मौखिक र लिखित आग्रह गर्दा पनि सुनुवाइ भएन।

केही समयपहिले विद्यार्थी संगठनसहित सरोकारवालाको उपस्थितिमा भएका ८ बुदें सहमति तीन महिना बितिसक्दा पनि कुनै बुँदाको कार्यान्वयनको चरण नै शुरु भएन। हामीले जिल्ला शिक्षा अधिकारीको कार्यकक्षमा विद्यार्थीका जायज माग सम्बोधन गर्न भनी दबाबस्वरुप ताला लगायौं, तर प्रहरी प्रशासनको सहयोगमा उक्त ताला फोड्ने काम भयो। हो, विद्यार्थीका मागहरु तत्काल सम्बोधन गर्न भनेर लगाइएको ताला फोडेपछि र विद्यार्थीका शैक्षिक मागहरु सम्बोधनका लागि जिल्ला शिक्षा संवेदनशील नभएपछि हामी बाध्य भएर शैक्षिक संस्था बन्द गर्ने अवस्थामा पुगेका हौं। यो हाम्रो रहर होइन, बाध्यात्मक परिस्थितिको उपज हो। यो अमुक व्यक्तिको आन्दोलन होइन, दाङका सम्पूर्ण विद्यार्थी र अभिभावकसँग जोडिएको बाध्यात्मक आन्दोलन हो।

*- रमा केसी, दाङ*
*हाल : थानकोट, काठमाडौं*

### कुरा यस्तो हो

उपरोक्त सम्बन्धमा २०७४ असार २१ गते नेपाल समाचारपत्र दैनिकको पृष्ठ ५ मा प्रकाशित 'महानगरपालिकामा छाडातन्त्र, मान्दै मान्दिन के गर्छौ ?' शीर्षकको समाचारप्रति हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ। जसमा नगरप्रहरीका केही कर्मचारीले तास खेलेको विषयमा कारबाही गर्न नमानी स्पष्टीकरणको पत्र च्यातेको भन्ने विषयमा प्रकाशित समाचार कपोलकल्पित र दुराशययुक्त देखिन्छ।

किनकि सो विषयमा स्पष्टीकरण सोधिसकेको र सम्बन्धित नगरप्रहरी कर्मचारीले त्यसको जवाफ प्रशासन विभागमा बुझाइसकेको छ। यससम्बन्धमा अन्तिम कारबाहीको लागि नगरप्रहरी नियमावलीको विनियम ७३(१) र (३) बमोजिम कार्यकारी अधिकृत आफैं वा सम्बन्धित नगरप्रहरी कर्मचारीलाई जाँचबुझ गरी प्रतिवेदन पेस गर्न लगाउने प्रावधान भएको र त्यससँग सम्बन्धित पत्र कामपा प्रशासन विभागको च.नं. २७३४ मिति २०७४ असार २० गते प्राप्त भइसकेकोमा समकक्षी डीएसपी विष्णुप्रसाद जोशी आफैंले कार्यकारी अधिकृतको विभागीय कारबाही गर्ने अधिकारलाई कानुनबाहिर गई प्रयोग गर्न खोजेकोले सो नगर्न प्रशासनका प्रमुखलाई अनुरोध गर्दा डीएसपी जोशीलाई 'यिनलाई मेरो कोठाबाट बाहिर निकाल्न' आदेश गर्नुका साथै अपशब्द पनि बोलिएकाले सरकारी काममा निजी घरायसी शब्द प्रयोग नगर्न अनुरोध गरिएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

*- राजुनाथ पाण्डे, नगरप्रहरी नायब उपरीक्षक*
*र दिनेशकुमार अर्याल, नगरप्रहरी नायब उपरीक्षक*
*काठमाडौं महानगरपालिका*

### स्रोतप्रति हामी विश्वस्त छौं

समाचार सार्वजनिक भइसकेपछि यहाँहरुलाई परेको अप्ठ्यारोप्रति हाम्रो सहानुभूति छ। भनाभन भएको कुरा यहाँहरुले पत्रमा स्वीकार पनि गरिसक्नुभएकाले धेरै कुरा उल्लेख गर्न परेन।  हामी हाम्रो स्रोतप्रति विश्वस्त रहेको यहाँहरुलाई जानकारी गराउन चाहन्छौं।

*- ईश्वरराज ढकाल, संवाददाता*

## सामाजिक सञ्जाल



रूलिङ नगरे पनि भारत भ्रमणबारे परराष्ट्रमन्त्री र बाढी-पहिरोबारे गृहमन्त्रीले संसद्लाई जानकारी गराउनुभयो। संसद्प्रति सबै उत्तरदायी बनौं।

**Onasari Gharti**
**@SpeakerofNepal**



हिन्दूवादीलाई मुस्लिमले पत्याए। जातिवादीलाई त झन् डाँडै कटाए। कतै मौनता घटाए, कतै भ्रम बढाए। कसले भन्छ समाज फुकिढल छ ? जीवन्त छौं हामी।

**Narayan Amrit**
**@amritna**



ट्यांकीमा ग्यास आयात गरी पाइपबाट आपूर्ति गर्न फारू हुँदैन। बंगलादेशले प्राकृतिक ग्याससमा यो विधि हटाउँदै छ। जापानको भन्दा उनीहरूको अनुभव उपयोगी होला।

**Bharat Paudyal**
**@PaudyalBR**

२०७४, असार
बिहीबार
२२

नेपाल फिलाटेलिक सोसाइटीको स्वर्ण महोत्सवको अवसरमा हुलाक वस्तुमा नेपाली मुद्रा तथा नेपाली नोटहरूको संयुक्त प्रदर्शन हुने भएको छ।

# नेपाल

## संक्षेप

### राजधानीमा चोरी बढ्यो

काठमाडौं, (नेस)

कोटेश्वर बस्ने अमृता शर्माको घर अगाडिबाट हाल नम्बर नखुलेको नीलो पल्सर मोटर साइकलमा आएका अपरिचित २ जनाले शर्माले लगाएको २ तोलाको सुनको सिक्री बुधबार लुटी बालकुमारीतर्फ फरार भएका छन्।

यसै गरी काठमाडौं महानगरपालिका-१० बानेश्वरस्थित सुवास श्रेष्ठको घरमा रहेको बुधबार साप्ताहिक पत्रिकाको कार्यालयबाट करिव २० हजार रुपियाँ मूल्य बराबरको ल्यापटप तथा सोही घरमा रहेको पीपलवृक्ष वचत तथा सहकारी संस्थाबाट करिव ३३ हजार रुपियाँ मूल्य बराबरको सीपीयू २ थान र मनिटर ३ थान गरी करिव ५३ हजार रुपियाँ बराबरको धनमाल मंगलबार चोरी भएको छ।

### ट्रकको ठक्करबाट मृत्यु

काठमाडौं, (नेस)

काठमाडौं महानगरपालिका-१४ बल्खुस्थित सडकमा ना२ख ३४३८ नम्बरको ट्रकले बा२प ३९७८ नम्बरको मोटरसाइकललाई बुधबार ठक्कर दिंदा भएको दुर्घटनामा गम्भीर घाइते भएकी मोटरसाइकलमा सवार काठमाडौं बुद्धनगर बस्ने स्याङ्जाकी भगवती थापाको बल्खुस्थित वयोधा अस्पतालमा उपचारको क्रममा मृत्यु भएको छ। उक्त ट्रक र मोटरसाइकलका चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ।

## आईएईएका महानिर्देशक अमानो नेपालमा

टीका बन्धन, काठमाडौं

अन्तर्राष्ट्रिय आणविक ऊर्जा एजेन्सी (आईएईए) महानिर्देशक युकिया अमानो ५ दिने नेपाल भ्रमणका सिलसिलामा बुधबार काठमाडौं आइपुग्नुभएको छ।

आईएईएले नेपाललाई पुऱ्याउन सक्ने सहयोग र नेपालले विकिरण (रेडियोधर्मी पदार्थ) बाट लिन सक्ने सम्भावित लाभका बारेमा उच्चस्तरीय भेटवार्ता र द्विपक्षीय छलफलका लागि उहँ नेपाल आउनुभएको हो। यही सिलसिलामा संयुक्त राष्ट्र संघका महासचिवपछिको दोस्रो वरियताका अमानोले बुधबार प्रधानमन्त्री शेरबहादुर देउवा, उपप्रधान एवं परराष्ट्रमन्त्री कृष्णबहादुर महरा, शहरी विकासमन्त्री प्रभु साहसँग छुटाछुट्टै भेटवार्ता गर्नुभएको छ।

आईएईए विकिरण (रेडियोधर्मी पदार्थ) को प्रयोग, व्यवस्थापन, त्यस्तो पदार्थ र प्रविधि एक अर्को मुलुकमा हुने ओसारपसार र त्यसका लागि आवश्यक पर्ने कानुन नियमन गर्ने सर्वोच्च निकाय हो। महानिर्देशक अमानोसँगको भेटवार्तामा प्रधानमन्त्री देउवा र अन्य मन्त्रीहरूले आईएईएले नेपाललाई पुऱ्याउँदै आएको सहयोगको प्रशंसा गर्नुभएको थियो। मुस्ताङमा पहिचान भएको युरेनियम भण्डारबाट नेपालले लिन सक्ने सम्भावित लाभका बारेमा भने उच्चस्तरीय भेटवार्तामा विस्तृत छलफल भने हुन नसकेको परराष्ट्र मन्त्रालय निकट स्रोतले जनाएको छ। प्रधानमन्त्री र मन्त्रीहरूले आणविक ऊर्जाका सम्बन्धमा प्रष्ट नीतिगत व्यवस्था गरेर अगाडि बढ्न नेपाल तत्पर रहेको महासचिव अमानोलाई बताए पनि नेपालले यसबारेको कानुन बनाउन सकेको छैन। अष्ट्रियाको भियनामा मुख्यालय रहेको आईएईएको सदस्यता नेपालले सन् २००८ मा पाएको हो। त्यसयता सो निकायको आर्थिक तथा प्राविधिक सहयोगमा नेपालमा स्वास्थ्य, कृषि, शिक्षा, पुनर्निर्माण जस्ता विषयका ३० भन्दा बढी परियोजना सञ्चालनमा छन्।

क्यान्सर रोग पहिचान र निदानका लागि भरतपुरको क्यान्सर र काठमाडौंको वीर अस्पताललाई सो निकायले करोडौं मूल्यका उपकरण प्रदान गरेको छ भने नेपाली जनशक्तिलाई तालिमसमेत प्रदान गर्दै आएको छ। त्यसै गरी नेपाल कृषि अनुसन्धान परिषद् (नार्क) लाई विकिरणको प्रभाव रहित गुणस्तरीय बीउ उत्पादन र भण्डारणका लागि समेत सहयोग उपलब्ध गराएको छ। यससँगै भौतिक संरचना निर्माणपछिको गुणस्तर र मापदण्ड पहिचान गर्न सघाउ पुऱ्याउने 'नन डिस्ट्रक्टिभ टेस्टिङ' विधि नेपालले सोही निकायको आर्थिक र प्राविधिक सहयोगमा शुरु गर्ने तयारी गरेको छ। नेपालको विकिरणको मात्रा र विकिरणले जनस्वास्थ्यमा पुऱ्याउन सक्ने सम्भावित जोखिमको अवस्था पत्ता लगाउनसमेत सो निकायले करिव ५ करोड २७ लाख रुपियाँको सहयोग गरेको छ।

तर, रेडियोधर्मीबारेको प्रस्ट कानुन बनाउन नसक्दा नेपालले यथोचित लाभ लिन नसककेको यस विषयका जानकारहरू बताउँछन्। 'मुस्ताङमा युरेनियम खानी पत्ता लाग्यो भनेर मात्र हुँदैन, अन्य मुलुकलाई निर्यात गर्ने हैसियत र प्रस्ट कानुन पनि नेपालले तयार गर्न सक्नुपर्छ' -यस विषयका एक विज्ञले नेपाल समाचारपत्रसँग भने। आईएईएका महानिर्देशक अमानोको अहिलेको भ्रमणले प्रत्यक्ष/अप्रत्यक्ष रेडियोधर्मीबारेको कानुन बनाउन दबाब दिने ती अधिकारीको विश्वास छ। महानिर्देशक अमानोले आज बिहीबार स्वास्थ्य मन्त्रालय र नार्कका उच्च अधिकारीहरूसँग पनि भेटवार्ता गर्दै हुनुहुन्छ। त्यसै गरी बिहीबार साँझ अमानोसहित आईएईएका प्रतिनिधि र परराष्ट्र मन्त्रालयका अधिकारीहरू बीच द्विपक्षीय भेटवार्ता हुने बताइएको छ।

## ७ किलो ट्युमर निकालियो

काठमाडौं, (नेस)

१० वर्षीया बालिकाको पेटमा ७ किलोको ट्युमर पलाएको भन्दा अविश्वास लाग्न सक्छ। तर, त्यही ७ किलोको ट्युमर बोकेर बसेकी प्यूठानकी १० वर्षीया बालिका सिला नेपालीको कान्ति बाल अस्पतालले अपरेसन गरी उक्त ट्युमर फ्याँकिदिएको छ। सानो उमेरदेखि नै पेटमा ट्युमर बोकेर बस्न बाध्य भएकी नेपालीको ३ घण्टाको लामो प्रयासपछि ट्युमर निकाल्न सफल भएको कान्ति अस्पतालका बाल शल्यचिकित्सक प्राडा आरपी चौधरीले जानकारी दिनुभयो। पेटमा पछाडि भागबाट पलाएको ट्युमरलाई निकालिएको अस्पतालले जानकारी दिएको छ।

पेटमा हुने ट्युमरमध्येको यस्तो खालको ट्युमर १ सय जनामध्ये दुई जनामा मात्र हुन्छ, २५ किलो तौल भएकी उनको पेटमा ७ किलोको ट्युमर थियो, सो शल्यक्रिया जोखिमपूर्ण र जटिल थियो, अहिले उक्त मासुको जाँच गर्न पठाइएको छ, क्यान्सरको पनि जोखिम भएकाले मासुको रिपोर्टमा बाँकी उपचार निर्भर रहेको रहेको डा. चौधरीले जानकारी दिनुभयो।

हरेक वर्ष कान्ति बाल अस्पतालमा करिब ३० बालबालिकाको ट्युमरको शल्यक्रिया हुने भए पनि आफ्नो चिकित्सकीय अनुभवमा १० वर्षको बच्चाको ७ किलोको ट्युमरको शल्यक्रिया पहिलोपटक भएको डा. चौधरीले बताउनुभयो।

## स्वर्ण महोत्सवमा नोट प्रदर्शनी

काठमाडौं, (नेस)

नेपाल फिलाटेलिक सोसाइटीको स्वर्ण महोत्सवको अवसरमा हुलाक वस्तुमा नेपाली मुद्रा तथा नेपाली नोटहरूको संयुक्त प्रदर्शन हुने भएको छ। फिलानुएक्स २०१७ नाम दिइएको उक्त कार्यक्रम नेपालमा पहिलोपटक आयोजना गर्न लागिएको हो। असार २३ देखि ३ दिनसम्म चल्ने यस कार्यक्रममा संकलन गरिएका ७० फ्रेम हुलाक वस्तुमा नेपाली मुद्रा तथा नेपाली नोटहरूको संयुक्त प्रदर्शनी गरिने नेपाल फिलाटेलिक सोसाइटीका अध्यक्ष शंकर श्रेष्ठले बताउनुभयो। करिब २५ जना संकलकले सहभागिता जनाउने यस कार्यक्रममा प्रत्येक फ्रेम ए-फोर साइजका १६ पाना बराबरको हुनेछ। प्रवेश निःशुल्क गरिएको यस कार्यक्रम बबरमहलस्थित नेपाल कला परिषद्को सभाकक्षमा आयोजना हुनेछ।

## बजेटमाथि छलफल जारी

### बुधबार सात मन्त्रालयको बजेटमाथि छलफल

नेपाल समाचारपत्र

काठमाडौं

व्यवस्थापिका संसद्मा दोस्रो दिन बुधबार विभिन्न ७ वटा मन्त्रालयअन्तर्गत विनियोजित बजेटमाथि छलफल भएको छ।

छलफलको दोस्रो दिन परराष्ट्र, संघीय मामिला तथा स्थानीय विकास, आपूर्ति, उद्योग, ऊर्जा, कृषि विकास तथा खानेपानी तथा सरसफाई मन्त्रालयअन्तर्गत विभिन्न शीर्षकमा छुट्याइएको बजेटबारे छलफल भएको हो। छलफलमा बुधबार २७ जना सांसदले आ-आफनो धारणा राख्नुभएको थियो।

जलस्रोतमा धनी भएर पनि विद्युत् उत्पादन प्रर्याप्त नहुँदा अहिले पनि अधिकांश ठाउँमा लोडसेडिङ कायम रहेको आरोप सांसदहरूले लगाउनुभएको थियो। उहाँहरूले लोडसेडिङ अन्त्यका लागि सरकारले ठोस कदम चाल्नुपर्ने बताउनुभयो।

त्यस्तै सांसदहरूले युवाहरूलाई देशभित्रै रोजगार दिने कार्यक्रम दिन सरकार असफल भएको आरोप लगाउँदै कृषिलाई आधुनिकीकरण गरी युवाहरूलाई आकर्षित गर्ने कार्यक्रम ल्याउन सरकारलाई सुझाव दिनुभयो।

बजेट निर्धारणका क्रममा आफ्ना दलका सांसद् र क्षेत्रका लागि बढी रकम विनियोजन गरेको आरोप लगाउँदै प्रतिपक्षी दलका सांसदहरूले विकास निर्माणमा कम रकम खर्च भएकोप्रति सरकारको ध्यानाकर्षण गराउनुभएको थियो।

बैठकमा सांसद्ले यही असार मसान्तसम्म ८० प्रतिशत पुँजीगत खर्च हुन नसक्ने जिकिर गर्नुभयो। उहाँहरूले रोजगारी बढाउने उद्देश्यले उद्योग मन्त्रालयअन्तर्गतका निकायले उद्यमशीलताको विकासको योजनालाई प्रभावकारी बनाउनुपर्नेमा जोड दिनुभयो। छलफलमा सांसद् भरत खड्का, अमृतकुमार बोहरा, हरिबोल गजुरेल, भाष्कर भद्रा, छायाँ शर्मा पन्त, गीता क्षत्री, शिवचन्द्र चौधरीलगायतले भाग लिनुभएको थियो। बैठक बिहीबार ११ बजे पुनः बस्नेछ।

## विपद् पीडितलाई राहत दिने काम तीव्र : गृहमन्त्री

नेपाल समाचारपत्र

काठमाडौं

गृहमन्त्री जनार्दन शर्माले मुलुकका विभिन्न भागमा हालै भएका प्राकृतिक विपद्का घटनामा पीडितहरूलाई राहत दिने काम तीव्ररूपमा भइरहेको बताउनुभएको छ। व्यवस्थापिका संसद् बैठकमा बोल्दै मन्त्री शर्माले जनताको खोज, उद्धार र राहतमा सरकारले तीव्ररूपमा काम गर्दै आएको जानकारी दिनुभएको छ।

विपद् व्यवस्थापनलाई आगामी दिनमा अझ प्रभावकारी बनाउने सम्बन्धमा मन्त्रालयले आवश्यक नयाँ कानुन निर्माण र संशोधनका लागि गृहकार्य गरिरहेको जानकारीसमेत दिनुभयो। गृहमन्त्री शर्माले असार १३ गतेदेखि आएको अविरल वर्षाका कारण बाढी, पहिरो, डुबान र चट्याङबाट मुलुकभर हालसम्म १५ जनाको मृत्यु, सात बेपत्ता र ५ घाइते भएको जानकारी गराउनुभएको छ।

उहाँले सरकारले विपद्मा परी घाइते भएकाको निःशुल्क उपचारको व्यवस्था गर्नुका साथै जिल्लास्थित दैवी प्रकोप उद्धार समितिसँग आवश्यक समन्वय र परिचालन गरी राहत र उद्धारलाई प्रभावकारी बनाइएको बताउनुभयो।


नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
**सडक विभाग**
**योजना तथा डिजाईन महाशाखा**
**सडक सुरक्षा तथा ट्राफिक शाखा**
**बोलपत्र स्विकृत गर्ने आशयको सूचना**
(प्रकाशित : मिति २०७४।०३।२२)

यस शाखाबाट मिति २०७४/०१/०७गतेको नेपाल समाचार पत्रमाप्रकाशित बोलपत्र आह्वानको सूचना र मिति २०७४/०२/२७ गते को अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिकमा प्रकाशित दरभाउपत्र आह्वानको सूचना अनुसार पर्न आएको बोलपत्रहरु तथा दरभाउपत्रहरुमध्ये तपशील बमोजिमको बोलपत्र/दरभाउपत्र सारभूत रुपमा प्रभावग्राही देखिएकोले सम्बन्धित सबैको जानकारीको लागि सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) बमोजिम यो सूचना जारी गरिएको छ।

| ठेक्का नं. | कम्पनी/फर्म | कबोल रकम (भ्याट बाहेक) |
|---|---|---|
| DOR/RSTU/337331/073/074/004 | श्री हिमदुङ्ग एण्ड थोकर कन्स्ट्रक्सन प्रा.लि.,धापासी, काठमाडौं। | रु.३,०६,६९,६३९।५० |
| DOR/RSTU/337331/073/074/006 | श्री आर.बि मेटल उद्योग, ललितपुर। | रु.१३,५९,२८८।०० |

**शाखा प्रमुख**



**भावपूर्ण श्रद्धाञ्जली**



जन्मः
वि.सं. २०१३ आषाढ १३ गते

स्वर्गारोहणः
वि.सं. २०७४ आषाढ १० गते

**स्व. मेघनाथ पाध्या**

हाम्रा सहकर्मी श्री मिन प्रसाद गौतमको पुजनिय पिता **मेघनाथ पाध्या**को स्वर्गारोहण भएको १३ औं दिनको पूण्यतिथिमा दिवंगत आत्माको चिर शान्तिको कामना गर्दै शोक सन्तप्त परिवारजन प्रति भावपूर्ण समवेदना प्रकट गर्दछौं।

**सिद्धार्थ बैंक परिवार**
Siddhartha Bank



**सूची दर्ता गर्ने बारे सूचना**

**प्रकाशित मिति : २०७४/०३/२२**

यस संस्था लाई आ.ब. २०७४/०७५ को लागि आवश्यक पर्ने तपसिल बमोजिमका कार्य तथा सेवाहरू प्रदान गर्न आयकर र मूल्य अभिवृद्धि करमा दर्ता भएका सम्बन्धित इच्छुक फर्म, कम्पनी वा व्यक्तिले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र यस कार्यालयको तपसिल बमोजिमको ठेगानामा सूची दर्ता गराउन हुन यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

१. स्टेशनरी सामानहरू (मसलन्द तथा विविध) आपूर्ति
२. छपाई (प्रिन्टीङ/प्रेस)
३. फर्निचर, फर्निसिङ सामाग्री साथै मर्मत
४. कम्प्यूटर, ल्यापटप, प्रिन्टर, फोटोकपी मेशिन, फ्याक्स मेशिन, यू.पी.एस., Generator, Air condition, नेटवर्किङ, टेलिफोन र अन्य इलेक्ट्रिक सामानहरूको आपूर्ति तथा मर्मत र तिनका पार्ट पुर्जाहरू
५. बिजुलीका सामानहरू
६. विज्ञापन एजेन्सी, श्रव्यदृश्य साधन
७. सभा, सम्मेलन तथा गोष्ठीहरूको व्यवस्थापन तथा आवश्यक सामान आपूर्ति
८. परामर्शदाता वा सेवा प्रदायक
९. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय हवाई टिकट तथा भाडामा सवारी साधन (जीप, भ्यान र बस) उपलब्ध गराउने सम्बन्धी सेवा (ट्राभल एजेन्सी)

**निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु**

१. अद्यावधिक नविकरण भएको फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपि।
२. आयकर र मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्रको प्रतिलिपि।
३. आ.व.२०७२/०७३ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि।

रित नपुगी र म्याद नाघी आएको निवेदनलाई मान्यता दिइने छैन। प्राप्त निवेदनहरू स्विकृत गर्ने नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहने छ। सूची दर्ताको लागि विवरण भर्ने फाराम संस्थाको वेभसाइट (www.herd.org.np) मा उपलब्ध रहेकोले डाउनलोड गरी अनिवार्य रूपमा भर्नुपर्ने छ।

**ठेगाना**
स्वास्थ्य अनुसन्धान तथा सामाजिक विकास मञ्च (HERD)
थापाथली, काठमाडौं, नेपाल।
फोन नं.: ४२३८०४५, ४१०२०७२, फ्याक्स नं. ४१०२०१६
पो.ब.नं. २४१३३, www.herd.org.np



**सिनेमा कर्नर**

TODAY'S MOVIES
Tubelight 8:20, 11:20 2:20, 5:20
रातो घर 8:20, 11:20 2:20, 5:20
Raabta 8:20, 11:20 2:20, 5:20
Kidnap 8:20, 11:20 2:20, 5:20
तारेभिर 8:20, 11:20 2:20, 5:20
लाल्टीन 8:20, 11:20 2:20, 5:20
पर्व 8:20, 11:20 2:20, 5:20

Gopi Krishna Movies
Dolby Dogital, DTS Surround Sound
Luxurious & Pushback Seats
Extraordinary Picture Quality
Comfort Lounge
Comfy Cabins Serving Food on order
Massage Chair
Children's Corner
Coffee Joints
Rhythm Room
In-Theatre Advertising




Booking: 4812393/4812409

**Guna Cinema**
एकै छानामुनी ८ सिनेमा हल

Tubelight
तारेभिर
कमीना
लाल्टिन
Karkhana
रातो घर




Information SMS "smscinema" to 4862 or Dial 01618015 202777
Show Time 9:00, 12:00, 3:00, 6:00

**गंगा चलचित्र मन्दिर**
2 in 1 बालाजु, काठमाडौं, फोन नं. ९८५१०३०४६२, ९८४१६८०२०६




**माउन्ट मकालु यातायात सेवा**
काठमाडौं-बिर्तामोड-ताप्लेजुङ
प्रस्थान दिउँसो २ बजे
केन्द्रीय कार्यालय, कलंकी
सम्पर्क फोन : ४२७७५५२, ४२७९६१३


## आजको राशि

ज्यो. चन्द्रेश शर्मा

**मेष** : रोग बल्झिने सम्भावना, थालेको काम अधुरो, व्यर्थमा धन खर्च।
**वृष** : जीवनसाथीसँगको सम्बन्ध प्रगाढ हुँदा लाभ, समस्या समाधान।
**मिथुन** : धन प्राप्ति, प्रतिस्पर्धीमाथि विजय, पढाइमा सफलता।
**कर्कट** : कार्य सफल, लगानीको प्रतिफल प्राप्ति, इष्टमित्रबाट सहयोग।
**सिंह** : अपच, झाडापखालाको सम्भावना, दिनचर्या अस्तव्यस्त, तनाव।
**कन्या** : आर्थिक लाभ, प्रतिष्ठा वृद्धि, सम्मानित हुने सम्भावना।
**तुला** : धन-सम्पत्ति प्राप्ति, बौद्धिक क्षमता वृद्धि, सुख-सन्तोषको अनुभूति।
**वृश्चिक** : खाद्यान्न-मिष्ठान्न भोजन, उपहारादि वस्तु पाइने सम्भावना।
**धनु** : खर्च, धनहानि, चोटपटकको सम्भावना, काममा बाधा-व्यवधान।
**मकर** : कसैबाट केही पाइने सम्भावना, इष्टमित्रबाट सहयोग, सन्तोष।
**कुम्भ** : आनन्दको महसुस, गरेका कामबाट आत्मसन्तुष्टि एवं लाभ।
**मीन** : राज्यका तर्फबाट फाइदा, मान-प्रतिष्ठा वृद्धि, बोलीको कदर।

# नेपाल

पीडितहरूले बाढी नियन्त्रणका लागि दीर्घकालीन उपाय खोज्न सरकारसँग माग गरेका छन्। यता, स्थानीय प्रशासनले बाढीले विभिन्न खोलाका भत्काइएका तटबन्ध मर्मत कार्य शुरू गरेको जनाएको छ। यस कार्यमा नेपाल प्रहरी र सशस्त्र प्रहरी साथै सेनाको सहयोगसमेत लिएको छ।

## सप्तरीमा बाढीको प्रभाव जारी

### प्रभावित क्षेत्रका विद्यालय एक साताका लागि बन्द

**शिवहरिप्रसाद भट्टराई, राजविराज**



अविरल वर्षाका कारण आएको बाढीले एक दर्जनभन्दा बढी गाविसका १ हजार ५ सय घर डुबानमा परे पनि हालसम्म खोलालाई नियन्त्रण गर्न नसकिएका कारण जनजीवन कष्टकर भएको छ।

शुक्रबार रातभरको वर्षापछि विभिन्न खोला र नदीमा आएको बाढीले सप्तरीको विभिन्न गाउँपालिका र नगरपालिकाको झन्डै १ हजार ५ सय घर डुबानमा पारेको थियो। शनिबार, आइतबार र सोमबार मौसम सफा भएपछि विभिन्न संघसंस्थाले तत्कालीन राहत सामग्री लिएर पीडित परिवारको घरघर पुगेका थिए। बाढीले घरबार गुमाएकाहरू थोरै रूपमा पाएको चिउरा, भुजा, चाउचाउ, बिस्कुटभन्दा पनि मौसम सफा भएकोमा केही राहत महसुस गरेका थिए।

तर, मंगलबारदेखि पुनः शुरू भएको अविरल वर्षाले फेरि पनि उनीहरूलाई बिचल्ली बनाएको छ। एक साताभित्रै दोस्रो पटक बाढीले भयावह अवस्था पारेपछि पीडितहरूमा थप त्रास फैलिएको छ। वर्षाले बुधबार पनि निरन्तरता पाउँदा खाडो, जिता, बलान, महुली, दुधैला, सुन्दरीलगायतका खोला र नदीमा आएको बाढीले राजविराज नगरपालिकाको वडा नं. २, ९ र १० का साथै तिलाठी, पकरी, मैनाकडेरी, लौनियाँ, मलेठ, सकरपुरा, रम्पुरा मल्हनियाँ, रूपनी, बसविट्टी, लोखरमलगायत एक दर्जन गाविसका अधिकांश भू-भाग फेरि डुबानमा परेका छन्।

गाउँमा बाढी पसेकाले ४ फिटसम्म पानी जमेको छ। बाढीबाट सर्वाधिक प्रभावित तिलाठीको वडा नम्बर, २, ३, ४, ८ र ९ वडामा ९० घर डुबानमा परेका छन्। त्यहाँ केही आफन्तको शरणमा पुगेका छन् भने कोही मौसम सफा हुने आशामा घर नजिककैको उच्च स्थानमा कष्टपूर्ण जीवन बिताइरहेका छन्।

बाढीले तिलाठीस्थित भन्सार, प्रहरी पोस्ट र राजविराजस्थित गजेन्द्रनारायण सिंह औद्योगिक क्षेत्रलगायतको कार्यालयसमेत जलमग्न बनाएको छ। त्यस्तै महुली खोलाको बाढीले जिल्लाको त्रिकोल र भेडिया तथा दुधैला खोलाको बाढीले रूपनी र वीरेन्द्रबजारका ५ दर्जन घर डुबानमा पारेको छ। लोखरममा घरघरमा बाढीको पानी पसेको छ भने राष्ट्रिय प्राथमिक विद्यालयको खेल मैदान निर्माणका लागि जम्मा गरिएको २० ट्याक्टर माटो र बालुवा बगाएको छ।

घरभित्र बाढी पस्दा तिलाठी वडा नम्बर २, ३, ४, ८ र ९ का २४ परिवार अन्नपात र भाँडाकुँडा छाडेर विस्थापित हुन पुगेका छन्। सो वडाका केही भने अन्नपात र गाईगोरु लिएर सुरक्षित स्थान खोज्दै बस्तीबाट बाहिरिएको तिलाठी गाउँका देवनारायण यादवले बताए। बाढीले तिलाठी खण्डमा एक सय मिटर सडक कटान गर्दा राजविराज-कुनौली सडक खण्डको आवतजावत अवरुद्ध बनेको छ।

उक्त गाउँका सबै विद्यालय एक साताका लागि बन्द गरिएको छ। उक्त गाउँमा निजी तथा सरकारी गरी ७ वटा विद्यालय छन्। बाढीले जिल्लाको अधिकांश भूभाग जलमग्न बनाउँदा सयौं बिघा जग्गामा लगाइएको अन्नबाली नष्ट भएको पीडित कृषकहरूले बताएका छन्। पीडितहरूले बाढी नियन्त्रणका लागि दीर्घकालीन उपाय खोज्न सरकारसँग माग गरेका छन्। यता, स्थानीय प्रशासनले बाढीले विभिन्न खोलाका भत्काइएका तटबन्ध मर्मत कार्य शुरू गरेको जनाएको छ। यस कार्यमा नेपाल प्रहरी र सशस्त्र प्रहरी साथै सेनाको सहयोगसमेत लिएको छ।

जिल्ला दैवी प्रकोप उद्धार समितिका अध्यक्षसमेत रहेका प्रमुख जिल्ला अधिकारी कृष्णबहादुर कटुवालले बुधबार पनि बाढी प्रभावित क्षेत्रको अनुगमन गर्नुभएको छ। सो क्रममा उहाँले बाढी नियन्त्रणका लागि भइरहेको कामहरू अध्ययन गर्नुका साथै कार्यलाई तीव्रता प्रदान गर्न निर्देशन दिनुभएको थियो। उहाँले बाढीबाट हुने क्षति न्यूनीकरण र पीडितको राहत तथा उद्धारलगायतका कार्यमा स्रोतसाधनले भ्याएसम्म आफूले काम गरिरहेको जनाउनुभएको छ।

## पर्सामा दश जना नयाँ डेंगुका बिरामी फेला परे

**कृष्णउदास खनाल, वीरगन्ज**

पर्सामा चालू आर्थिक वर्षमा पर्सामा १० जना डेंगुका नयाँ बिरामी फेला परेको बताइएको छ।

खास गरी कीराको संक्रमणबाट फैलिने डेंगु तथा चिकेनगुनियाका १० बिरामी फेला परेका जिल्ला जनस्वास्थ्य कार्यालय, पर्साले जानकारी दिएको हो। जनस्वास्थ्य अधिकृत अमलेश्वर मिश्रले ठीक समयमा रोग नियन्त्रण गर्न सकिएन भने ठूलो महामारीको रूप लिन सक्ने चिन्ता जनाएका छन्।

जनस्वास्थ्य कार्यालयसहित अन्य निजी कार्यालयहरूको सहयोगमा गरिएको परीक्षणका आधारमा पर्सामा डेंगुका नयाँ बिरामी फेला परेको उनले बताए। कीराको टोकाइबाट लाग्ने यो रोगमा ज्वरो आउने, टाउको दुख्ने, शरीरमा बिमिरा आउने लक्षण देखा पर्छ। नारायणी उपक्षेत्रीय अस्पताल वीरगन्जका मेडिकल सुपरिटेन्डेन्ट डा. चित्तरञ्जन साहले रोग नियन्त्रणका लागि सबै सचेत हुनुपर्नेमा जोड दिए। उनले लामखुट्टेबाट बच्न समेत सबैलाई आग्रह गरेका छन्।

नारायणी उपक्षेत्रीय अस्पताल वीरगन्ज, नेसनल मेडिकल कलेज, पोखरिया अस्पताल, एडभान्स, कृष्णा, भवानी, वीरगन्ज हेल्थकेयर, गण्डक अस्पताललगायत ८ वटा अस्पतालका व्यवस्थापन पक्षका पदाधिकारी र ल्याबबाट एक जना गरी एउटा अस्पतालबाट दुई जनाको सहभागितामा परीक्षण गर्दा उक्त रोगका बिरामीहरू फेला परेको जनस्वास्थ्य अधिकृत राजकिशोर प्रसादले बताए।

## २५ लाख बराबरको जग्गा दान

लमजुङ, (नेस)

लमजुङको क्व्होलासोंथर गाउँपालिका-४, भुजुङ निवासी सोही वडाका अध्यक्ष खिमबहादुर गुरुङले स्वास्थ्य चौकीलाई ५ रोपनी जग्गा प्रदान गर्नुभएको छ। उक्त जग्गा स्वास्थ्य चौकीका नाउँमा मालपोत कार्यालय लमजुङमा आएर रजिस्ट्रेसन पास गरिदिनुभएको छ। सो जग्गाको स्थानीय मूल्य २५ लाख रुपियाँ पर्ने स्थानीयको भनाइ छ।

स्वास्थ्य चौकीको भवन निर्माणका लागि धेरै अघिदेखि जग्गाको पहल भएकोमा त्यो नहुँदा भवन निर्माण कार्य प्रभावित भएको स्वास्थ्य चोकीका इन्चार्ज दीपेन्द्र राईले बताउनुभयो। 'अब वडा अध्यक्ष गुरुङले जग्गा प्रदान गर्नुभएपछि स्वास्थ्य चौकीको भवन निर्माण कार्य अघि बढ्नेछ। यसले हामीलाई धेरै खुसी बनाएको छ' -राईले भन्नुभयो। जग्गादाता गुरुङ स्वास्थ्य चौकी व्यवस्थापन समितिका अध्यक्षसमेत हुनुहुन्छ। विगतका २४ वर्षदेखि सञ्चालित स्वास्थ्य चौकीको आफ्नै जग्गा र भवन नभएको अवस्थाले दुःखी थियौं, त्यसैले आफैंले जग्गा दान गरेको गुरुङले बताउनुभयो। उहाँले स्वास्थ्य चौकीको जग्गा नभएको र गाउँलेको सेवाका लागि जग्गा प्रदान गरेको बताउनुभयो।

अहिलेसम्म गाउँकै स्व. मनकुमारी गुरुङको खेतमा सामान्य भवन बनाएर स्वास्थ्य चौकी सञ्चालन गर्दै आएको छ। उहाँलाई एक कार्यक्रमको आयोजना गरी बेंसीशहरमा धन्यवाद ज्ञापन गरिएको छ। समाजसेवी क्या. मिलबहादुर गुरुङले स्वास्थ्यचौकीको आफ्नै जग्गा भएपछि स्थानीय खुसी भएको बताउनुभयो। जग्गा र भवन बनेपछि नागरिकलाई थप सहज हुने उहाँको भनाइ छ। स्वास्थ्य चौकीको आफ्नै जग्गा भएपछि स्वास्थ्य चौकी परिवारले वडाअध्यक्ष गुरुङलाई धन्यवाद ज्ञापन गरेको हो।

कार्यक्रममा वडाअध्यक्ष पित्रमान गुरुङ, त्रिभुवन माविका प्रधानाध्यापक खेमराज खतिवडा, स्थानीय अमरजंग गुरुङ, जिता स्वास्थ्य चौकीका दीपक राना, पत्रकार महासंघका जिल्ला अध्यक्ष आश गुरुङसहितको उपस्थिति थियो। जग्गादाता वडाअध्यक्ष खिमबहादुर गुरुङलाई जिल्ला जनस्वास्थ्य कार्यालयका प्रमुख वरिष्ठ जनस्वास्थ्य अधिकृत दुर्गादत्त चापागाईंले धन्यवाद ज्ञापन गर्नुभएको भुजुङ स्वास्थ्य चौकीका इन्चार्ज दीपेन्द्र राईले जानकारी दिनुभयो

## वर्गीकृत डिस्प्ले

बोरिङ्ग इनारको रातो पहेलो पानीलाई शुद्ध र सफा गरिन्छ।
जलपादेवी वाटर सोलुशन
फोन नं:- ९८५१०६९३९२, ९८५१०२१०३८

वर्गीकृत डिस्प्ले
आइतबार, मंगलबार, बिहीबार र शुक्रबार
रू. १००० ।-
मूअकबाहेक
विस्तृत जानकारीका लागि
कामना न्युज पब्लिकेशन प्रा.लि.
भीमसेनस्थान
फोन : ४२१९९८४, ४२१९०२६
४२१९६२२, ४२१९४४५

## कृषकलाई फलफूलका बिरुवा वितरण

**नेपाल समाचारपत्र**

मुगु

जिल्ला कृषि विकास कार्यालयले जिल्लाका कृषकका लागि कागती, सुन्तला र जुनारका बिरुवा वितरण गरेको छ। जिल्लाका ३ गाउँपालिका र १ नगरपालिकाका कृषकलाई ३ सय सुन्तलाका बिरुवा, १५ सय कागतीका गरी जम्मा १८ सय बिरुवा वितरण गरेको छ। गत वर्ष १२ सय बिरुवा वितरण गरेको कार्यालयले जिल्लामा उच्च भेगमा स्याउ र तल्लो भेगमा सुन्तलाको खेती हुने भएकाले गर्त वर्ष र यो वर्ष नमुनाका लागि बिरुवा वितरण गरेको जनाएको छ।

खरिद मूल्य प्रति बिरुवा २० रुपियाँबाहेक शतप्रतिशत ढुवानी अनुदानमा कृषकलाई वितरण गरिएको हो। जिल्लाको पश्चिम खत्याड गाउँपालिकाका विभिन्न क्षेत्रमा कागतीका बिरुवा पाइने भए पनि सरकारले तोकेको मूल्य भन्दा झन्डै ३० रुपियाँ बढी पर्ने भएकाले बिरुवा दैलेखबाट खरिद गरेर ल्याउनुपरेको जिल्ला कृषि विकास कार्यालयका बागवानी शाखाका प्राविधिक सहायक तेजविक्रम मल्लले जानकारी दिए। दैलेखबाट सुन्तलाका ४ सय, कागती १ हजार ५ सय र जुनारका २ सय गरी २१ सय बिरुवा वितरण गरिएको छ।

खत्याड गाउँपालिकाको श्रीकोट सेवा केन्द्रका लागि कागती ५ सय, कागतीका केही सुन्तला र जुनार ५० गरी ५ सय ५० बिरुवा ढुवानी अनुदानमा पठाइएको छ। सोरु गाउँपालिका र मुगुम कार्मारोङ गाउँपालिकाको सुन्तला कागती हुने क्षेत्रबाट बिरुवाको माग भई अहिलेसम्म नआएको तथा व्यक्तिगत रूपमा कार्यालय पुगेका सेवाग्राहीलाई बिरुवा दिने गरेको प्राविधिक सहायक मल्लले जानकारी दिए। मल्लका अनुसार चालू आर्थिक वर्ष २०७३/०७४ का लागि जिल्लाभर ६ हेक्टर जमिनका लागि १८ सय बिरुवा वितरण गर्नुपर्ने भए पनि स्थानीय कृषकको मागलाई ध्यानमा राखेर २१ सय बिरुवा ल्याइएको हो।

कार्यालयले वितरण गरेका बिरुवाको कुल खरिद दर ४२ हजार छ भने ढुवानी अनुदानमा ७३ हजार ५ सय गरी १ लाख १५ हजार ५ सय रकम लागत रहेको कार्यालयको भनाइ छ। खत्याड भेगमा कागती र सुन्तलालगायत अन्य जडीबुटी नर्सरी गर्दै आएका खत्याड गाउँपालिकाका कृषक अजबहादुर शाहीले यो वर्ष मात्र ६ सय कागतीका बिरुका वितरण गरेको र आफ्नो नर्सरीमा ८/९ सय सुन्तला कागतीका बिरुवा लगाएको बताए।

## वर्गीकृत विज्ञापन

**डिप्रेशन र माईग्रेनको सफल उपचार !!!**

- टाउको दुख्ने, चस्कने-घोच्ने, झुम्म हुने, रिङटा लाग्ने, कान कराउने डम्म हुने
- निन्द्रा नलाग्ने, झस्कने, निन्द्रामा बरबराउने, सपना नराम्रो देख्ने,
- डरलाग्ने, मुट हल्लने, आत्मबलको कमी, नर्भस हुने
- हातगोडा गल्ने, कमजोर महसुस हुने, हिनताबोध हुने
- डाह, छटपटि हुने, के गरौं कसो गरौं हुने, मर्न मनलाग्ने
- नकरात्मक सोच आउने, टोलाउने, हुलमा जान नसक्ने
- झर्को लाग्ने, चाँडै रिस उठ्ने, चाँडै बिर्सने
- धेरै आलस्य लाग्ने, रमाइलो गर्ने मन नलाग्ने, धेरै सुत्ने
- श्वास रोकिएला जस्तो हुने, गाह्रो हुने, केही भैहाल्ने होकी भनेर आत्तिने।
- हातखुट्टा पोल्ने, झमझम्याउने, निदाउने
- ग्यास्ट्रिक र स्टुलमा म्युकस देखिने समस्या
- पढ्नमा कन्सनट्रेशन नहुने र मेमोरी पावरको कमी पूर्ति गरिने
- पिसाब चाँडे चाँडो लाग्ने, मुख वा शरिर हप्प तात्ने, घाँटीमा अप्ठ्यारो भइरहने, हात वा शरिर काम्ने हुने
- औषधि खाँदा पनि निको नभएको प्रेशर समस्या ठिक पारिने
- औषधी खाँदा वा इन्सुलिन लिंदासमेत ठिक नभएको सुगर रोगी ठिक हुने
- आँखा पोल्ने, बिझाउने, सुख्खा हुने
- ढाड दुख्ने, नसा च्यापिएको, छाती मुटु दुख्ने, पेट दुख्ने, पोल्ने, डम हुने, खाएको नपच्ने निको हुने।

नोट : **कहीँबाट नभएकाहरूलाई पनि निको पारिने।**

उपचारमा नयाँ आविस्कार सम्बन्धी NTV+ बाट प्रत्येक सोमबार प्रसारण हुने कार्यक्रम बिहान ८:०० देखि ८:३० सम्म र प्रत्येक मंगलबार दिउँसो २:०० देखि २:३० बजेसम्म आउने कुरा सबैमा अवगत गराइन्छ।

युनिक मेडिटेशन सेन्टर
नारायणी पेट्रोल पम्प
रिङरोड, बाफल
४२७९५९५, ९८४९२२८०५९, ९८१३१२५५५८

**मर्मत**

अमूल्य समय, अनावश्यक खर्च र झन्झटबाट छुट्टकारा पाउन पन्चरसिल पन्चरप्रुफ प्रयोग गर्नुहोस् साथै लोडसेडिङको विकल्पको लागि ९५० VA देखि ६.५ KVA सम्मको I र III फेज जेनेरेटरहरु धमाधम बिक्री भइरहेको छ । डिलर चाहनेले र BULKमा लट नै उठाउँन चाहनेले पनि सम्पर्क राख्नुहोला ।

**उपलब्धी सुविधाहरू**

(१) मोटरसाइकल खरिद बिक्री।
(२) जेनेरेटर मर्मत होम सर्भिस।
(३) नयाँ जेनेरेटर बिक्री।
(४) इन्जिन मर्मत १०,००० किमि ग्यारेन्टी।
(५) डेन्टपेन्ट र रंगरोगन

**चाहियो**

मोटरसाइकल मिस्त्री र हेल्पर चाहियो।
**खान बस्नको सुविधासहित।**
If you are satisfied,
tell others
If not tell us.
**राजु मो-बाइक कन्सर्न**
न्यूप्लाजा, पुतलीसडक, काठमाडौं
फोन नं. ४४३१२८९, ५०१०५५०

**बाथ तथा दमको अचुक उपचार**

हिमाली जडीबुटीहरूको ११ वर्षको लगातार अनुसन्धानपश्चात् साध्य तथा असाध्य रोगमा अपूर्व सफलता।

बाथ एवं नसारोग : स्यालको बोसो, चौंरीको घियू, मूला बीउ, रायो बीउको तेलमा ५१ जडीबुटीलाई सिद्ध गरिएको मालिस तेल र ८१ जडीबुटीबाट निर्मित खाने औषधीबाट बाथमा सफलता।

दम : रूद्राक्षको जराको सत्व, कागतीको जराको सत्व, कण्टकारीको जराको सत्व, दशौं वर्ष पुरानो सख्खर (गुड) का साथमा १३ जडीबुटीलाई सिद्ध गरिएको औषधीबाट दममा सफलता।

मधुमेह : मधुमेह धातु (वीर्य क्षीण हुने) रोग पनि भएकाले वीर्य पुष्टिका लागि- गुर्जोको सत्व, कृष्णब्राम्ही, विमिरोको जराको सत्व, ओखरको तेल, बाँसको जराको सत्व, नीर बाबरीको दानालगायत ११ जडीबुटीबाट वीर्य पुष्टि एवं मधुमेहमा सफलता साथै ग्यास्ट्रिक, अल्सर, पुरानो आउँ, अल्काई, पिनास, पुरानो खोकी, प्यारालाईसिस, साइटिका, कम्मर-घुँडा दुख्ने, नसा च्यापिएको, हड्डी खिइएको, महिनावारीमा तल्लो पेट दुख्ने, श्वेतप्रदर, शीघ्रपतन, यौन अक्षमता, गानोगोला जस्ता सबै खाले पुराना रोगको सफल उपचार गरिन्छ।

**विशाल आयुर्वेद तथा ध्यान-दर्शन योगाभ्यास प्रशिक्षण आश्रम महाराजगन्ज चक्रपथ, नारायणगोपाल चोक परमेश्वर मार्ग, आस्था कला केन्द्रसँगै (अमेरिकन एम्बेसीको अपोजिट साइडबाट ५-७ घर माथि आएपछि परमेश्वर मार्गमा छिर्ने)**
**फोन** : ४७२००४६
**मोबाइल** : ९८५१०७३५००

नेपाल समाचारपत्र NEPAL SAMACHARPATRA को वर्गीकृत विज्ञापन तथा ग्राहक संकलन काउन्टरहरू

**काठमाडौं**
गोर्खा न्यूज एण्ड स्टेशनरी सोह्रखुट्टे, नयाँबजार, फोन : ४३५५७६०, ९८४१८८७७१६, फ्याक्स नं. : ४३८५३९९ ● स्मार्ट इन्भेष्टमेन्ट प्रोमोशन नेपाल, जोरपाटी, फोन नं. : ०१४९१३०१०, ९७४१०१७२५३ ● एस.एस. स्टेसनरी, बालाजु, ४३८०२३०, ४३८७२७५ ● बी.एन्ड.बी. स्टेशनरी एन्ड कम्युनिकेसन सेन्टर महाराजगन्ज फोन: ३७०७०५, फ्याक्स: ३७२७९९ ● जय बागेश्वरी कम्युनिकेसन जयबागेश्वरी, फोन : ४४६७०३४, २०१३९११, ४४६६६११, ४४७६८१७ ● योज्जन कम्युनिकेसन विशालनगर ४-४१६५६१, ४-४३५१८७ ● वीडलिक मिडिया प्रा.लि. पुरानो बानेश्वर चोक, ४४९२३०९/२०१४९३२, ९८४३१०५७३८ ● किपु बुक प्वाइन्ट कीर्तिपुर ३३१७७५ ● कार्य विनायक बुक एन्ड स्टेसनरी ४२६७३२४ वसन्तपुर ● मनकामना कम्युनिकेसन चावहिल ४४६७८४७, फ्याक्स : ४४८६८९१ ● डी.के. बुक, भोटाहिटी २५२३२० ● माउण्टेन एयर एक्सपोर्ट एण्ड ट्रेडर्स जावलाखेल, बागडोल फोन : ५५५४७५५, ५५४३७९१ ● होराइजन कम्युनिकेसन गोंगबु नयाँ बसपार्क, फोन: ३५३९४१, फ्याक्स: ३५३९९६ ● ध्रुवको पसल डिल्लीबजार, फोन: ४३९२०१ ● पञ्चावती बुक्स एण्ड स्टेसनरी चावहिल चोक, फोन: ४८६५१३,४-४८१४३६ ● पिपल्स बुक्स, पकनाजोल, २१८०४४, ४-२१२३८५ ● सार्वजनिक टेलिफोन, पब्लिक कन्ट्याक्ट प्वाइन्ट कालीमाटी चोक, फोन नं. : ४-६७४८०१ ● मनकामना गिफ्ट ग्यालरी वनस्थली ४३६४९२४ ● काष्ठमण्डप डिस्ट्रिब्युसन प्रा.लि. टेकु, काठमाडौं, फोन : २१०८२१, ०१६२२०७८५, मो. ९८५१०७२००४ ● साइ म्युजिक एन्ड मुभिज नयाँ बानेश्वर, फोन : ४४६१३५५, ४४९३५१२ ● बाबा सपिङ प्वाइन्ट महाराजगन्ज फोन: ४-४२६५४५ ● न्यू पी.पी. बुक्स एन्ड ट्रेडर्स कलंकी चोक फोन: २८२४५१, २८०६७३, फ्याक्स: २८१८०२ ● कान्तिपुर फोटोकपी एण्ड स्टेसनरी सप्लाईर्स स्वयम्भु किमडोल, राईजी फोन: २८१०४५, मोबाइल : ९८१०-७०४३५ ● कम्युनिकेशन प्लस, क्षेत्रपाटी ढल्को फोन : २०२१९४८, ४-२६६७५१ सनम स्टेसनरी एण्ड जनरल सप्लाईर्स, सोह्रखुट्टे फोन: ३५८६४१ ● स्टुडेन्ट बुक्स एण्ड स्टेसनर्स जोरपाटी चोक (मिनिबस स्टप) फोन: ४७६६२८ ● विद्या बुक्स एन्ड स्टेसनरी लेखनाथमार्ग, ठमेल, फोन : ४४१३१५४ ● मिडिया एन्ड कम्युनिकेसन नेटवर्क पेप्सीकोला, फोन : ६६३७९१९, ४२४६१३५, ९८५११०६५७५ ● सन्ध्या बुक्स सेन्टर ४३१२५३१ (स्पेन्ट) थानकोट, इमाखेल (बसपार्क) नवीन बुक्स एन्ड स्टेशनरी, अनामनगर (गौशाला बुक्स एन्ड स्टेशनरी, गौशाला, फोन: ४-४८३६१४ ● एमएस सेढाइ स्टेसनरी एन्ड बुक्स सेन्टर बसुन्धरा-९, काठमाडौं, ४३५६४७५ ● SEVEN EDUCATIONAL CONSULTANCY (P) Ltd . Putalisadak, Kathmandu, Phone : 4238020, 4-424615, P .O . Box : 24829 l Nepaltar Cyber &Communation Nepaltar, Kathmandu, Contact No : 01-4384875, 9841-419658 ● शिक्षा बुक्स एन्ड स्टेसनर्स सामाखुसी, काठमाडौं, ४३६५७७६, मोबाइल : ९८४१-४८३०९६ (नवराज अधिकारी) ● क्वीक कम्युनिकेसन प्रा.लि., बालाजु, फोन नं. : ४-३८३४५२,फ्याक्स : ४-३८५४२६ स्वयम्भु कम्युनिकेशन, डल्लु, आवास, दयामान वज्राचार्य ९८४१२१९१७३ फोन : ४२७४६३३, ४२८१२६०

**ललितपुर**
हाम्रो टेलिफोन सेवा (ग्वार्को) ५५५०१२४, ५५२४०९८, ५५५५०९८, ९७४१०५१८६० ● ज्ञान स्टेसनरी, पाटनढोका, फोन: ५४५५९२ ● ललित म्यागजिन एन्ड स्टेसनरी लगनखेल, ललितपुर, ५५५३९३१, ५५५३४३४० ● श्रेष्ठ स्टेसनरी सेन्टर ठैब, ललितपुर, फोन : ९८४१५१६९५७ ● लालित्य प्रिन्टर्स लगनखेल, फोन : ५५४३५८२ ● दिगो स्टेसनरी लगनखेल, फोन: ५४२२१२, प्रधान कमिनिकेशन ललितपुर, फोन: ९८४१७६१५९२ ● निशा बुक्स एण्ड स्टेशनरी, लगनखेल, ५५३१९५७, ९८४१६२७४८९

**भक्तपुर**
सुन्दर पुस्तक, ठिमी, ६३१४७३, ● मल: स्टेसनरी गठाघर, फोन: ६३०७५७ ● बेबिस आर्ट इटाछें : ६१२७२४

२०७४, असार
बिहीबार
२२

डिलासैनी गाउँपालिका वडा नं ३ बगडीमा मंगलबार बिहान ११ बजेदेखि पहिरो खसेका कारण सडकखण्ड अवरुद्ध भएको जिल्ला प्रहरी कार्यालय बैतडीले जनाएको छ। सडक अवरुद्ध हुँदा सो सडकमा सवारीसाधन सञ्चालन हुन सकेका छैनन्।

# नेपाल

## लुटबहादुरको 'ह्याट्रिक'

कुमार श्रेष्ठ, बाँके



लुटबहादुर रावतले कोहलपुरमा 'ह्याट्रिक' गरेका छन्। दुईपटक अध्यक्ष बनेका रावतले कोहलपुर नगरपालिकाको मेयर बन्दै जितमा 'ह्याट्रिक' गरेका हुन्।

रावतले २०४९ र २०५४ सालमा साबिकको कोहलपुर गाविसको अध्यक्ष जितेका थिए। दुवै निर्वाचनमा रावतको निकटतम प्रतिस्पर्धी राप्रपाका नेत्रलाल वली थिए। २०४९ मा ईश्वरी पौडेल र २०५४ मा राजेन्द्र श्रेष्ठले पछ्याएका थिए।

विकासमा द्रुतगतिले अघि बढेको कोहलपुरलाई रझेना गाविस मिसाएर नगरपालिका बनाइएको छ। नगरपालिका बनेपछि भएको पहिलो चुनावमा पनि रावतले बाजी मारेका छन्। कांग्रेसका भानुभक्त भट्टराईलाई ८३ मतले पछि पार्दै रावतले जितमा ह्याट्रिक पूरा गरेका छन्। रावतले ९ हजार ७ ल्याएका थिए भने भट्टराईले ८ हजार ९ सय २४ मत ल्याए। माओवादी केन्द्रका नरेन्द्र न्यौपानेले ६ हजार २ सय २१ मत ल्याए।

कोहलपुरका जननेता रावतको परिवार २०२२ सालमा सल्यानबाट झरेका हुन्। हरिप्रसाद रावतको नेतृत्वमा कोहलपुर झरेका रावत परिवार कोहलपुरको खम्बा नै मानिन्छन्। स्कुल, कलेज निर्माणदेखि बजार व्यवस्थित गर्नमा लुटबहादुरको ठूलो हात रहेको छ। दुईपटक गाविस अध्यक्ष हुँदा गरेका राम्रा कामले गर्दा नै रावतलाई फेरि जनताले पत्याएका छन्। सरल स्वभावका रावतलाई कोहलपुरका जनताले फेरि एकपटक विकासको चाबी दिएर भरोसा जनाएका छन्। पूर्व-पश्चिम राजमार्ग र सुर्खेत जाने रत्न राजमार्गको संगमस्थल कोहलपुरमा शिक्षण अस्पताल, उच्च मावि शिक्षा परिषद् मात्रै होइन, अरू सेवाप्रदायक कार्यालयहरू स्थापित हुँदै छन्। तत्कालीन माओवादीले चलाएको सशस्त्र द्वन्द्व चरम सीमामा पुगेका बेला कोहलपुर अझ घनाबस्ती हुन पुगेको स्थानीयहरू बताउँछन्। कोहलपुरको विकासमा अहोरात्र खटिने नेताका रूपमा चिनिएका रावतलाई ह्याट्रिक गर्न २० वर्ष लागेको छ। 'कोहलपुरमा त उहाँ हार्नुहुन्न, २० वर्षको बीचमा स्थानीय निकायको चुनाव भइदिएको भए कति पटक अध्यक्ष या मेयर हुनुहुन्थ्यो भन्न सकिँदैन', कोहलपुरका स्थानीय पत्रकार एवं अगुवा यम रावत भन्नुहुन्छ- 'प्रजातन्त्रपछिका हरेक स्थानीय निकायको चुनावमा उहाँले जित्दै आउनुभएको छ।'

शिक्षा, स्वास्थ्य, बाटो र ढलको निकास राम्रो बनेको कोहलपुरलाई जनप्रेमी, विकासप्रेमी लुटबहादुरको नेतृत्वले व्यवस्थित शहर बनाउनेमा स्थानीय ढुक्क भएका छन्। नवनिर्वाचित मेयर रावतले २०४९ सालदेखि कोरेका योजनालाई परिमार्जित गरेर पूरा गर्ने बताउनुभयो। बुधबार दिउँसो अन्तिम नतिजा बाहिर आएपछि एमालेका नेता तथा कार्यकर्ताले कोहलपुरमा विजय जुलुस निकालेका थिए।

कोहलपुरको उपमेयरमा भने कांग्रेसकी सञ्जु चौधरी विजयी भएकी छन्। सञ्जुले १० हजार ५६ मत ल्याएर विजयी हुँदा एमालेकी कृष्णा चौधरीले ९ हजार ३ सय ७९ मत ल्याएकी छन्।

कोहलपुरको नतिजा आएसँगै बाँकेको आठवटै तह फाइनल भएको छ। जिल्लामा कोहलपुर नगरपालिका, बैजनाथ, खजुरा र जानकी गाउँपालिका जितेर एमाले ठूलो पार्टी बनेको छ। कांग्रेसले डुडुवा र राप्तीसोनारी गाउँपालिका जितेको छ। राप्रपाले नेपालगन्ज उपमहानगरपालिका र संघीय समाजवादी फोरमले नरैनापुर गाउँपालिका जितेको छ।

२०७० सालको संविधानसभा चुनावमा ठूलो पार्टी बनेको एमालेले २० वर्षपछिको स्थानीय निकायको चुनावमा पनि त्यो साखलाई बचाएको छ। यद्यपि, संसदीय चुनावको इतिहासमा भने बाँकेबासीले फरक-फरक पार्टीलाई ठूलो बनाएका छन्।

## घर पाएपछि फलामेमा फर्कियो खुसी

नेपाल समाचारपत्र
काभ्रे

भूकम्पले भत्काएका घरहरूको पुनर्निर्माण भएपछि पनौती-१ रयाले फलामेका स्थानीयहरूको लुटिएको खुसी फर्किएको छ। फलामेमा स्यामरिटेन्स पर्सले निर्माण गरिदिएका १ सय ४७ घरहरू हस्तान्तरण गरिएको छ।

घर निर्माण गरिएका व्यक्तिहरूले सरकारको अनुदान प्राप्त गर्ने छैनन्। सरकारको अनुदान प्राप्त गर्नेहरूले घर निर्माण गरेका छैनन्। घरहरू निर्माणको घरमा जग्गा नहुने व्यक्तिहरूलाई समेत स्थानीयको सहयोगमा जग्गा व्यवस्थापन गरी घर निर्माण गरिदिएको छ।

अपाङ्गता, असहाय व्यक्तिहरूलाई पनि उक्त संस्थाले सहयोग गरेको छ। स्थानीय राजनीतिक दल र तत्कालीन गाउँ विकास समितिका सचिव शम्भुप्रसाद सापकोटाको विशेष सहयोगमा रयालेको फलामेका भूकम्पपीडितहरूले आवास प्राप्त गर्न सकेको स्थानीयले बताए। हस्तान्तरण कार्यक्रममा नगरपालिकाका मेयर भीमप्रसाद न्यौपाने, उपमेयर गीता बज्जारा, राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका सदस्यहरू, प्रमुख जिल्ला अधिकारी शिव सिंखडा, विभिन्न कार्यालयका प्रमुखहरूको सहभागिता रहेको थियो। वडा अध्यक्ष गुणनाथ सापकोटाले रयालेका सबै बस्तीमा आवास निर्माणको कामलाई प्राथमिकता दिने बताए।

९० प्रतिशत माटोले मात्रै निर्माण गरिएको उक्त घरहरू वातावरण अनुकूल मानिएका छन्। तापक्रम नियन्त्रण गर्न सक्ने, भूकम्प प्रतिरोधात्मक, आगलागीसमेत नहुने घरमा चारवटा कोठा छन्। रयालेको कहालीलाग्दो अवस्थालाई उक्त संस्थाले सहयोग गरेपछि फलामेका स्थानीयहरूमा खुसी छाएको स्थानीय नम्रता तामाङले बताइन्। झन्डै साढे ५ लाख रुपैयाँ लागतमा निर्माण सम्पन्न भएको उक्त घर निर्माणका लागि उक्त संस्थाले स्थानीय २ सय ५२ जना व्यक्तिलाई डकर्मी तालिम दिएको छ। मेथिन्कोटमा समेत २ सय ५५ घरलाई सहयोग गरेको उक्त संस्थाले स्थानीयलाई आफ्नो घर निर्माणका लागि ५० दिन श्रमदान गराएको छ भने काठ, माटो र अन्य स्थानीय सामग्रीहरूको आफैं व्यवस्थापन गर्न लगाएको थियो।




रयालेको फलामेमा खानेपानी ट्याङ्की निर्माण, १ सय ७९ जना व्यक्तिहरूलाई प्रकोपपछिको तयारीको तालिम, २० जना कृषकहरूलाई आय आर्जनका लागि अलैंची खेती सम्बन्धी तालिम दिएको छ। बाँकी ९ सय ५० व्यक्तिहरूलाई समेत उक्त संस्थाले तालिम दिने तयारी गरेको छ। साबिक रयाले गाविसमा १ हजार ८९ जना भूकम्पपीडितको लाभग्राही सूचीमा समावेश भएका छन्।

## क्षमता अभिवृद्धि तालिम

काभ्रे, (नेस)

नेपाल पत्रकार महासंघ काभ्रे शाखाको आयोजनामा दुईदिने एड्भान्स पत्रकारिता तालिम बुधबारबाट महासंघको आफ्नै भवनमा शुरू भएको छ।

साप्ताहिक, दैनिक पत्रिकाहरूको प्रकाशनका आधारमा विचार बनाउने समय विस्तारै कम हुँदै गएकाले अनलाइन तथा सामाजिक सञ्जालका धेरै सामग्रीले पाठकको ध्यान खिच्दै गएका बेला त्यसको विश्वसनीयतालाई अझै जोड दिनुपर्ने कार्यक्रमका प्रमुख अतिथि एवं स्थानीय विकास अधिकारी कोम धमलाले बताए। कार्यक्रममा कान्तिपुर दैनिकका हरिबहादुर थापाले समाचारको शैली, संकलन, सम्पादन र प्रस्तुतिका बारेमा पत्रकारहरूलाई जानकारी गराएका थिए।

तालिमको उद्घाटन गर्दै स्थानीय विकास अधिकारी कोमलप्रसाद धमलाले पछिल्लो समय पत्रकारिता क्षेत्रमा भएको परिवर्तन र त्यसको अवसरका बारेमा ध्यान दिनुपर्ने बताए। महासंघ अध्यक्ष मोतीराम तिमल्सिनाको सभापतित्वमा सम्पन्न कार्यक्रममा बोल्दै धमलाले पत्रकारहरूले दिने सूचनामा विश्वसनीयता आवश्यक भएको बताए।

## सिलिन्डर ग्यास लिक हुँदा ४ घाइते

जाजरकोट, (नेस)



जाजरकोटको भेरी नगरपालिका ३ तल्लो थाप्लेको एक घरमा खाना पकाउने (एलपीजी) ग्यास लिक भएको छ। उक्त ग्यास लिक हुँदा त्यस राखेको कोठमा आगलागी भई एक नाबालकसहित चार जना गम्भीर घाइते भएका छन्।

घाइते हुनेमा त्रिवेणी नलगाड नगरपालिका-४ की २१ वर्षीया वन्दना पन्त, ४८ वर्षीय हीरालाल पन्त, ३ वर्षीय नाबालक रोशन सिंह र भेरी नगरपालिका-३ का ४० वर्षीया वागेश्वरी डाँगी रहेका छन्।

घाइतेहरूको जिल्ला अस्पताल जाजरकोटमा सामान्य उपचारपश्चात् थप उपचारका लागि नेपालगन्ज रिफर गरिएको जिल्ला अस्पताल जाजरकोटका निमित्त कार्यालय प्रमुख डाक्टर चाँदनी जयसवालले बताए।

## पहिरोका कारण दुई दिनदेखि सडक अवरुद्ध

बैतडी, (नेस)

बैतडीको गोकुलेश्वर-गन्ना सडकखण्ड पहिरोका कारण दुई दिनदेखि अवरुद्ध भएको छ। डिलासैनी गाउँपालिका वडा नं ३ बगडीमा मंगलबार बिहान ११ बजेदेखि पहिरो खसेका कारण सडकखण्ड अवरुद्ध भएको जिल्ला प्रहरी कार्यालय बैतडीले जनाएको छ। सडक अवरुद्ध हुँदा सो सडकमा सवारीसाधन सञ्चालन हुन सकेका छैनन्।

सडकमा सवारीसाधन सञ्चालन नहुँदा यात्रुलाई सास्ती भएको छ। सडक खुलाउनका लागि प्रयास भइरहेको प्रहरीले जनाएको छ। डोजर प्रयोग गरी पहिरो पन्छ्याउने काम भइरहेको भए पनि ठूलो पहिरो गएकाले पन्छाउन समस्या भएको जिल्ला प्रहरी कार्यालय बैतडीका प्रहरी नायब उपरीक्षक हेरम्ब शर्माले बताउनुभयो। पहिरो पन्छाउनेबित्तिकै माथिबाट पहिरो खस्ने क्रम नरोकिएको उहाँले बताउनुभयो।

## सुदूरपश्चिममा ७५ प्रतिशत रोपाइँ सम्पन्न

डोटी, (नेस)

सुदूरपश्चिममा ७५ प्रतिशत रोपाइँ सम्पन्न भएको छ। क्षेत्रीय कृषि निर्देशनालय दिपायलले सुदूरपश्चिमभरि १ लाख ३२ हजार १ सय ७५ हेक्टर क्षेत्रफलमा रोपाइँ सम्पन्न भएको जानकारी दिएको छ। सहायक प्राविधिक सुशीलकुमार शर्माले सुदूरपश्चिममा १ लाख ७५ हजार ३ सय ९० हेक्टरमा धान खेती हुने गरेकोमा करिब ७५ प्रतिशत जमिनमा रोपाइँ सम्पन्न भइसकेको जानकारी दिनुभयो।

उहाँका अनुसार सबैभन्दा बढी कञ्चनपुरमा ८० दशमलव ४६ प्रतिशत जमिनमा रोपाइँ भएको छ भने सबैभन्दा कम बाजुरामा ५६ दशमलव १४ प्रतिशत रोपाइँ सकिएको छ। त्यस्तै डडेल्धुरा, अछाम, दार्चुलामा समान ८० प्रतिशत रोपाइँ सम्पन्न भएको जनाइएको छ। बैतडीमा ७८, डोटीमा ६५, कैलालीमा ७१ दशमलव ६५ र बझाङमा ६५ प्रतिशत रोपाइँ सम्पन्न भएको र यो वर्ष चाँडै मनसुनी वर्षा शुरू भएपछि सिँचाइ सुविधा नपुगेका क्षेत्रमा जमिनमा पनि रोपाइँ गर्न सहज भएको क्षेत्रीय कृषि निर्देशनालयले जनाएको छ। सो कार्यालयले यस वर्ष धान उत्पादनमा वृद्धि हुने समेत विश्वास गरेको छ। अघिल्लो आर्थिक वर्ष २०७३/७३ मा सुदूरपश्चिममा २ दशमलव ९६ मेट्रिकटन प्रतिहेक्टर क्षेत्रफलमा धानको उत्पादन भएको थियो।

## जनप्रतिनिधिद्वारा काम शुरू

नेपाल समाचारपत्र
बैतडी



बैतडीका स्थानीय तहमा जनप्रतिनिधिहरूले पदभार ग्रहण गरेलगत्तै कार्यालयमा काम शुरू गर्न थालेका छन्। जनताका पीरमर्का बुझ्ने, कार्यालयलाई व्यवस्थित रूपले कसरी सञ्चालन गर्न सकिन्छ भन्ने विषयमा नगरबोर्डमा छलफल गरेर अघि बढ्ने दशरथचन्द नगरपालिकाका नवनिर्वाचित मेयर नरेन्द्रसिंह थापाले बताउनुभयो।

दशरथचन्द नगर क्षेत्रभित्रको फोहोर व्यवस्थापनका लागि छिट्टै पहल गर्ने समेत उहाँले बताउनुभयो। यस्तै अन्य स्थानीय तहमा पनि जनप्रतिनिधिहरूले पदभार सम्हालेर काम गर्न थालेका छन्। पाटन नगरपालिकाको पहिलो बोर्ड बैठकले नगरक्षेत्रभित्रका बिरामीहरूलाई अन्यत्र लग्नुपरेमा निःशुल्क रूपमा एम्बुलेन्स उपलब्ध गराउने निर्णय गरेको छ। नगर क्षेत्रभित्र आर्थिक अवस्था कमजोर भएका मानिसहरूको पनि बसोबास भएकाले उक्त निर्णय गरिएको नगरपालिकाका नवनिर्वाचित मेयर केशवबहादुर चन्दले बताउनुभयो।

नगरबोर्डले निःशुल्क रूपमा एम्बुलेन्स उपलब्ध गराउने निर्णय गरेको र यसलाई नगरपालिकाको पूर्ण बैठकमा लगेर अनुमोदन गराइने उहाँले बताउनुभयो। यो निर्णयबाट नगरबासीलाई सजिलो हुने विश्वास लिएको मेयर चन्दले बताउनुभयो। शपथग्रहणपछि पदभार ग्रहणगरेसँगै पाटन नगरपालिकाले सो निर्णय गरेको हो। बिरामीहरूलाई डाक्टरले अन्यत्र रेफर गरेमा एम्बुलेन्स सेवा निःशुल्क प्रदान गरिने उहाँले बताउनुभयो।

## विवाह भोजको ५ लाख आश्रमलाई

नेपाल समाचारपत्र
हेटौंडा




नेपाल पत्रकार महासंघका पूर्वकेन्द्रीय सदस्य प्रताप विष्टले छोराको विवाह भोजमा खर्च गर्ने रकम मानव सेवा आश्रमलाई हस्तान्तरण गरेका छन्। विवाहपछि भोज गरी खर्च गर्ने आमपरम्परा तोड्दै विष्टले आश्रमलाई सहयोग गरेका हुन्।

जेठा छोरा दिवंगत र दुर्गा कार्कीको विवाह भोजमा खर्च गरिने ५ लाख ११ हजार १ सय ११ रुपैयाँ हेटौंडाको मानव सेवा आश्रमको भवन निर्माणका लागि उनले सहयोग गरेका हुन्। बुधबार विष्ट परिवारले आश्रम संरक्षक डाक्टर गोविन्द टण्डन र आश्रम प्रमुख रामजी अधिकारीलाई चेक हस्तान्तरण गरेको हो।

आश्रमको हेटौंडा-९, लामसुरेधापमा निर्माणाधीन भवनका लागि केही सहयोग गर्ने उद्देश्यले रकम सहयोग गरिएको उनले बताए। स्वास्थ्य मन्त्रालयमा शाखा अधिकृत बिहंगत र म्याग्दीको सहायक वन अधिकृत दुर्गाबीच असार १९ गते पोखरामा विवाह भएको थियो।

विष्टले नेपाल पत्रकार महासंघ मकवानपुरको लाइब्रेरी निर्माणका लागि १ लाख रुपैयाँ सहयोगको घोषणा गरेका छन्। कैलाश गाउँपालिकामा वर्षौंसम्म ओडारमा बिताएका स्व. जयपति चेपाङको प्रतिमा निर्माणका लागि १ लाख रुपैयाँ सहयोग गर्ने घोषणा पनि उनले गरेका छन्।

रकम हस्तान्तरण कार्यक्रमका प्रमुख अतिथि हेटौंडा उपमहानगर मेयर हरिबहादुर महतले फजुल खर्च गर्ने रकम आश्रमको मानवीय काममा खर्च गर्नु प्रशंसनीय भएको बताए। २० वर्षअघि आफूले छोरीको विवाह गर्दाको रकम हेटौंडा-११ मा रहेको सुकुम्बासी परिवारका छोराछोरी अध्ययन गर्ने शंकरज्योति आधारभूत विद्यालयलाई सहयोग गरेर मानवीय सेवामा लगाएको स्मरण गर्दै मेयर महतले भने- 'त्यति बेला विवाहको रकम मानवीय क्षेत्रमा खर्च गर्दा धेरैले राम्रो मानेनन्, तर अहिले सबैले राम्रो रूपमा हेरेका छन्। फजुल खर्च गर्नुभन्दा मानवीय क्षेत्रमा खर्च गर्न ध्यान जानुपर्छ।'

मकवानपुरका प्रमुख जिल्ला अधिकारी नारायणप्रसाद शर्मा दुवाडीले हेटौंडा मानवीयताको शहरका रूपमा अगाडि बढिरहँदा रकम सहयोग गर्नु उदाहरणीय काम भएको बताए। पत्रकार समाजको सचेतकमात्र नभएर समाजका सकारात्मक प्रवृत्तिसमेत विकास गर्नुपर्ने समूह भएकाले बिहेको अवसरमा भोजको आयोजना गर्दा हुने खर्चलाई सामाजिक सेवाको क्षेत्रमा क्रियाशील संस्थालाई सहयोग गरिएको विष्टको भनाइ छ। 'म अरूको बिहेमा सहभागी भएर भोज खाँदै खुसी भएर नाँचे पनि आफ्नै छोराको बिहेमा अरूलाई पनि निम्ता गरेर खुवाउने र नचाउने रहर थियो', विष्टले भने- 'भोजको क्रममा हुने खर्चले सामाजिक सेवाको क्षेत्रमा केही सहयोग पुग्ने मेरो सोचाइ रह्यो। छोराले पनि भोज गर्नुभन्दा सहयोग गर्नुपर्छ भन्ने भएपछि उनको मनोबल अझ बढ्यो। र, सहयोग गरें।'



# विश्व

## शतिलता खोज्दै

टर्कीका राष्ट्रपति एर्दोगान विरुद्धको लंगमार्चमा सहभागीहरु कार्यक्रमपछि तरबुजा खाने क्रममा।



## स्विकृति

सन् २०१४ मा हृदयाघातबाट निधन भएका आशुतोष महाराजको शव उनका अनुयायीहरुको मागअनुसार फ्रिजरमा सुरक्षित राख्नसक्ने स्विकृति भारतीय अदालतले दिएको छ।



विश्व २ मिनेट

### रूस

## उत्तर कोरियालाई अपिल

मस्को, (एजेन्सी)

रूस र चीनले उत्तर कोरियालाई क्षेप्यास्त्र तथा परमाणु कार्यक्रम रोक्नका लागि अपिल गरेका छन्। उत्तर कोरियाले मंगलबार अन्तर्राष्ट्रिय महाद्विपीय ब्यालिस्टिक क्षेप्यास्त्र परीक्षण दावी गरेको थियो। ती दुई देशले अमेरिका र दक्षिण कोरियाको संयुक्त सैन्य अभ्यास पनि रोक्न अपिल गरेको छ। उत्तर कोरियाले उसको पछिल्लो क्षेप्यास्त्र विश्वको कुनै पनि कुनामा प्रहार गर्न सक्ने बताएको छ। तर प्योङयाङको उक्त दावीलाई लिएर विशेषज्ञहरुले उत्तर कोरियाको क्षेप्यास्त्र सटिक निसानामा प्रहार गर्न सक्षम नभएको बताउँछन्। चिनियाँ राष्ट्रपति सि जिनपिङ र रुसी राष्ट्रपति भ्लादिमिर पुटिनबीच मस्कोमा भेटवार्तापछि उक्त अपिल गरेको हो।

### इरान

## सउदी आतंकवादी राज्य

तेहरान, (एजेन्सी)

इरानको रिभोलुसनरी गार्डका प्रमुख तीन वर्षका लागि सोही पदमा रहने घोषणापछि दिएको भाषणमा सउदी अरेबियालाई आतंकवादी राज्य भएको बताए। उक्त प्रबुद्ध सैन्य बलमा १० वर्षसम्म कमान्डर रहेका मेजर जनरल मोहम्मद अली जाफरी तीन महिनामा पदमुक्त हुन लागेका थिए। तर अर्द्धसरकारी फार्स तथा तास्निन समाचार एजेन्सीले प्रकासित गरेको उक्त भाषणमा उनले कम्तिमा २०२० सम्म उक्त पदमा रहने उल्लेख गरेको छ। क्षत्रीय द्वन्द्वहरुमा सधैं इरानको विपक्षलाई सहयोग गर्दै आइरहेको सउदी अरेबियाबाट खतरा रहेकोमा उनले प्रकास पारेका थिए।

### संयुक्त अरव इमिरेटस

## प्रतिबन्ध हटाइयो

दुबई, (एजेन्सी)

संयुक्त अरब इमिरेटसले अमेरिकातर्फ हुने आफ्नो उडानको क्याविनमा ल्यबटप माथिको प्रतिबन्ध लागू नहुने भइसकेको बुधबार जनाएको छ। गत मार्चमा अमेरिकाले विशेष गरी आठवटा मुस्लिम राष्ट्रबाट हुने उडानमा ल्यापटप र अन्य ठुला विद्युतीय उपकरणमाथि प्रतिबन्ध लगाउने घोषणा गरेको थियो। त्यस्ता वस्तुहरुमा बम लुकाइन सकिने संभावना रहेकाले उक्त प्रतिबन्ध लगाइएको थियो। राजधानी दुबईबाट अमेरिकातर्फ उडान भर्दै आएको इमिरेटसले नयाँ सुरक्षा नियम सम्बन्धमा अमेरिकी सरकारी निकायसंग सहकार्य भइसकेको जनाएको छ। तुर्क्ली एयरलायन्सले पनि सो प्रतिबन्ध फुकुवा गरिसकेको छ।

### दक्षिण अफ्रिका

## प्रहरी इकाइमा चोरी

जोहान्नेसवर्ग, (एजेन्सी)

दक्षिण अफ्रिकाको राजधानी प्रिटोरिया स्थित विशेष प्रहरी इकाइ रहेको भवनमा बुधबार बिहान सबेरै छिरेका चोरहरुले हार्ड ड्राइभ्स र अन्य कम्प्युटरसम्बन्धी उपकरणहरु चोरेर लगेको उक्त इकाइका प्रवक्ताले बताएका छन्। प्रमुख अपराध अनुसन्धान निर्देशनालयको रुपमा रहेको दि हक्स नामक सो संस्थाले गम्भीर संगठित अपराध, व्यवसायिक अपराध र गम्भीर भ्रष्टाचार मामिलाको अनुसन्धान गर्दै आइरहेको छ। तर हक्सका प्रवक्ता ह्यान्गवानी मुलाउद्जीले ती चोरहरुले अपराधसम्बन्धी कुनै फाइल नलगेको तर सो इकाइको मानव संशाधन र आर्थिक तथा आपूर्ति विभागमा पनि चोरी भएको बताएका छन्।

# रकेट खस्दा पाँचको मृत्यु

ट्रिपोली, (एजेन्सी)

अचानक लिबियाको राजधानी ट्रिपोलीको एक समुद्रीतटमा एउटा रकेट खस्दा कम्तीमा एकजना बालकलगायत ५ जना व्यक्तिको ज्यान गएको र अन्य २५ जना घाइते भएको लिबियाली स्वास्थ मन्त्रालयले जनाएको छ।

ट्रिपोलीको पूर्वी भागमा रहेको मिटिगा विमानस्थलसामुको समुद्रीतटमा मंगलबार उक्त घटना घटेको प्रहरीले जनाएको छ। यसैबीच गृहमन्त्रालयको एक सूत्रले मंगलबार विमानस्थल वरपर सुरक्षा फौज र एउटा प्रतिबन्धित समुहबीच भिडन्त भएको जनाएको छ।

सन् २०१४ को मध्यतिर सरकारी फौज र प्रतिद्वन्द्वी छापामारहरुबीचको भिडन्तका कारण सो विमानस्थ निकै क्षतिग्रस्त भएको थियो। तर उक्त सूत्रले जानीजानी सर्वसाधारणमाथि लक्षित आक्रमण भएको हो वा होइन स्पष्ट पारेको छैन। सन् २०११ मा तत्कालीन तानाशाह कर्णेल गद्दाफीलाई अपदस्थ गर्न आन्दोलन शुरु भएयता तेलका लागि धनी राष्ट्र लिबियामा अस्थिरता जारी रहेको छ।



# अमेरिकाका लागि कति खतरा छ उत्तर कोरियाको क्षेप्यास्त्र ?

वासिंगटन (एजेन्सी)

उत्तर कोरियाले हालै परीक्षण गरिएको ब्यालेस्टिक क्षेप्यास्त्रको मारक क्षमता अमेरिकी मुख्य भूमिसम्म रहेको समाचारले पुन: एकपटक विश्वको ध्यान तानेको छ। अहिलेकै अवस्थामा अमेरिकालाई उत्तर कोरियाबाट त्यति धेरै खतरा नरहेको विशेषज्ञहरुले बताए पनि उत्तर कोरियाले परमाणु क्षेप्यास्त्र बनाउने आफ्नो लक्ष्यलाई विस्तारैविस्तारै अगाडि बढाइरहेको छ।

यद्यपि उत्तर कोरियाको परमाणु कार्यक्रम कुन स्तरसम्म पुग्यो भन्ने कुरा थाहा नभए पनि ट्रम्पको राष्ट्रपति कार्यकालसम्ममा आफ्नो लक्ष्य हासिल गर्ने अनुमान गरिएको छ।

उत्तर कोरियाको क्षमता वृद्धिसँगै अमेरिकाको रक्षा प्रणाली त्यसको प्रतिरोधका लागि कति तयार छ भन्ने प्रश्न उठ्न थालेको छ। अमेरिकाले ब्यालेस्टिक क्षेप्यास्त्र प्रतिरक्षा प्रणालीमा ठूलो धनरासी लगानी गरिरहेको छ। विश्वभरि कुनै पनि स्थानमा क्षेप्यास्त्र प्रहार भएको तत्काल जानकारी दिने सेन्सर लगाइरहेको छ। इन्टरसेप्टर क्षेप्यास्त्रको तैनाथ पनि सक्रिय रहेको छ।

आलोचकहरु अमेरिकाको प्रणाली अत्यन्त धेरै विश्वास गर्न सक्ने नभएको बताउँछन्। ट्रम्प प्रशासन सम्पूर्ण कार्यक्रमको समीक्षा गरिरहेको छ। नयाँ पिढीको इन्टरसेप्टर क्षेप्यास्त्रहरु आइरहेका छन्, यीमध्ये केहिले उत्तर कोरियाको संभावित खतरासँग सामना गर्न सकिनेछ।

पूर्वराष्ट्रपति रोनाल्ड रेगनको स्टार वार्स योजना र शीत युद्धको युग सकिएपछि अमेरिकी आकाशलाई कुनै पनि क्षेप्यास्त्रले भेद गर्न नसक्ने प्रणालीको विकास गर्ने सोच अगाडि आएको हो। तर यो धेरै खर्चिलो हुने मात्र नभइ अहिलेसम्म यसतो कुनै प्रविधि पनि आएको छैन। यद्यपि समयसँगै प्रविधिको विकासमा प्रगति भइरहेको भने छ। इजरायलले यस प्रकारको प्रविधिको विकास गरेको छ। इजरायली इन्टरसेप्टर सिस्टम र राडार्सका लागि अमेरिकाले धेरै धनराशी दिएको छ। तर ती सबै प्रणाली पनि परीक्षण त्यो स्तरमा भएको छैन जसले उत्तर कोरियाको सम्भावित खतराको सामना गर्न सकोस।

धेरै जसो आलोचकहरुले अमेरिकाको रक्षा प्रणाली अहिलेसम्म सटिक सावित हुन नसकेको बताउँछन्। अमेरिकाले युद्धजस्तो स्थितिमा हुने खतराको सामना गर्नका लागि यस प्रकारको कुनै पनि प्रणालीको परीक्षण नै नगरेकोमा अमेरिकाको आलोचना हुने गरेको छ। अमेरिकी कमान्डर्सले पनि उनीहरुको रक्षा प्रणाली पूर्ण रुपमा क्षेप्यास्त्रविरोधी नभएको स्वीकारेका छन्।

अमेरिकी राष्ट्रपति ट्रम्प उत्तर कोरिया र उसको क्षेप्यास्त्र प्रणालीको बढ्दो दायराको बारेमा फैसला गर्नुपर्नेछ। अमेरिकाले रक्षा प्रणालीलाई उसले दक्षिण कोरियामा तैनाथ गरेको इन्टरसेप्टर क्षेप्यास्त्रजस्तो राम्रो रक्षा प्रणाली बनाउनु आवश्यक भएको रक्षा विज्ञहरुले सुझाव दिएका छन्।

## ADVERTISEMENT RATES FOR NEPAL SAMACHARPATRA

### Rates

| | B/W | COLOR |
|---|---|---|
| Inside page per Clm/cm | Rs.1200 | Rs.1500 |
| Third page per Clm/cm | Rs.1800 | Rs.1800 |
| Back page per Clm/cm | Rs.2000 | Rs.2000 |
| Front page per Clm/cm | Rs. 2600 | Rs. 2600 |

### Dispaly Box & Classified Ads

| | |
|---|---|
| Per Display Box | Rs. 1000 /- (1clm/5cm) |
| Passport Display Box | Rs. 1000/- (1clm/5cm) |
| Per Word | Rs. 15/- (Normal) |
| Per Word | Rs. 20/- (Bold) |

### Discounts & Premiums

| | |
|---|---|
| Jacket Page (Front & Second Page) | Rs. 20,00,000 |
| Jacket Page (Front & Back Page) | Rs. 22,00,000 |
| Top Strip (Any Page) | 50 % (Premium) |
| Island/ Irregular Ad | 50% (Premium) |
| Earpanel (FP) | Rs. 20,000 |
| Side PopUp (FP) | Rs. 25,000 |
| **Frequency Discount** | |
| For Four insertions in a month | 7 % |
| For Five or more insertions in a month | 10 % |
| Full Page Discount | 10% |

Note: All rates are excluding VAT

### Mechanical Data

| | | |
|---|---|---|
| Width of Column | : | 3.8cm |
| No. of Column | : | 8 columns |
| Height of Column | : | 50 cm |
| Printable Area | : | 33 X 47 cm |
| Overall size | : | 33 X 50 cm |
| Process | : | Web Offset |
| Screen | : | 85DPI/95DPIw |

## ADVERTISEMENT RATES FOR KAMANA/ SADHANA

### Rates

| | RATE |
|---|---|
| Cover Full Page (Outside Back) | Rs. 90,000/- |
| Cover Full Page (Inside Front) | Rs. 75,000/- |
| Cover Full Page (Inside Back) | Rs. 75,000/- |
| Inside Ordinary Full Page | Rs. 60,000/- |
| Double Spread | Rs. 100,000/- |
| Central Spread | Rs. 110,000/- |
| Inside Ordinary Half Page | Rs. 40,000/- |
| Inside Ordinary Quarter Page | Rs. 30,000/- |
| Strip | Rs. 30,000/- |

### Frequency Discount

| | |
|---|---|
| For six insertions in a yea | 7% |
| For twelve insertions in a year | 10 % |

Note: All rates are excluding VAT

### Mechanical Data

| | | |
|---|---|---|
| Full Page Bleed | - | 21.3 cm by 29.3 cm |
| Full Page Non Bleed | - | 18.5 cm by 27 cm |
| Half Page Horizontal | - | 18.5 cm by 14.5 cm |
| Half Page Vertical | - | 9.5 cm by 27 cm |
| Quarter Page | - | 9.5 cm by 14.5 cm |
| Vertical Strip | - | 6 cm by 27 cm |
| Horizontal Strip | - | 18.5 cm by 6 cm |
| Double Spread Bleed | - | 42.6 cm by 29.3 cm |
| Double Spread Non Bleed | - | 37 cm by 27 cm |
| Cover Double Spread Bleed | - | 41 cm by 29.3 cm |

**Rates effective from Shrawan 1, 2074. PLEASE BE ADVISED THAT THE ADVERTISING RATE MIGHT CHANGE WITH 7 DAYS NOTICE IN *NEPAL SAMACHARPATRA***

**Kamana News Publications Pvt. Ltd.**
Maru Bhimsensthan, Kathmandu, Nepal
Phone no : 4261179, Fax : 4218990
Email : nepalsamacharpatra@gmail.com

एउटा मोटरसाइकल पार गर्न स्थानीयहरूले ६० रुपियाँदेखि एक सय रुपियाँसम्म लिने गरेका छन्। सडक निर्माण गर्ने ठेक्का पाएका ठेकेदारहरुले सुस्त गतिमा कामलाई अघि बढाउँदा अहिले उक्त सडक हिलाम्य भएकाले सडकमा आवतजावत गर्ने यात्रुलाई पहिले भन्दा बढी समस्या खेप्नुपरिहेको अवस्था आएको हो।

# बुटवल उपमहानगरमा एमालेको दबदबा

यमलाल भुसाल, बुटवल

रूपन्देही जिल्लाकै एक मात्र उपमहानगरपालिका बुटवल उपमहानगरपालिकाको मेयर र उपमेयरमा नेकपा एमालेले जित हासिल गरेको छ। कूल ९७ पदका लागि भएको निर्वाचनमा ८९ पदमा एमाले र ८ पदमा नेपाली कांग्रेस विजयी भएका छन्।

मेयर पदमा एमालेका शिव सुबेदीले २३ हजार २ सय ४९ मत ल्याएर विजयी हुनुभएको हो। सुवेदीले नेपाली कांग्रेस र माओवादी केन्द्र गठबन्धनका खेलराज पाण्डेलाई २ हजार ३ सय ९८ मतले हराउँदै मेयरपदमा विजयी हुनुभएको हो। पाण्डेले २० हजार ८ सय ५१ मत ल्याउनुभएको छ। उपमेयरमा एमालेकै गोमा आर्चायले २५ हजार बढी मत ल्याई विजयी हुनुभएको हो। उहाँले नेपाली कांग्रेस र माओवादी गठबन्धनका जगत पोखरेललाई हराउँदै उपमेयरमा विजयी हुनुभएको हो।

१९ वटा वडा रहेको बुटवल उपमहानगरपालिकाको वडा नम्बर १३, १८ र १९ मा मात्रै नेपाली कांग्रेसले जित हासिल गरेको छ भने बाँकी १६ वटा वडामा एमालेले कब्जा जमाएको छ। वडा नम्बर १३ मा नेपाली कांग्रेसका नारायण पुन, १८ मा हुमनाथ आर्चाय र १९ मा वडा अध्यक्षमा हिमबहादुर खत्री र ३ सदस्यमा नेपाली कांग्रेस विजयी भएका छन्।

बुटवल उपमहानगरपालिकाको वडा नम्बर १ मा एउटा वडा सदस्यबाहेक एमालेकोतर्फबाट महेन्द्र लिगलको नेतृत्वमा पूरै प्यानल विजयी भएका छन्। त्यसै गरी वडा नम्बर २ मा रमेश नेपाल वडा नम्बर ३ मा लालप्रसाद बस्याल, वडा नम्बर ४ मा टंक पराजुली अध्यक्ष रहेको प्यानल विजयी भएका छन्।

त्यस्तै वडा नम्बर ५ मा तेजबहादुर विश्वकर्मा, वडा नम्बर ६ मा जगदीश आर्चाय, वडा नम्बर ७ मा कमलप्रसाद थापा र वडा नम्बर ८ मा भीमबहादुर श्रेष्ठको प्यानल नै विजयी भएका छन्। त्यसै गरी वडा नम्बर ९ मा विष्णु थापा, १० मा पदम थापा, ११ मा रामचन्द्र क्षेत्री खनाल १२ मा दूर्गा सुवेदी १४ मा दधि न्यौपाने, १५ मा डम्बर भण्डारी १६ मा रामप्रसाद रेग्मी र १७ मा सन्तबहादुर राना विजयी हुनुभएको छ। बुटवल उपमहानगरमा ४९ हजार ८ सय ९५ मत खसेको थियो।

# वन्यजन्तु संरक्षणका लागि कृत्रिम पोखरी निर्माण



रविन भट्टराई, ताप्लेजुङ

जंगली जनावर लोप हुनबाट जोगाउन ताप्लेजुङका सामुदायिक वनभित्र कृतिम पोखरी निर्माण गर्न थालिएको छ।

जिल्लाको माथिल्लो क्षेत्रमा पाइने लोपउन्मुख वन्य जन्तुहरू हिउँदको समयमा पानी खोज्दै बसाई जाने भएका कारण वन्य जन्तुलाई संरक्षण गर्ने उद्देश्यले पोखरी निमार्ण गरिएको हो।

सामुदायिक वनसँगको साझेदारीमा विगत ६ वर्षदेखि वन्यजन्तु संरक्षण क्षेत्रमा कार्यरत संस्था हिमाली संरक्षण मञ्च र रेड पाण्डा नेटर्वकको सहकार्यमा जिल्लाको लालिगुराँस सामुदायिक वन र फुरुम्बू खर्क सामुदायिक वनभित्र २ वटा कृत्रिम पोखरी निर्माण गरिएको हो।

यी पोखरी रेडपाण्डलाई लक्षित गरी निर्माण गरिएको रेड पाण्डा नेटर्वकका कार्यक्रम अधिकृत दिनेश घलेले बताउनुभयो। सो संस्थाले जिल्लाको एक नगरपालिकासहित ५ ओटा गाउँपालिकामा वन्यजन्तुको संरक्षणका लागि काम गरिरहेको छ।

भौगोलिक रुपमा बिकट मानिएको ताप्लेजुङमा हाब्रे(रेड पाण्डा), हिउँ चितुवा, कस्तुरी, खरायो, घोरल, भालु, नाउर, वाघ लगायतका वन्य जन्तुहरू पाइन्छन्। तर तिनिहरूको बासस्थान, खानेकुरालगायतका विभिन्न कारण यसको संख्यामा दिन प्रतिदिन ह्रास आइरहेकाले संरक्षणमा थप मद्दत पुगोस भन्ने उद्देश्यले पोखरी निर्माण गरिएको हो अधिकृत घलेको भनाइ छ।

पर्यटकीय क्षेत्रको सम्भावना बोकेको ताप्लेजुङलाई खास गरी रेड पाण्डा (हाब्रे) को मुख्य बासस्थानको रूपमा लिइन्छ।

# माओवादीले सरकारमा पठाउने नाम टुंग्यायो

काठमाडौं, (नेस)

नेकपा माओवादी केन्द्रले सरकारमा पठाउने मन्त्रीको नाम टुंगो लगाएको छ। अनेकौं छलफलपछि अन्तत: ५ जना मन्त्रीको नाम टुंगो लगाएको हो।

नेपाल समाचारपत्रलाई पार्टी स्रोतले दिएको जानकारीअनुसार मन्त्रीमा टुंगो लागेकाहरूमा टेकबहादुर बस्नेत, आशा कोइराला, शिवकुमार मण्डल महेन्द्रबहादुर शाही, र श्यामकुमार श्रेष्ठ रहेका छन्।

मन्त्री बन्न लागेका बस्नेत सल्यान, शाही कालिकोट, श्रेष्ठ रामेछाप र मण्डल मोरङबाट निर्वाचित सांसद् हुन् भने कोइराला समानुपातिक सांसद् हुन्।

माओवादीले शाहीलाई ऊर्जा र श्रेष्ठलाई सामान्य प्रशासन मन्त्रालय दिने लगभग निश्चित भए पनि अन्यलाई दिने मन्त्रालयबारे निर्णय गरेको छैन। माओवादीले तोकेका मन्त्रीको नाम सार्वजनिक भने गरेको छैन।

स्रोतका अनुसार कांग्रेसले पनि हालसम्म मन्त्रीको नाम नटुंग्याएको कारण माओवादीकोतर्फबाट सरकारमा जाने मन्त्रीको नाम सार्वजनिक नगरेको हो। कांग्रेसले मन्त्रीको नाम टुंगो लगाएपछि मन्त्रीमण्डल सरकार विस्तार गरिने बताइएको छ।

# गुनासोपेटिकाको साँचो मेयरकै हातमा

हेटौंडा, (नेस)

हेटौंडा उपमहानगरमा मेयरले सीधै गुनासो सुन्ने गरी कार्यालयको मूलगेटमा सुझाव र गुनासोपेटिका राखिएको छ।

उपमहानगरका नागरिकले यस क्षेत्रमा गर्नुपर्ने विकासका सुझाव, कर्मचारीप्रतिको गुनासो, काममा परेका समस्या, कार्यालयले गर्नुपर्ने सुधारका पक्षहरू नागरिकले लेखेर सुझावपेटिकामा राख्न सक्नेछन्।

पेटिकामा राखिएका सुझाव मेयर हरिबहादुर महतले हेरेर कार्यान्वयनमा लैजाने ब्यवस्था गरिएको छ। गुनासो पेटिकाको साँचो मेयर महतले नै राखेका छन्। धेरैले प्रत्यक्षरुपमा गुनासो राख्न नचाहेकोले लेखेर दिइएका सुझाव कार्यान्वयन गर्न गुनासोपेटिका राखिएको मेयर महतले बताए।

जनतासँग प्रत्यक्ष सरोकार राख्ने कार्यालयमा राखिएको उजुरी/गुनासो पेटिका अन्य कार्यालयको जस्तै प्रगोगविहीन हुनेमा चिन्ता पनि छ। यस्ता पेटिकामा जिल्ला प्रशासन कार्यालयमा छिटफुटरुपमा उजुरी परे पनि अन्य कार्यालयमा राखिएका उजुरीपेटिका भने पूर्णरुपमा प्रयोगविहीन बनेका छन्।

प्रयोगविहीन बनेपछि अधिकांश कार्यालयका उजुरीपेटिका माकुराको वासस्थानमा परिणत भएका छन्। प्राय: सबै कार्यालयका उजुरीपेटिकामा माकुराले जालो लगाएको छ। केही कार्यालयमा उजुरीपेटिका नै राखिएका छैनन् भने भएकाभित्र पत्रपत्रिकाका च्यातिएका टुक्रा, प्रचार पोस्टर र माकुराको जालो छन्। कुनै पनि कामका लागि कार्यालयमा आउने सेवाग्राही सिधै सम्बन्धित फाँट वा कार्यालय प्रमुखसँग पुग्ने गरेका छन्।

# मतपरिणाम अन्तिमतिर

भद्रपुर, (नेस)

झापामा रहेका १५ स्थानीय तहमध्ये ८ वटा तहको गणना सम्पन्न भएको छ। मतदान पश्चात शुरु गरिएको गणनामा दुई नगरपालिका र ६ वटा गाउँपालिकामा गणना सम्पन्न भइसकेको निर्वाचन कार्यालय झापाले जनाएको छ।

बुधबार साँझसम्मको विवरणअनुसार गाउँपालिकामा कचनकवल, हल्दीवारी, बाह्रदर्शी, गौरीगञ्ज, झापा र कमलको गणना सकिएको छ। त्यसै गरी गौरादह र कनकाई नगरपालिकाको गणना सम्पन्न भइसकेको मुख्य निर्वाचन अधिकृत सुदर्शनराज पाण्डेले बताउनुभयो। गणना सम्पन्न भइसकेकामा राप्रपाले ३ स्थान,कांग्रेस ३ र एमाले २ स्थान हासिल गरिसकेका छन्।

मेचीनगर, भद्रपुर, विर्तामोड, दमक, गौरादह नगरपालिका र बुद्धशान्ति गाउँपालिकामा गणना जारी रहेको अधिकृत पाण्डेले बताउनुभयो। अर्जुनधारा नगरपालिकामा विवाद भएकाले गणना शुरु गर्न छलफल भइरहेको छ।

# महोत्तरीका अधिकांश सडक हिलाम्य

लक्ष्मी कुमार साह, महोत्तरी

महोत्तरीको सदरमुकाम जोडने सबै सडकमा दुई दिनदेखि परेको पानी हिलाम्य भएको छ। लगातारको वर्षात्का कारण सडकमा पानी जमेपछि सो सडकमा चल्ने यातायात सेवासमेत प्रभावित बन्न पुगेको छ।

महोत्तरीमा सोमबार साँझदेखि परिरहेको पानीका कारण जलेश्वर-मटिहानी सडक खण्ड, जलेश्वर-सम्सी सडक खण्ड, भिट्टामोड, जलेश्वर जनकपुर सडक खण्ड, जलेश्वर-रौजा सडक खण्डलगायतका सडक हिलाम्मे भएका छन्।

लगातार पानी पर्न थालेपछि जलेश्वर मटिहानी सडक खण्डमा चल्ने यातायात समेत बन्द भएको छ भने महोत्तरीको हुलाकी सडकमा पर्ने भिट्टामोड जलेश्वर जनकपुर सडक, जलेश्वर सम्सी सडकको अवस्थासमेत पानीले गर्दा हिलाम्य भई यातायात सेवा प्रभावित बन्न पुगेको छ।

महोत्तरीको जलेश्वर मटिहानी सडकमा यत्रतत्र भएको खाल्डाखुल्डी र जमेको पानीले दुर्घटनाको जोखिम बढेको छ जसले जानआउन समस्यासमेत उत्पन्न भएको छ। यहाँको व्यस्त सडकमा गाडीको चाप अत्यधिक रहेको र वर्षापछि हिलामे हुँदा मानिस, साइकल, रिक्सा, मोटरसाइकललगायत सबै बीच सडकमा नै हिंड्ने गरेकाले दुर्घटनाको जोखिम उत्तिकै बढेको जलेश्वर ४ का स्थानीय अर्पण कर्णले बताए।

कर्णका अनुसार सो ठाउँमा एउटा मोटरसाइकल पार गर्न स्थानीयहरूले ६० रुपियाँदेखि एक सय रुपियाँसम्म लिने गरेका छन्। सडक निर्माण गर्ने ठेक्का पाएका ठेकेदारहरूले सुस्त गतिमा कामलाई अघि बढाउँदा अहिले उक्त सडक हिलाम्य भएकाले सडकमा आवतजावत गर्ने यात्रुलाई पहिले भन्दा बढी समस्या खेप्नुपरिहेको अवस्था आएको हो।



पानी जमेपछि सो सडकमा चल्ने सवारी साधन, पैदल यात्रीहरूलाई निकै समस्या परेको छ भने कतै कतै त वृहत मात्रामा पानी जमेकाले सवारी साधन चल्नै नसक्ने अवस्था समेत रहेको स्थानीय दिपु कुमार साहले बताए।

वर्षाका कारण हिलो र पानी जमेर सडकमा बस, जिप, ट्र्यांकर, ट्रक, टेम्पो, अटोरिक्सा र मोटरसाइकलसमेत चलाउन नसकिने अवस्था छ।

यहाँका व्यस्त सडकमा ओहोरदोहोर गरिरहने गाडीले छ्यापेको हिलोले बाटो हिंड्नै नसक्ने भएको छ। पसल अगाडिको सडकमा जमेको पानी र हिलोले आफूहरूको व्यापार चौपट बनाएको सुगाका व्यापारीहरू बताउँछन्।

# नगरप्रमुखलाई काम नगर्न अन्तरिम आदेश

बैतडी, (नेस)

दशरथ चन्द नगरपालिका बैतडीको प्रमुख नरेन्द्रसिंह थापालाई प्रमुखका रूपमा कामकारबाही नगर्न अन्तरिम आदेश दिएको छ।

बुधबार उच्च अदालत दिपायलको महेन्द्रनगर इजलासका मुख्य न्यायाधीश यज्ञप्रसाद बस्यालको एकल इजलासले सो आदेश दिएको हो।

मतगणना परिणाम बदर गरी फेरि मतगणना गराउन माग गर्दै राप्रपाका मेयरका उम्मेदवार पुष्करराज जोशीले रिट दायर गर्नुभएको थियो। उच्च अदालत नियमावली २०७३ को नियम ६१ वमोजिम अन्तरकालीन आदेश माग गरेकोले निवेदन व्यहोरा र बहस जिकिर सुनी विचार गर्दा दुवै पक्षलाई रोहबरमा राखि छलफल गराउन उचित देखिएकाले छलफलका लागि असार २९ गतेको पेशीसमेत तोकिएको छ।

असार २९ गते दुवै पक्षसंगको छलफलपछि अदालतले फैसला सुनाउने भएको छ। ६२ मत अन्तरले कांग्रेसका नरेन्द्रसिंह थापासँग पराजित भएका जोशीले गणनामा धाँधली भएको दाबी गर्दै आएका छन्। नेपाली कांग्रेसका नरेन्द्रसिंह थापा ३ हजार ७ सय ६२ मत ल्याएर विजयी भएका हुन्।

भने राप्रपाका पुष्करराज जोशी लख्खाभाइले ३ हजार ७ सय मत प्राप्त गर्नुभएको हो। धाधली पूर्ण रुपमा मतगणना भएको भन्दै राप्रपाले मंगलबार उजुरी दर्ता गराएको थियो। मत गणनामा धाँधली भएको ठहर गर्दै राप्रपा बैतडीले चुनावी परिणाम स्वीकार नगर्ने घोषणा गरेको छ।

मतगणनामा संलग्न केही कर्मचारी र प्रतिस्पर्धी पार्टीका कार्यकर्ताहरूको मिलेमतोबाट आफ्नो विपक्षमा एकतर्फी रुपमा मतपरिणाम घोषणा गरिएको आरोप राप्रपाले लगाउँदै आएको छ।

मतगणना स्थलमा खटिएका आफ्नो पार्टीका प्रतिनिधिहरूको गम्भीर असहमति हुँदाहुँदै पनि मुख्य निर्वाचन अधिकृतले औंठा छाप लगाएको मत पनि सदर गरेको आरोप राप्रपाको छ।

साथै मतपरिणामको विवरण माइकिङ गर्दा र कम्युटरमा इन्ट्री गर्दा फरकफरक राखेको पाइएको प्रमाण पाइएकाले कुनै हालतमा पनि मतपरिणाम स्वीकार गर्न नसकिने राप्रपा जिल्ला अध्यक्ष प्रेमबहादुर चन्दले बताउनुभएको छ।

# प्राथमिक उपचारपछि बालकको दोस्रो जन्म

चिरञ्जीवी मास्के, दोलखा

सर्मिला बस्नेत वर्ष २१, काखमा दुई महिनाको छोरा बोकेकी छन्। दोलखा विगु गाँउपालिका वडा नम्बर ४ लादुकमा घर नजिक भेटिएकी सर्मिलाले भनिन् - 'मेरो यो छोराले जन्मिएको एक घण्टामै दोस्रो जन्म लिएको छ।'

उनको कुरा आश्चर्य लाग्दो र घत लाग्दो छ। एक घण्टामै दोस्रो जन्म ? जिज्ञासा लाग्नु स्वभाविक हो। स्थानिय महिला स्वयमसेवीका दुर्गा खड्काले भनिन्- 'सर्मिलाको छोरा दीक्षान्त महिना नपुगी जन्मिएका हुन्। दीक्षान्त जन्मदा ढुकढुकीसम्म नभएको बताउने महिला स्वयमसेवीका दुर्गा बच्चालाई आफूले कृतिम शास दिएर बचाएको बताउँछिन्।

दीक्षान्तको जन्म भएपछि सर्मिलाका आफन्तले महिला स्वयमसेवीका दुर्गा खड्कालाई बोलाए । उनी पुग्दा बच्चाको ढुकढुकीसमेत नभएकाले सबै आफन्त बच्चालाई माया मारेर आमाको स्याहार गर्नतिर लागेका थिए। दुर्गाले भनिन् - 'जब मैले बच्चालाई देखें मैले प्रयास परियोजनामार्फत जोखिम न्यूनीकरण कार्यक्रमअन्तर्गत प्राथमिक उपचार तालिम लिएको सम्झिए। उक्त तालिममा शास फेर्न नसकेको अवस्थामा कृतिम शास दिने तरिका सिकेकी दुर्गाले बच्चालाई एक घण्टा जति मुखमा मुख लगाएर कृतिम शास दिइन्। झण्डै एक घण्टा मुखमा मुख लगाएर कृतिम शास दिएपछि बच्चाको ढुकढुकी शुरु भएको र रुन लागेको दुर्गाले बताइन्।

प्रयास परियोजनाले जोखिम न्यूनीकरण कार्यक्रमअन्तर्गत सञ्चालन गरेको प्राथमिक उपचारसम्बन्धी तालिम निक्कै उपयोगी रहेको दुर्गाले बताइन्। हाम्रोजस्तो पहाडी भेगमा विभिन्न कारणले जोखिम छ त्यसैले हरेक नागरिकलाई प्राथमिक उपचारसम्बन्धी तालिम आवश्यक हुन्छ' -दुर्गाले भनिन्। आफूले झण्डै ३० वर्षदेखि महिला स्वयम्सेवीकाको रूपमा काम गरेको भए पनि प्राथमिक उपचारका बारेमा प्रयास परियोजनाको कार्यक्रम पछि मात्र जानकारी पाएको र त्यसलाई व्यवहारिक रुपमा सफल प्रयोगसमेत गर्न पाएकाले निक्कै खुसी लागेको दुर्गाले बताइन्।

दोस्रो जन्म पाएको छोरा बोकेर महिला स्वास्थ्य स्वयमसेवीका दुर्गासंगै बसेकी सर्मिलाले भनिन्- 'स्वास्थ्यकर्मी र स्वास्थ्य संस्थाको पहुँचभन्दा टाढा रहेको ग्रामीण भेगमा हरेक नागरिकलाई प्राथमिक उपचारसम्बन्धी ज्ञान दिँदा निक्कै उपयोगी हुने रहेछ।'

युरोपेली समुदायको मानवीय सहायता विभाग र एडीसीको आर्थिक सहयोग, ह्यान्डीक्याप इन्टरनसनल र केयर नेपालसंगको साझेदारीमा सामुदायिक विकास मञ्च नेपाल दोलखाले बिगु गाउँपालिका वडा नं ४ लादुक (साबिक लादुक गाविस) र कालिञ्चोक गाउँपालिका वडा नं ३ र ४ लामिडाँडा (साबिक लामिडाँडा गाविस) मा प्रयास परियोजना सञ्चालन गरेको छ। प्रयास परियोजनाअन्तर्गत नेपालको भूकम्प प्रभावित क्षेत्रमा प्राकृतिक विपद्को असरलाई कम गर्न स्थानीय समुदाय र संस्थाहरूको उत्थानशीलता बढाउने उद्देश्यले विपद् जोखिम न्यूनीकरण कार्यक्रम सञ्चालन गरिरहेको परियोजना संयोजक गोपालकृष्ण वस्नेतले बताए।

## विवादले...

झाले राजपाको मुख्य आधार मधेस भएकाले मधेसको इतिहास र मधेस राजनीतिलाई बिर्सिन नहुने बताउँदै आफूहरू पहिचानको संघर्ष गर्दै आएको तर आफ्नै पहिचान बिर्सिने काममा सहमत नहुने बताउनुभयो।

यादवले विधानको विषयमा प्रतिक्रिया दिन चाहनुभएन। उहाँले विधानमाथि छलफल जारी रहेको बताउनुभयो। आफूले कुनै विरोध नगरेको बताउँदै छलफलको क्रममा रहेको यादवले बताउनुभयो।

राजपाका स्रोतका अनुसार पार्टी दर्ताका लागि सबै दस्तावेजहरू तयार भइसकेको थियो। नेता शरतसिंह भण्डारी भारत जाने भएकाले उहाँले हस्ताक्षर पनि गर्नुभएको थियो। तर विधानमा मधेस राजनीतिको इतिहास नभेटेपछि अनिल झाले हस्ताक्षर गर्नुभएन। जसकारण पार्टी दर्ता रोकियो।

## आज...

प्रधानमन्त्रीले पौडेल पक्षसंग मन्त्री हुने नेताको नाम मागेपछि पौडेल पक्षका नेताहरू प्रकाशमान सिंह, महामन्त्री डा. शशांक कोइरालालगायतका नेताहरूको बैठकले प्रधानमन्त्रीले आफ्नो पक्षले पाउने मन्त्रालयको नाम दिएपछि मात्र मन्त्री बन्नेको नाम टुंगो लगाउने बताएका थिए।

प्रधानमन्त्री देउवाले सिटौला पक्षलाई एउटा मन्त्रालय दिने भने पनि मन्त्रालयको टुंगो लगाउनुभएको छैन। सिटौला पक्षबाट भीमसेनदास प्रधानलाई पठाउने स्रोतले जानकारी दिएको छ। वर्तमान संयुक्त सरकारमा कांग्रेसले १२ वटा मन्त्रालय राख्ने माओवादी केन्द्रसंग सहमति भएको छ। प्रधानमन्त्रीले पार्टीभित्रको गुट व्यवस्थापन गर्न पौडेल र सिटौला पक्षलाई ५ वटा मन्त्रालय दिने र अन्य मन्त्रालय आफ्नो पक्षलाई दिने तयारी गर्नुभएको छ।

प्रधानमन्त्री निकटस्रोतले नेपाल समाचारपत्रलाई जानकारी दिएअनुसार पार्टीभित्रको भागबण्डा मिलेमा प्रधानन्त्री देउवाले आज बिहीबार मन्त्रीमण्डलको विस्तार गर्ने तयारी गरिरहनुभएको छ।

## देउवा...

सभापति देउवाले पटक-पटक गरी १२ जना केन्द्रीय सदस्य मनोनित गरेपनि ९ जना केन्द्रीय सदस्य अझै मनोनित गर्न बाँकी छ। अझ केन्द्रीय नीति तथा प्रशिक्षण प्रतिष्ठानको नेतृत्व गर्नुपर्ने उपसभापति मनोनित नहुँदा कांग्रेसको नीति तथा कार्यक्रम आमजनताको माझमा लैजान समस्या भएको बताइएको छ। कांग्रेसको विभिन्न केन्द्रीय विभागहरू पनि अझै गठन भएको छैन। महाधिवेशनको क्रममा आफू सभापति भए लगत्तै पार्टीको संगठनात्मक संरचनालाई पूर्णता दिने प्रतिवद्धता व्यक्त गर्नुभएका सभापति देउवाले नयाँ संविधानअनुसार पार्टीको सांगठनिक संरचना निर्माणका लागि विधान संशोधन गर्न महासमिति बैठक बोलाउने तयारीसमेत नगरेको भन्दै कांग्रेसभित्र असन्तुष्टि पैदा भएको छ।

सभापति देउवाका कारण पार्टीभित्रको गुट अझ मौलाउँदै गएको भन्दै एक केन्द्रीय सदस्यले भने- 'महाधिवेशनअघि दुई गुट सशक्त रूपमा देखिएको थियो। अहिले सशक्त रूपमा तीन गुट देखिएको छ। कांग्रेसभित्र अहिले संस्थापनको रूपमा देउवा गुट, वरिष्ठ नेता रामचन्द्र पौडेल गुट र नेता कृष्णप्रसाद सिटौला गुट हाबी छ भने अन्य शीर्ष नेताहरूको थप उपगुट पनि छ। गुटलाई मिलाउन नसकेका कारणले पनि स्थानीय निर्वाचनमा अनपेक्षित हार व्यहोर्नु परेको भन्दै पार्टीभित्र सभापति देउवाको आलोचना भइरहेको केन्द्रीय सदस्यहरूले बताउन थालेका छन्।

सधैं आलोचनाको पात्र बन्दै आउनुभएका सभापति देउवा सभापति हुनुपूर्व पनि पार्टीभित्रको विमतिहरूलाई लोकतान्त्रिक विधिले व्यवस्थापन गर्नुभन्दा नेतृत्वलाई अप्ठेरो पार्ने कदम चालेको, पार्टीलाई विभाजन गरेको र दरबारमा प्रजातन्त्र बुझाएको, आफू प्रधानमन्त्री भएको बेला सांसद खरिदबिक्रीलगायत विकृतिजन्य काम गरी संसदीय प्रणालीलाई बदनाम गरेको तथा पार्टीमा योगदान गरेका र दु:ख पाएका कार्यकर्ताहरूको उपेक्षा गर्ने र नव कांग्रेसीहरूमाथि बढी भर गर्ने गरेको भन्दै आलोचित थिए।

## सशस्त्रभित्र...

सबै एआईजी र डीआईजी सदस्य रहने गरी कार्यदल गठन गरिएको सशस्त्र प्रहरी बलका प्रवक्ता सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक राजु अर्यालले जानकारी दिनुभयो।

उहाँले नेपाल समाचारपत्रसंग कुरा गर्दै भन्नुभयो- 'वरिष्ठ एआईजी प्रेमकुमार शाहीको संयोजकत्वमा गठन भएको कार्यदलले संगठनको भावनालाई प्रतिनिधित्व गर्ने छ।' -प्रवक्ता अर्यालले भन्नुभयो संगठनका बारेमा अहिले जे कुरा बाहिर आएको छ त्यसमा सत्यता छैन, संगठन अहिले एक ढिक्काका साथ अगाडि बढेको छ।

सशस्त्र प्रहरी बलभित्र देखिएको व्यक्तिवादी चरित्रले संगठन बद्नाम भएको भन्दै गृहमन्त्री जर्नादन शर्माले सशस्त्र प्रहरी महानिरीक्षक सिंहबहादुर श्रेष्ठलाई संगठनको हितविपरीत हिंड्नेमाथि कारवाही प्रकृया अगाडि बढाउन निर्देशन दिइसक्नुभएको छ।

# अर्थ

'यस्ता स्मार्ट मिटरमा हामीले विद्युत् महशुल तिर्दा अग्रिम महशुल भुक्तानी अर्थात् प्रिपेड सेवा उपलब्ध गराउने विषयमा पनि काम गरिरहेका छौं,' प्रवक्ता अधिकारीले भन्नुभयो।

2017, JULY
Thursday
6

RHINO GUARANTEED DUCTILITY Fe 500D

बिक्री मूल्य रु. प्रति किलोग्राम

| स्थानहरु | राईनो स्टील | | | |
|---|---|---|---|---|
| | ८ एम.एम | १०-२० एम.एम | २५ एम.एम | २८-३२ एम.एम |
| काठमाडौं, भक्तपुर, ललितपुर, बनेपा | ७८ | ७५ | ७८ | ७८ |
| सिमरा, वीरगञ्ज, कलैया, हेटौंडा | ७६/४० | ७३/४० | ७६/४० | ७६/४० |
| मलंगवा, जनकपुर, नारायणघाट | ७७ | ७४ | ७७ | ७७ |
| लाहान, विराटनगर, धरान, इटहरी, बुटवल, भैरहवा, कृष्णनगर | ७७ | ७४ | ७७ | ७७ |
| विर्तामोड, दमक, नेपालगञ्ज, धनगडी | ७८ | ७५ | ७८ | ७८ |
| पोखरा, स्याङजा | ७८ | ७५ | ७८ | ७८ |

नोटः उपरोक्त मूल्यमा १ रुपैयाँ प्रति के. जी. अन्तशुल्क र १३% मु.अ.कर थप लाग्नेछ ।
नेपालमा पहिलो पटक, नेपालकै लागि
NS:191 IS : 1786
RHINO 500D 12
Available at Samakhushi (01-4384786), Swayambhu (9841356008), Satungal (9841687562), Dhumbarai (01-446169) Sanepa ( 01-5525049 / 01-5555259), Bhaktapur (01-6616205), Banepa (9851054994), Pokhara (9845494757), Gwarko (01-5200333, 9851027694), Dakshindhoka, Jorpati (9851007467)

ज्योति हिमाल स्टील आजको भाउ

| | टोरस्टिल | | | टि. एम. टि. टेम्पकोर | | | टोरकारी | एनिल्ड |
|---|---|---|---|---|---|---|---|---|
| | ८ मि.मि. | १०-२० मि.मि. | २५-३२ मि.मि. | ८ मि.मि | १०-२० मि.मि | २५-३२ मि.मि. | ४.७५-७ मि.मि. | |
| काठमाडौं | ७७.८५ | ७६.८५ | ७९.३५ | ७८.३५ | ७५.३५ | ७७.८५ | ७७.६५ | ८७.२२ |
| बीरगंज | ७५.९५ | ७४.९५ | ७७.४४ | ७६.४५ | ७३.४५ | ७५.९४ | ७५.७५ | ८५.४२ |
| विराटनगर | ७६.४५ | ७५.४५ | ७७.९४ | ७६.९५ | ७३.९५ | ७६.४४ | ७६.२५ | ८६.०२ |

• अन्तः शुल्क/भ्याट बाहेक प्रति किलो मूल्य • ५०० के.जी. माथि नेपालभरि फ्रि होम डेलिभरी
• अन्य ठाउँको मूल्य नजीकको डिपोबाट लिनु होला । तौलमा हुक र चुरा समावेश छ ।

नेपालको नं. 1 मारुती सिमेन्ट
हामी बनाउँदैछौं नेपाललाई...

SHIVAM GROUP
नेपालकै एक मात्र EUROPEAN VRM MACHINE बाट उत्पादित
सर्वोत्तम सिमेन्ट सर्वोत्तम भविष्य

# उपत्यकामा सार्वजनिक यातायातका लागि नयाँ व्यवस्था

नेपाल समाचारपत्र
काठमाडौं

आगामी साउन १ गतेदेखि राजधानीबाट छुट्ने लामो दूरीका सार्वजनिक यात्रुबाहक सवारी साधनको प्रस्थान बिन्दु गोंगबुमात्रै हुने भएको छ। यससँगै लामो दूरीका लागि छुट्ने सवारीसाधन गौशला, जोरपाटीलगायत अन्य स्थानबाट छुट्न नपाउने भएका छन्।

बुधबार बसेको यातायात व्यवस्था विभाग र कार्यालय तथा ट्राफिक प्रहरी संलग्न बैठकले लामो दूरीका सार्वजनिक यात्रुबाहक सवारी साधनको आगमन र प्रस्थान गोंगबु बसपार्कमा मात्रै सीमित गर्ने निर्णय गरेको हो। उपत्यकाको ट्राफिक व्यवस्थापन सहज बनाउने उद्देश्यका साथ सो निर्णय गरिएको महानगरीय ट्राफिक प्रहरी महाशाखाले जनाएको छ।

**लामो दूरीका सवारीसाधान नयाँ बसपार्कबाट मात्रै छुट्ने र कलंकी-नयाँ बसपार्क यात्रामा स्वयम्भुको रूट मात्र प्रयोग गर्नुपर्नेछ।**

हाल गोंगबुबाहेक अन्य स्थानबाट लामो दूरीका सवारी साधनलाई सम्झाई बुझाई मात्र गरेर छोडिने गरिएकोमा साउन १ गतेदेखि कारबाही गर्न शुरू गरिने भएको हो। साउन १ गतेदेखि उपत्यका बाहिरबाट उपत्यका प्रवेश गरेका सवारी साधन कलंकीबाट बायाँ मोडिएर सिधै नयाँ बसपार्क जानुपर्नेछ। त्यस्तै उपत्यकाबाट बाहिरिने लामो दूरीका सवारी साधन पनि सिधैं नयाँ बसपार्कबाट बायाँ मोडिएर कलंकी-नागढुंगा हुँदै उपत्यका बाहिरिनुपर्ने भएको हो।

बैठकले गोंगबुस्थित नयाँ बसपार्क र पुरानो बसपार्कको क्षमता र सवारी साधनको संख्या हेरी बसपार्क सम्बन्धी वैकल्पिक व्यवस्थापन गर्न चक्रपथसँग जोडिएका स्थानीय तहमा मेयर र कार्यकारी अधिकृतसँग छलफल गर्ने निर्णय पनि गरेको छ। त्यस्तै चक्रपथको हरियाली क्षेत्रमा सवारी साधन पार्किङ गर्नसमेत निषेध गरिने भएको छ। सो क्षेत्रमा पर्किङ गर्ने सवारी साधनलाई असार २५ गतेदेखि कारबाही शुरू गरिने भएको छ।

बुधबार यातायात व्यवस्था विभागका महानिर्देशक रूपनारायण भट्टराईको अध्यक्षतामा प्रहरी नायब महानिरीक्षक मिङ्मार लामा, यातायात व्यवस्था कार्यालय प्रमुख बसन्त अधिकारी, विभिन्न यातायात व्यवसायका पदाधिकारी तथा अन्य यातायात विभागका अधिकृत र ट्राफिक प्रहरी अधिकृतको उपस्थितिमा यी निर्णय गरिएको हो।

## नेप्सेमा सुधारको संकेत

काठमाडौं, (नेस)

साताको चौंथो दिन बुधबार नेप्से परिसूचकमा सुधार आएको छ। १ हजार ५ सय ४१ दशमलव २८ बाट शुरू भएको बजार परिसूचक बुधबार १ हजार ५ सय ११ दशमलव शून्य ५ को बिन्दुमा आएर रोकियो।

बुधबार शेयर बजारमा ४८ करोड २९ लाख ८४ हजार २ सय ९४ रुपियाँको कारोबार भयो। यसैक्रममा १ सय ३८ कम्पनीका १० लाख ७९ हजार ५ सय ७६ कित्ता शेयर कारोबार भए। कारोबार रकम मंगलबारको भन्दा १० करोड ३० लाख रुपियाँ बढी हो।

नेपाल राष्ट्र बैंकले सार्वजानिक गर्न लागेको आगामी आर्थिक वर्षको मौद्रिक नीतिमा धितोपत्र बजारलाई सकारात्मक असर पार्ने नीतिले लगानीकर्तामा आउने आशाको प्रभाव बजारमा परेको बताइएको छ। त्यस्तै शेयर कारोबारको राफसाफ प्रक्रिया अवधि घटेपछि बजारमा सकारात्मक प्रभाव परेको जानकारहरूको बुझाइ छ।

त्यस्तै 'क' वर्ग कम्पनीको मापन गर्ने सेन्सेटिभ इन्डेक्स दुई दशमलव १२ अंकले बढेर ३ सय २९ दशमलव २० को बिन्दूमा पुगेको छ।

बुधबार कारोबारमा आएका होटल, उत्पादनमूलक बाहेकका सबै समूहका परिसूचक उकालो लागेपछि समग्र बजार बढेको हो। बुधबारको कारोबारमा आएका आठ समूहमध्ये सबैभन्दा धेरै बीमा समूह ५० दशमलव शून्य ६ अंकले बढेको छ। त्यस्तै जलविद्युत् समूहमा पनि २० दशमलव २६ अंकको सुधार आयो। बुधबार विकास बैंक १४ दशमलव शून्य ८, बैंकिङ समूहमा पनि ९ दशमलव ९४, फाइनान्स २ दशमलव शून्य ८, अन्य समूह शून्य दशमलव ८६ अंकले बढेका छन्।

बुधबार होटल र उत्पादनमूलक समूह क्रमशः ६ दशमलव ३१ र ३ दशमलव २६ अंकले ओरालो लागे। बुधबार सबैभन्दा धेरै कारोबार नेपाल लाइफ इन्स्योरेन्स कम्पनीको भयो। कम्पनीका कूल २३ हजार ८ सय ४६ कित्ता शेयर ४ करोड ७९ लाख १९ हजार ५२ रुपियाँमा कारोबार भए। कारोबार रकमका आधारमा सानिमा बैंक र कुमारी बैंक क्रमशः दोस्रो र तेस्रो स्थानमा रहे। मंगलबार ग्रामीण माइक्रोफाइनान्स विकास केन्द्रका लगानीकर्ताले सबैभन्दा धेरै कमाए। कम्पनीको शेयर मूल्य सर्वाधिक ६ दशमलव ६२ प्रतिशतले बढ्दा वर्ल्ड मचेन्ट बैंकिङ तथा वित्त लिमिटेडका लगानीकर्ताले सबैभन्दा धेरै शेयर मूल्यको ४ दशमलव २५ प्रतिशत गुमाए।

यसैबीच धितोपत्र राफसाफ तथा फछ्र्यौट कार्यविधि-२०७४ ले शेयर खरिदकर्ताले दुई कार्य दिनमा बुझाई सक्नुपर्ने व्यवस्था बुधबारदेखि नयाँ नियम लागू भएको छ।

## 'राजस्व चुहावट नियन्त्रणका लागि शून्य सहनशीलता'

काठमाडौं, (नेस)

अर्थमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले राजस्व चुहावट नियन्त्रणका लागि कडाइका साथ लाग्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ। बुधबार अर्थ मन्त्रालयमा राजस्व चुहावट नियन्त्रण समितिको बैठकमा अर्थमन्त्री कार्कीले राजस्व चुहावट नियन्त्रणका लागि शून्य सहनशीलताको नीति लिने बताउनुभएको हो। बैठकमा मन्त्री कार्कीले राजस्व चुहावट नियन्त्रणमा संलग्न प्रशासन, स्थानीय प्रशासन र सुरक्षा निकायबीच सूचना आदान-प्रदान र समन्वय गर्न निर्देशन दिनुभयो। उहाँले समन्वय चुहावट नियन्त्रण गर्न आवश्यक रहेको औंल्याउँदै व्यावसायिक वातावरण बिग्रिन नदिनका आवश्यक भूमिका खेल्न मार्गदर्शन समेत गर्नुभयो।

अर्थ मन्त्रालयका अनुसार मन्त्री कार्कीले व्यावसायिक वातावरण बिग्रन नदिई तोकिएको लक्ष्य हासिल गर्नुपर्नेतर्फ ध्यान दिन सहभागीलाई आग्रह गर्नुभयो। कार्यक्रममा अर्थसचिव डा. शान्तराज सुवेदीले नियमित अनुसन्धान गरी करको दायरामा नआएका करदाताको अनुसन्धान र निगरानीलाई जोड दिनुपर्ने बताउनुभयो। उहाँले चुहावट नियन्त्रणका लागि केन्द्रस्तर र जिल्लास्तरका चुहावट नियन्त्रण समितिको बैठक नियमित बसेर समन्वयात्मक काम गर्न निर्देशनसमेत दिनुभयो। यस्तै राजस्व सचिव शिशिर ढुंगानाले राजस्व चुहावट नियन्त्रणमा खटिएका सुरक्षाकर्मी तथा सबै नियन्त्रणकारी निकायले राजस्व चुहावट नियन्त्रण नीति दृढतापूर्वक कार्यान्वयन गर्ने र संवेदनशील नाका र वस्तुको यकिन गरी नियमित रूपमा अनुगमन गर्नुपर्ने बताउनुभयो।

कार्यक्रममा अर्थमन्त्रालयको राजस्व व्यवस्थापन महाशाखाका प्रमुख विष्णु नेपालले यसअघिका बैठकमा भएका निर्णयको समीक्षा गर्नुभएको थियो। छलफलमा अर्थ तथा गृह मन्त्रालयका अधिकारी, नेपाल प्रहरी तथा सशस्त्र प्रहरी बलका महानिरिक्षकलगायतका पदाधिकारी तथा राजस्व संकलनसँग सम्बन्धित विभागका प्रमुखहरूले राजस्व चुहावटसम्बन्धी धारणा प्रस्तुत गर्नुभएको थियो।

## विनिमय दर

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग
२०७४ असार २२ जुलाई ६ २०१७

### खुला बजार विनिमय दर नेपाल राष्ट्र बैंकको

| | खरिद दर | बिक्री दर |
|---|---|---|
| भारतीय रुपियाँ १०० का रु. | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर १ का रु. | १०३।३७ | १०३।९७ |
| युरो १ का रु. | ११७।१५ | ११७।८३ |
| पाउन्ड स्टर्लिङ १ का रु. | १३३।५४ | १३४।३२ |
| स्विस फ्रन्क १ का रु. | १०६।९१ | १०७।५३ |
| अस्ट्रलियन डलर १ का रु. | ७८।६१ | ७९।०७ |
| क्यानाडियन डलर १ का रु. | ७९।८१ | ८०।२७ |
| सिङ्गापुर डलर १ का रु. | ७४।७४ | ७५।१८ |
| जापानी यन १० का रु. | ९।११ | ९।१६ |
| चिनियाँ युआन १ का रु. | १५।२० | १५।२९ |
| साउदी अरब रियाल १ का रु. | २७।५६ | २७।७२ |
| कतारी रियाल १ का रु. | २८।३९ | २८।५६ |
| थाई भाट १ का रु. | ३।०४ | ३।०६ |
| सं. अरब इमिरट दिराम १ का रु. | २८।१४ | २८।३१ |
| मलसियन रिङ्गिट १ का रु. | २४।०६ | २४।२० |
| दक्षिण कारियन वन १०० का रु. | ८।९६ | ९।०१ |

### खरिद दर

| | खरिद दर |
|---|---|
| स्विडिस क्रानर १ का रु. | १२।१२ |
| डनिस क्रानर १ का रु. | १५।७५ |
| हङकङ डलर १ का रु. | १३।२४ |

**नोटः** वर्तमान व्यवस्था अन्तर्गत वणिज्य बैङ्कहरूले तोकेका खुला बजार विनिमय दर भने फरक हुन सक्नेछ। चिनियाँ युआन चिनियाँ पर्यटक, नेपाली निर्यातकर्ता तथा आयातकर्ता, चीन भ्रमणमा जाने नेपाली नागरिकहरू र चीनमा अध्ययन गर्ने विद्यार्थीसँग मात्र खरिद/बिक्री गर्न पाइने।

## पहिरोको जोखिममा जलविद्युत् आयोजना

रसुवा, (नेस)

रसुवाको उत्तरगया गाउँपालिकामा रहेको मैलुङ जलविद्युत् आयोजना पहिरोको उच्च जोखिममा परेको छ।

पाँच मेगावाटको उक्त आयोजना वर्षेनी बाढी तथा पहिरोका कारण उत्पादन बन्द हुने गरेको छ।

भूकम्पका कारण महिनौंसम्म उत्पादन ठप्प भएको आयोजना आइतबार राती वर्षासँगै मैलुङ र न्यामन्याम खोलामा आएको बाढीका कारण फेरि पनि उत्पादन बन्द हुन पुगेको छ।

बाढीले सडक तथा पेनस्टक पाइपलाई समेत क्षति पुऱ्याउँदा करिब १० करोड रुपियाँ बराबरको नोक्सानी भएको आयोजनाले जनाएको छ। भत्केका संरचना मर्मत गरी छिटो विद्युत् उत्पादन गर्न प्राविधिक अध्ययन शुरू भइसकेको आयोजनाको भनाइ छ।

# प्राधिकरणले स्मार्ट मिटर र स्वचालित विद्युत् वितरण प्रणाली निर्माण गर्दै

हेमन्त जोशी, काठमाडौं

नेपाल विद्युत प्राधिकरणले भूमिगत विद्युत प्रसारण (अन्डरग्राउन्ड ट्रान्समिसन) प्रणाली निर्माणसँगै स्मार्ट मिटर र स्वचालित वितरण प्रणालीको निर्माण गर्ने भएको छ। एसियाली विकास बैंकको आर्थिक सहयोगमा पहिलो चरणमा रत्नपार्क वितरण केन्द्र र महाराजगन्ज वितरण केन्द्र जोड्ने गरी भूमिगत विद्युत् प्रसारण प्रणालीसँगै उपभोक्तालाई स्मार्ट मिटर वितरण स्वचालित विद्युत् वितरण प्रणालीको काम थालिने प्राधिकरणका प्रवक्ता प्रवल अधिकारीले बताउनुभयो।

प्रवक्ता अधिकारीले नेपाल समाचारपत्रसँग कुरा गर्नु हुँदै भन्नुभयो-'पहिलो चरणमा प्रसारण प्रणालीलाई भूमिगत गर्नका लागि हामीले एक महिनाभित्रै बोलपत्र आह्वानको प्रक्रिया सक्ने लक्ष्य लिएका छौं। पहिलो चरणमा रत्नपार्क वितरण केन्द्र र महाराजगन्ज वितरण केन्द्रबीचमा पर्ने प्रसारणलाइन भूमिगत गर्न लागेका हौं।'यसरी निर्माण गर्न लागिएको भूमिगत प्रसारण प्रणाली नयाँ प्रविधिमैत्री भएको अधिकारीको भनाइ छ। भूमिगत रूपमा विद्युत् प्रसारणलाइन निर्माण गर्नेसँगै वितरण प्रणाली पनि उच्च प्रविधियुक्त बनाइनेछ। स्मार्ट मिटरको प्रयोग र उच्च प्रविधियुक्त स्वचालित वितरण प्रणाली विकसित मुलुकमा अभ्यासमा रहेको र यस्तो प्रविधि बिस्तारै नेपालमा पनि लागू गर्न लागिएको प्रवक्ता अधिकारीले बताउनुभयो।

पहिलो चरणमा रत्नपार्कदेखि महाराजगन्ज क्षेत्रमा हालका करिब ९० हजार मिटर प्रतिस्थापन हुनेछन् भने केही वर्षभित्रै उपत्यकाका ३ लाख ६० हजार मिटर लाई प्रतिस्थापन गरिने छ। यस्ता स्मार्ट मिटरले केन्द्रसँग दोहोरो रूपमा सूचनाको आदानप्रदान समेत गर्नेछन्। यस्ता स्मार्ट मिटरलाई केन्द्रसँग जोडिनेछ भने केन्द्रबाट नै विद्युत् लाइन काट्ने जोड्ने, विद्युत् महशुलको बारेमा जानकारी लिने-दिने लगायतका सुविधा हुनेछन्। 'यस्ता स्मार्ट मिटरमा हामीले विद्युत् महशुल तिर्दा अग्रिम महशुल भुक्तानी अर्थात् प्रिपेड सेवा उपलब्ध गराउने विषयमा पनि काम गरिरहेका छौं,' प्रवक्ता अधिकारीले भन्नुभयो।

त्यस्तै विद्युतको स्वचालित वितरण प्रणाली निर्माणका लागि पनि प्राधिकरणले सँगै अगाडि बढाउने छ। जस अन्तर्गत उच्च प्रविधियुक्त 'रेडियो कम्युनिकेसन' प्रणालीमा आधारित सूचना प्रणाली पनि जडान गरिने छ। यस्तो प्रविधिले वितरणमा देखिएका समस्याको पहिचानमा सहजता ल्याउनेछ भने केन्द्रबाटै सञ्चालन र निगरानीको काम समेत गरिने छ। हाल प्रसारणलाइनमा समस्या देखिँदा प्राविधिकलाई कुन ठाउँमा समस्या देखिएको हो भन्ने छुट्याउन नै गाह्रो हुने गरेकामा अब निर्माण हुने प्रसारणलाइनमा भौगोलिक सूचना प्रणाली (जीआईएस) समेत जोडिने छ। जीआईएसले प्रसारणलाइन वा वितरण प्रणालीमा समस्या देखिँदा कुन ठाउँमा समस्या देखिएको हो भन्ने कुरा समेत छुट्याइदिनेछ। यस्तो प्रविधिले प्रसारण र वितरणमा देखिएका समस्यालाई तत्काल निदान गर्न समेत सजिलो हुने अधिकारीले बताउनुभयो।

### २ सय मेगावाट विद्युत् माग थपिँदै

आगामी आर्थिक वर्षमा मुलुकमा करिब २ सय मेगावाट विद्युत् माग थपिने प्राधिकरणले जनाएको छ। प्रत्येक वर्ष १० प्रतिशतका दरले बढिरहेको विद्युत् माग पूर्ति गर्न प्राधिकरणले पहिलोपटक सोलार प्यानल समेत खरिद गर्ने भएको छ। सुख्खायाममा विद्युत् उत्पादनमा कमि आउने गरेकामा यस वर्ष सुख्खायाम शुरू हुनुभन्दा अगावै ६१ मेगावाट विद्युत् उत्पादन क्षमताका सोलार प्यानल र ब्याट्रीहरूको व्यवस्था गर्न लागेको हो। त्यस्तै सरकारी क्षेत्रबाट यसवर्ष ३० मेगावाट क्षमताको चमेलिया आयोजनासहित ४४ मेगावाट विद्युत् राष्ट्रिय प्रसारणलाइनमा जोडिने छ। त्यस्तै निजी क्षेत्रबाट पनि २ सय ५० मेगावाट विद्युत् थपिने प्राधिकरणले जनाएको छ।

## SHARE MARKET

5 JULY WEDNESDAY, 2017

| S.No. | Traded Companies | Total Share | Max. Price | Min. Price | CP Price | Diff Rs. |
|---|---|---|---|---|---|---|
| 1 | Agriculture Development Bank Limited | 11348.00 | 425.00 | 419.00 | 425.00 | 5.00 |
| 2 | Api Power Company Ltd. | 601.00 | 555.00 | 540.00 | 550.00 | 3.00 |
| 3 | Arun Kabeli Power Ltd. | 3711.00 | 417.00 | 405.00 | 417.00 | 8.00 |
| 4 | Arun Valley Hydropower Dev. Co. Ltd. | 3728.00 | 270.00 | 258.00 | 270.00 | 7.00 |
| 5 | Asian Life Insurance Co. Limited | 3800.00 | 1455.00 | 1441.00 | 1455.00 | 9.00 |
| 6 | Bank of Kathmandu Ltd. | 16520.00 | 450.00 | 443.00 | 450.00 | 0.00 |
| 7 | Barun Hydropower Co. Ltd. | 60.00 | 255.00 | 255.00 | 255.00 | -5.00 |
| 8 | Bhargav Bikash Bank Ltd. | 300.00 | 287.00 | 287.00 | 287.00 | -5.00 |
| 9 | Butwal Power Company Limited | 495.00 | 615.00 | 615.00 | 615.00 | 4.00 |
| 10 | Central Finance Co. Ltd. | 1954.00 | 172.00 | 168.00 | 172.00 | 3.00 |
| 11 | Century Commercial Bank Ltd. | 43103.00 | 372.00 | 363.00 | 365.00 | 0.00 |
| 12 | Chhimek Laghubitta Bikas Bank Limited | 1091.00 | 1530.00 | 1509.00 | 1530.00 | 15.00 |
| 13 | Chilime Hydropower Company Limited | 2646.00 | 810.00 | 792.00 | 810.00 | 11.00 |
| 14 | Citizen Bank International Limited | 8382.00 | 383.00 | 375.00 | 383.00 | 9.00 |
| 15 | Citizen Investment Trust | 410.00 | 4090.00 | 4000.00 | 4040.00 | 25.00 |
| 16 | Civil Bank Ltd | 11012.00 | 240.00 | 234.00 | 240.00 | 5.00 |
| 17 | Civil Laghubitta Bittiya Sanstha Ltd. | 761.00 | 1340.00 | 1276.00 | 1340.00 | 40.00 |
| 18 | Deprosc Development Bank Limited | 1326.00 | 1277.00 | 1260.00 | 1277.00 | -3.00 |
| 19 | Deva Bikas Bank Limited | 3563.00 | 265.00 | 254.00 | 265.00 | 7.00 |
| 20 | Dibyashwori Hydropower Ltd. | 52.00 | 219.00 | 211.00 | 211.00 | -4.00 |
| 21 | Everest Bank Limited | 7801.00 | 1361.00 | 1335.00 | 1350.00 | -5.00 |
| 22 | Everest Bank Limited Con. Pref. | 8.00 | 0.00 | 0.00 | 0.00 | 0.00 |
| 23 | Everest Insurance Co. Ltd. | 2697.00 | 2290.00 | 2250.00 | 2275.00 | -15.00 |
| 24 | First Micro Finance Dev. Bank Ltd. | 7885.00 | 1020.00 | 979.00 | 998.00 | 0.00 |
| 25 | Forward Community Mic. Bittiya Sa. Ltd. | 10.00 | 2306.00 | 2306.00 | 2306.00 | 45.00 |
| 26 | Garima Bikas Bank Limited | 1609.00 | 295.00 | 293.00 | 294.00 | 0.00 |
| 27 | Global IME Bank Limited | 11461.00 | 382.00 | 373.00 | 382.00 | 7.00 |
| 28 | Global IME Samunnat Scheme-1 | 8300.00 | 9.60 | 9.60 | 9.60 | -0.20 |
| 29 | Goodwill Finance Co. Ltd. | 160.00 | 212.00 | 208.00 | 208.00 | 0.00 |
| 30 | Green Development Bank Ltd. | 365.00 | 616.00 | 600.00 | 611.00 | -9.00 |
| 31 | Guheshowori Mer. Bank & Fin. Co. Ltd. | 80.00 | 268.00 | 263.00 | 264.00 | 0.00 |
| 32 | Gurans Life Insurance Company Ltd. | 3977.00 | 1000.00 | 971.00 | 989.00 | -21.00 |
| 33 | Gurkhas Finance Ltd. | 2309.00 | 182.00 | 176.00 | 182.00 | 3.00 |
| 34 | Hamro Bikas Bank Ltd. | 475.00 | 227.00 | 221.00 | 227.00 | 4.00 |
| 35 | Himalayan Bank Limited | 591.00 | 888.00 | 872.00 | 888.00 | 7.00 |
| 36 | Himalayan Distillery Limited | 580.00 | 731.00 | 731.00 | 731.00 | -14.00 |
| 37 | Himalayan General Insurance Co. Ltd | 5330.00 | 740.00 | 731.00 | 735.00 | -3.00 |
| 38 | ICFC Finance Limited | 2500.00 | 275.00 | 270.00 | 275.00 | 4.00 |
| 39 | Jalabidyut Lagani tatha Bikas Co. Ltd. | 6548.00 | 196.00 | 191.00 | 193.00 | 0.00 |
| 40 | Janata Bank Nepal Ltd. | 9011.00 | 266.00 | 260.00 | 264.00 | 4.00 |
| 41 | Janautthan Sa. Lag. Bikas Bank Ltd. | 130.00 | 3060.00 | 3030.00 | 3060.00 | 43.00 |
| 42 | Jebils Finance Ltd. | 871.00 | 251.00 | 239.00 | 251.00 | 4.00 |
| 43 | Jyoti Bikas Bank Limited | 834.00 | 204.00 | 202.00 | 203.00 | 1.00 |
| 44 | Kabeli Bikas Bank Limited | 15.00 | 530.00 | 530.00 | 530.00 | 0.00 |
| 45 | Kailash Bikas Bank Ltd. | 3717.00 | 320.00 | 315.00 | 320.00 | 0.00 |
| 46 | Kalika Microcredit Development Bank Ltd. | 736.00 | 1725.00 | 1705.00 | 1725.00 | 20.00 |
| 47 | Kankai Bikas Bank Ltd. | 28.00 | 231.00 | 231.00 | 231.00 | 0.00 |
| 48 | Karnali Development Bank Limited | 30.00 | 290.00 | 290.00 | 290.00 | 0.00 |
| 49 | Khanikhola Hydropower Co. Ltd. | 324.00 | 205.00 | 200.00 | 205.00 | -1.00 |
| 50 | Kisan Microfinance Bittiya Sanstha Ltd. | 695.00 | 2730.00 | 2690.00 | 2730.00 | 34.00 |
| 51 | Kumari Bank Limited | 89499.00 | 316.00 | 309.00 | 310.00 | 0.00 |
| 52 | Lalitpur Finance Ltd. | 100.00 | 175.00 | 175.00 | 175.00 | 1.00 |
| 53 | Laxmi Bank Limited | 4115.00 | 395.00 | 385.00 | 387.00 | -3.00 |
| 54 | Laxmi Laghubitta Bittiya Sanstha Ltd. | 1559.00 | 1900.00 | 1830.00 | 1900.00 | 58.00 |
| 55 | Laxmi Value Fund-1 | 66000.00 | 12.70 | 12.60 | 12.70 | 0.10 |
| 56 | Life Insurance Co. Nepal | 420.00 | 2000.00 | 1975.00 | 2000.00 | 29.00 |
| 57 | Lumbini General Insurance Co. Ltd. | 1686.00 | 940.00 | 920.00 | 925.00 | -13.00 |
| 58 | Machhapuchhre Bank Limited | 18443.00 | 347.00 | 337.00 | 346.00 | 5.00 |
| 59 | Mahila Sahayatra Mic. Bittiya Sanstha Ltd. | 602.00 | 1206.00 | 1161.00 | 1206.00 | 46.00 |
| 60 | Manjushree Finance Ltd. | 1460.00 | 167.00 | 155.00 | 160.00 | -5.00 |
| 61 | Mero Microfinance Bittiya Sanstha Ltd. | 1061.00 | 2280.00 | 2190.00 | 2280.00 | 70.00 |
| 62 | Mirmire Microfinance Dev. Bank Ltd. | 655.00 | 2150.00 | 2125.00 | 2150.00 | 20.00 |
| 63 | Miteri Development Bank Limited | 60.00 | 513.00 | 508.00 | 513.00 | -2.00 |
| 64 | Mithila LaghuBitta Bikas Bank Ltd. | 297.00 | 1352.00 | 1300.00 | 1352.00 | 26.00 |
| 65 | Muktinath Bikas Bank Ltd. | 5814.00 | 925.00 | 915.00 | 925.00 | 5.00 |
| 66 | Nabil Balance Fund 1 | 2997.00 | 19.25 | 19.25 | 19.25 | 0.00 |
| 67 | Nabil Bank Limited | 2783.00 | 1485.00 | 1475.00 | 1475.00 | -1.00 |
| 68 | NABIL Bank Limited Promotor Share | 15210.00 | 1102.00 | 1054.00 | 1102.00 | 37.00 |
| 69 | Nabil Equity Fund | 52035.00 | 9.80 | 9.60 | 9.70 | 0.09 |
| 70 | NagBeli LaghuBitta Bikas Bank Ltd. | 50.00 | 3200.00 | 3200.00 | 3200.00 | 14.00 |
| 71 | National Life Insurance Co. Ltd. | 1826.00 | 2250.00 | 2220.00 | 2225.00 | -20.00 |
| 72 | National Microfinance Bittiya Sanstha Ltd. | 20.00 | 1425.00 | 1398.00 | 1425.00 | 54.00 |
| 73 | Naya Nepal Laghubitta Bikas Bank Ltd. | 441.00 | 2295.00 | 2245.00 | 2295.00 | 30.00 |
| 74 | NB Insurance Co. Ltd. | 60.00 | 975.00 | 975.00 | 975.00 | 0.00 |
| 75 | Neco Insurance Co. Ltd. | 5931.00 | 972.00 | 956.00 | 962.00 | 2.00 |
| 76 | Nepal Bangladesh Bank Limited | 10222.00 | 399.00 | 395.00 | 397.00 | 4.00 |
| 77 | Nepal Bank Limited | 50962.00 | 341.00 | 334.00 | 341.00 | 3.00 |
| 78 | Nepal Credit And Com. Bank Limited | 42454.00 | 389.00 | 368.00 | 385.00 | 14.00 |
| 79 | Nepal Doorsanchar Comapany Limited | 4675.00 | 663.00 | 660.00 | 663.00 | 1.00 |
| 80 | Nepal Grameen Bikas Bank Ltd. | 1944.00 | 770.00 | 740.00 | 770.00 | 7.00 |
| 81 | Nepal Insurance Co. Ltd. | 11600.00 | 1405.00 | 1390.00 | 1392.00 | -33.00 |
| 82 | Nepal Investment Bank Limited | 18690.00 | 747.00 | 741.00 | 747.00 | 7.00 |
| 83 | Nepal Investment Bank Ltd. Pro. Share | 9470.00 | 655.00 | 630.00 | 642.00 | 11.00 |
| 84 | Nepal Life Insurance Co. Ltd. | 23846.00 | 2050.00 | 1999.00 | 2049.00 | 49.00 |
| 85 | Nepal SBI Bank Limited | 6555.00 | 918.00 | 905.00 | 914.00 | -1.00 |
| 86 | Nerude Laghubita Bikas Bank Limited | 2548.00 | 1263.00 | 1230.00 | 1263.00 | 23.00 |
| 87 | Ngadi Group Power Ltd. | 170.00 | 266.00 | 261.00 | 263.00 | -3.00 |
| 88 | NIBL Pragati Fund | 12625.00 | 9.60 | 9.60 | 9.60 | 0.15 |
| 89 | NIC Asia Bank Limted Promoter Share | 7279.00 | 250.00 | 250.00 | 250.00 | 0.00 |
| 90 | NIC Asia Bank Ltd. | 7725.00 | 435.00 | 428.00 | 435.00 | 4.00 |
| 91 | Nirdhan Utthan Bank Limited | 100.00 | 1930.00 | 1930.00 | 1930.00 | 5.00 |
| 92 | NLG Insurance Company Ltd. | 2098.00 | 1465.00 | 1435.00 | 1465.00 | 25.00 |
| 93 | NMB Microfinance Bittiya Sanstha Ltd. | 333.00 | 2700.00 | 2666.00 | 2700.00 | -14.00 |
| 94 | NMB Bank Limited | 6232.00 | 532.00 | 520.00 | 532.00 | 6.00 |
| 95 | NMB Hybrid Fund L-1 | 13731.00 | 9.79 | 9.49 | 9.49 | -0.11 |
| 96 | NMB Sulav Investment Fund-1 | 133996.00 | 12.70 | 12.65 | 12.65 | 0.00 |
| 97 | Oriental Hotels Limited | 5092.00 | 650.00 | 640.00 | 650.00 | -3.00 |
| 98 | Pokhara Finance Ltd. | 1298.00 | 254.00 | 245.00 | 245.00 | -7.00 |
| 99 | Prabhu Bank Limited | 20010.00 | 400.00 | 390.00 | 400.00 | 10.00 |
| 100 | Prabhu Insurance Ltd. | 2222.00 | 1005.00 | 980.00 | 995.00 | -10.00 |
| 101 | Premier Insurance Co. Ltd. | 3143.00 | 1659.00 | 1605.00 | 1659.00 | 1.00 |
| 102 | Prime Commercial Bank Ltd. | 18567.00 | 411.00 | 400.00 | 410.00 | 8.00 |
| 103 | Prime Life Insurance Company Limited | 2750.00 | 2530.00 | 2515.00 | 2530.00 | 10.00 |
| 104 | Prudential Insurance Co. Ltd. | 1252.00 | 1394.00 | 1370.00 | 1385.00 | 18.00 |
| 105 | Purnima Bikas Bank Ltd. | 1380.00 | 298.00 | 290.00 | 298.00 | 8.00 |
| 106 | Rastriya Beema Company Limited | 70.00 | 13000.00 | 12751.00 | 13000.00 | 0.00 |
| 107 | Reliable Microfinance Bittiya Sanstha Ltd. | 78.00 | 1833.00 | 1830.00 | 1833.00 | -37.00 |
| 108 | Reliance Finance Ltd. | 102.00 | 206.00 | 206.00 | 206.00 | 1.00 |
| 109 | Ridi Hydropower Dev. Company Ltd. | 1874.00 | 201.00 | 196.00 | 201.00 | 2.00 |
| 110 | RSDC Laghubitta Bittiya Sanstha Ltd. | 617.00 | 3019.00 | 2910.00 | 3019.00 | 109.00 |
| 111 | Rural Microfinance Dev. Centre Ltd. | 3414.00 | 821.00 | 755.00 | 821.00 | 51.00 |
| 112 | Sagarmatha Insurance Co. Ltd. | 1181.00 | 1407.00 | 1365.00 | 1407.00 | 27.00 |
| 113 | Sana Kisan Bikas Bank Ltd | 2504.00 | 1520.00 | 1471.00 | 1520.00 | 39.00 |
| 114 | Sanima Bank Limited | 90322.00 | 420.00 | 414.00 | 416.00 | 1.00 |
| 115 | Sanima Mai Hydropower Ltd. | 1970.00 | 1144.00 | 1130.00 | 1140.00 | 16.00 |
| 116 | Saptakoshi Development Bank Ltd. | 744.00 | 204.00 | 198.00 | 200.00 | -2.00 |
| 117 | Shangrila Development Bank Ltd. | 11874.00 | 379.00 | 374.00 | 379.00 | -3.00 |
| 118 | Shikhar Insurance Co. Ltd. | 1117.00 | 1880.00 | 1852.00 | 1880.00 | 20.00 |
| 119 | Shine Resunga Development Bank Ltd. | 135.00 | 408.00 | 405.00 | 408.00 | 0.00 |
| 120 | Shree Investment Finance Co. Ltd. | 2668.00 | 375.00 | 368.00 | 375.00 | -4.00 |
| 121 | Siddhartha Bank Limited | 22870.00 | 466.00 | 457.00 | 462.00 | 5.00 |
| 122 | Siddhartha Insurance Ltd. | 1150.00 | 1460.00 | 1434.00 | 1459.00 | -3.00 |
| 123 | Soaltee Hotel Limited | 10922.00 | 362.00 | 358.00 | 361.00 | 0.00 |
| 124 | Standard Chartered Bank Limited | 8634.00 | 2284.00 | 2278.00 | 2281.00 | 0.00 |
| 125 | Summit Micro Finance Dev. Bank Ltd. | 310.00 | 2985.00 | 2931.00 | 2985.00 | 54.00 |
| 126 | Sunrise Bank Limited | 11013.00 | 380.00 | 363.00 | 380.00 | 12.00 |
| 127 | Surya Life Insurance Company Limited | 2235.00 | 990.00 | 988.00 | 989.00 | -9.00 |
| 128 | Swabalamban Bikas Bank Limited | 1032.00 | 1811.00 | 1795.00 | 1800.00 | 24.00 |
| 129 | Swarojgar Laghu Bitta Bikas Bank Ltd. | 1488.00 | 1690.00 | 1660.00 | 1690.00 | 32.00 |
| 130 | Synergy Finance Ltd. | 600.00 | 161.00 | 160.00 | 160.00 | 1.00 |
| 131 | Synergy Power Development Ltd. | 1250.00 | 246.00 | 236.00 | 242.00 | 4.00 |
| 132 | Taragaon Regency Hotel Limited | 220.00 | 256.00 | 253.00 | 253.00 | -8.00 |
| 133 | Tinau Development Bank Limited | 328.00 | 310.00 | 303.00 | 310.00 | 1.00 |
| 134 | United Insurance Co. (Nepal) Ltd. | 2640.00 | 1417.00 | 1400.00 | 1400.00 | -5.00 |
| 135 | United Modi Hydropower Ltd. | 3798.00 | 344.00 | 336.00 | 340.00 | -1.00 |
| 136 | Vijaya laghubitta Bittiya Sanstha Ltd. | 657.00 | 1435.00 | 1396.00 | 1435.00 | 15.00 |
| 137 | Womi Microfinance Bittiya Sanstha Ltd. | 461.00 | 2005.00 | 1980.00 | 2005.00 | 13.00 |
| 138 | World Merchant Banking & Finance Ltd. | 1265.00 | 139.00 | 135.00 | 135.00 | -6.00 |

Total Amount Rs. 482,984,294 Total Quantity 1,079,576 Total No of Transactions 5,501

# अर्थ

'मुलुकका रहेका वाणिज्य तथा विकास बैंकले ठूला-ठूला लगानीमा रुचि देखाउँछन्, सानोतर्फ उनीहरुको आँखै जाँदैन।

# 'साना उद्यमीको सक्रियताले मात्र आर्थिक समृद्धि असम्भव'

नेपाल समाचारपत्र

काठमाडौं

सरकारी र निजी क्षेत्रका उद्यमीले साना उद्योगीको क्रियाशीलताले मात्र आर्थिक समृद्धि सम्भव नभएको बताएका छन्। बुधबार लघु, साना तथा मझौला उद्यम (एमएसएमई) को विकास नीतिसम्बन्धी अन्तर्राष्ट्रिय कार्यशाला गोष्ठीको उद्‌घाटन कार्यक्रममा बोल्दै उनीहरूले यस्तो बताएका हुन्।

उनीहरूले निजी उद्योग क्षेत्र जति क्रियाशील रह्यो आर्थिक समृद्धि उति नै सहज भए पनि सरकारले अनुकूल वातावरण निर्माणमा सहयोग, नियमन तथा प्रवर्द्धनमा सहयोगी भूमिका खेल्नुपर्ने बताए। मुलुकको अर्थतन्त्रको मेरूदण्डका रूपमा रहेका घरेलु तथा साना उद्योग आवश्यक वित्तीय पहुँच अभावले फस्टाउन नसकेकोमा पनि सरोकारवालाहरूले गुनासो गरेका छन्। यस्ता उद्योगका लागि आवश्यक पर्ने वित्तीय पहुँच नै उद्यमीका लागि मुख्य चुनौति रहेको उनीहरूको भनाइ छ।

उक्त कार्यक्रममा बोल्नु हुँदै नेपाल राष्ट्र बैंकका डेपुटी गभर्नर चिन्तामणि शिवाकोटीले लघु तथा घरेलु उद्यमीलाई आत्मनिर्भर बनाउनु आजको आवश्यकता रहेको बताउनुभयो। उहाँले भन्नुभयो-'लघु उद्योगको विकास गर्न सकेमा मुलुकको आर्थिक समृद्धिमा थप सहयोग पुग्छ। हाल नेपालमा २ लाख सक्रिय लघु तथा साना उद्योग छन्, त्यसकारण हामी निराश भइहाल्नपर्ने अवस्था छैन।' मुलुक आर्थिक समृद्धितर्फ लम्किएको बताउँदै उहाँले सबै स्थानीय तहमा बैंक तथा वित्तीय संस्था चाँडै पुग्ने बताउनुभयो।

'अहिले ठूलो मात्रामा कर्जा प्रवाह गर्ने बैंक तथा वित्तीय संस्थाको संख्या एकदमै कम छ। हामीले क्षमता अभिवृद्धिका लागि उनीहरूको चुक्ता पुँजी बढाउन निर्देशन दिएका हौं। संख्या घटे पनि देशैभरि फैलिने ती संस्थाको कर्जा प्रवाहको क्षतता बढेको छ।' उहाँ भन्नुभयो। लघु उद्योगको क्षेत्रमा थप कर्जाको आवश्यकता रहेकाले केन्द्रीय बैंकको यस कार्यले तिनलाई सहयोग गरेको उहाँको दाबी छ। यससँगै वैदेशिक लगानी तथा वित्तीय साक्षरतासम्बन्धी पनि रणनीति तयार पारी सरकारलाई बुझाइ सकिएको उहाँले बताउनुभयो।

त्यस्तै उद्योग मन्त्रालयका निमित्त सचिव गोपीकृष्ण खनालले मुलुक राजनीतिक मुद्दाबाट आर्थिक मुद्दामा गएको बताउनुभयो। उहाँले लघु उद्योग प्रवर्द्धनका लागि सरकारले हरेक स्थानीय तहमा हाटबजार खोल्ने योजना बनाएको जानकारी दिनुभयो।

समारोहलाई सम्बोधन गर्दै उद्योग मन्त्रालयका सहसचिव पुरुषोत्तम नेपालले सरकार उद्योग क्षेत्रको विकासका लागि आवश्यक वातावरण बनाउन लागि परेको बताउनुभयो। उहाँले उद्योगका लागि आवश्यक लगानी, जनशक्ति व्यवस्थापन, प्रविधि हस्तान्तरण र बजारीकरणको काममा सरकारले सहजकर्ताको रूपमा भूमिका निर्वाह गरिरहेको दाबी गर्नुभयो।

त्यस्तै नेपाल घरेलु तथा साना उद्योग महासंघका अध्यक्ष श्यामप्रसाद गिरीले वित्तीय र प्रविधि पहुँच लघु, घरेलु तथा साना उद्योगका मुख्य चुनौतिको रूपमा रहेको बताउनुभयो। उहाँले भन्नुभयो-'मुलुकका रहेका वाणिज्य तथा विकास बैंकले ठूला-ठूला लगानीमा रूचि देखाउँछन्, सानोतर्फ उनीहरूको आँखै जाँदैन। ग्रामीण क्षेत्रमा सञ्चालित लघुवित्तहरूले गरिबी निवारणका लागि सघाउँदै आएका छन् तर त्यतिले मात्र लघु, घरेलु तथा साना उद्योगको माग सम्बोधन हुन सकेन। घरेलू तथा लघु उद्योगमा थप लगानीको आवश्यकता छ।' संख्यात्मक हिसाबले पनि कम हुँदै गइरहेका लघु, घरेलु तथा साना उद्योगको विकासको पहिलो र अनिवार्य सर्त भनेको वित्तीय र प्रविधि पहुँच नै हो। उहाँले थप्नुभयो- 'कृषिमा धेरै प्रोजेक्टले अनुदान दिन्छन तर यो क्षेत्रमा न कुनै इन्सेन्टिभ छ न त सहज वित्तीय पहुँच नै छ।'

एसियाली मुलुकले लघु, साना तथा मझौला उद्योग विकासका लागि अंगिकार गरेका नीति, व्यवस्था र कार्यक्रमका विषयमा जानकारी दिने उद्देश्यसहित अन्तर्राष्ट्रिय गोष्ठी आयोजना गरिएको आयोजकले बताएका छन्। गोष्ठीमा नेपाल, जापान, इन्डोनेसिया, मलेसियालगायतका मुलुकको लघु, साना तथा मझौला उद्यमी तथा त्यस क्षेत्रको नीति निर्माणमा संलग्न सरोकारवाला, सरकारी, गैरसरकारी तथा स्थानीय निकायका प्रतिनिधिको सहभागी रहेको छ।

गोष्ठीमा लघु, साना तथा मझौला उद्यम विकासका विविध पक्षलाई उजागर गर्ने गरी नौ वटा कार्यपत्र प्रस्तुत हुने नेपाल घरेलु तथा साना उद्योग महासंघले जनाएको छ। गोष्ठीमा परिवर्तित सन्दर्भमा नेपालको केन्द्र, प्रदेश र स्थानीय सरकारले लघु, साना तथा मझौला उद्योग विकासका लागि आवश्यक वित्तीय पहुँच र प्रविधिका बारेमा पनि विचार/विमर्श हुने बताइएको छ।

कार्यशाला एसियाली उत्पादकत्व संस्था, राष्ट्रिय उत्पादकत्व तथा आर्थिक विकास केन्द्र र नेपाल घरेलु तथा साना उद्योग महासंघको संयुक्त आयोजनामा हुँदै छ। गोष्ठीमा छोटो समयमा आर्थिक विकास गरेका विभिन्न मुलुकका विज्ञहरूसँग नेपालको विकासको सम्बन्धमा छलफल तथा अनुभव आदान/प्रदान हुनेछ। एसियाली उत्पादकत्व संस्थाले सन् २०१६ मा आयोजना गरेको एमएसएमई अन्तर्राष्ट्रिय विकास नीति कार्यशालाको राष्ट्रिय फलो अप कार्यक्रम बुधबार शुरू भएको कार्यशाला तीन दिनसम्म चल्नेछ।

# टुबोर्ग क्लासिक विथ स्कच माल्टस् बजारमा

नेपाल समाचारपत्र

काठमाडौं




गोर्खा ब्रुअरीले पोखरामा नेपालको पहिलो प्रिमियम स्ट्रोङ बियर,टुबोर्ग क्लासिक विथ स्कच माल्टस् बजारमा भित्राएको छ। सो कार्यक्रममा गोर्खा ब्रुअरीका व्यावसायिक साझेदार, आधिकारीक वितरक, थोक विक्रेता, खुद्रा बिक्रेता लगायतको सहभागिता थियो।

सन् १९९० मा गोर्खा ब्रुअरीले नेपाली बजारमा प्रस्तुत गरेको टुवोर्ग बियर नेपालमा भित्रिने पहिलो अन्तर्राष्ट्रिय ब्रान्ड हो। सन् १८८० देखि नै विश्व बजारमा आम उपभोक्ताहरूले यसमा रहेको अद्‌भुत गुणस्तर र ताजा स्वादको आनन्दलिदै आईरहेका छन्।

उक्त अवसरमा सेल्स डाईरेक्टर काजीमान सुब्बाले भन्नुभयो-' टुबोर्ग बियर नेपालमा नं. १ अन्तर्राष्ट्रिय बियर ब्रान्ड हो यसमा रहेको स्वाद, गुणस्तर र आकर्षक प्याकेजिङका कारणले यस बियरलाई ग्राहकले अत्याधिक रुचाइएको छ। टुबोर्ग क्लासिकसँग हाम्रो मुख्य उद्देश्य भनेको नेपाली बजारप्रति हाम्रो प्रतिबद्धतालाई अझै मझबुत बनाउनु र हाम्रो पोर्टफोलियोलाई अझै विस्तार गर्ने हो। प्रिमियम स्कच माल्टस् टुबोर्ग क्लासिकले नयाँ पुस्ताका बियर प्रेमीलाई फरक प्रिमियम स्वाद प्रदान गर्छ। अन्य बियरको तुलनामा टुबोर्ग क्लासिक विथ स्कच माल्टस् एक उत्कृष्ट छनोट हो।' 'स्ट्रोङर एन्ड स्मुदर' ट्यगलाईनलाई सार्थक पार्दै टुबोर्ग क्लासिकमा रहेको स्कच माल्टस् र उत्कृष्ट हप्स्ले बियरका पारखीलाई ताजा र भिन्न पिउने अनुभव प्रदान गर्नेछ। ६ दशमलब ५ प्रतिशत अल्कोहलको मात्रा रहेको यस बियरको ६५० एमएल बोतलको बजार मूल्य ३१० रुपियाँ तोकिएको कम्पनीले जनाएको छ।

# वाईवाई सिटी भारतमा विस्तार




काठमाडौं, (नेस)

भारतीय बजारमा नेपाली ब्रान्ड वाईवाई चाउचाउको विस्तारसँगै नयाँ अवधारणासहित कार्यान्वयनमा ल्याइएको नूडल्स बार 'वाईवाई सिटी' लोकप्रिय बनेको छ। क्विक सर्भिस रेष्टुरेन्टको अवधारणामा सञ्चालनमा ल्याइएको वाईवाई सिटीमा वाईवाई चाउचाउबाट बनाइएका विभिन्न स्वादिष्ट परिकार उपलब्ध छन्।

चौधरी ग्रुपका अध्यक्ष विनोद चौधरीले ट्विट गर्दै भारतको अर्को शहर बैंगलोरमा वाईवाई सिटी विस्तार भएको भन्दै खुसी व्यक्त गर्नु भएको छ। वाईवाईका पारखीहरूसँग सोसल मिडियामा अन्तर्क्रिया गर्दै उहाँले भारतका मुख्य शहरहरूमा वाईवाई सिटीको प्रतीक्षा लामो नरहने जानकारी पनि दिनु भएको छ।

'हामीले दक्षिण एसियाली बजारमा नूडल्स बारको नयाँ अवधारणा कार्यान्वयनमा ल्याएका हौं जसलाई भारतीय उपभोक्ताले निकै रुचाएका छन्,' चौधरी ग्रुपका कार्यकारी निर्देशक बरुण चौधरीले भन्नुभयो-'जसका कारण वाईवाई सिटीको तीव्र विस्तार गर्न हामी दबाबमा रहेका छौं।'

केही समयअघि भारतको राजधानी नयाँदिल्लीमा वाईवाई सिटीको उद्‌घाटन गरिएको थियो। दिल्लीका उपभोक्ताहरूले वाईवाई चाउचाउबाट बनेका परिकारप्रति देखाएको रुचिसँगै यसको विस्तार शुरू भएको हो। हाल वाईवाई सिटी भारतको नयाँदिल्ली, नोयडा, पुने र बंग्लोर गरी चार शहरमा विस्तार भइसकेको छ।

वाईवाई सिटी भारतका प्रमुख शहरमा तीव्र गतिमा विस्तार हुने जानकारी कार्यकारी निर्देशक बरुण चौधरीले दिनुभयो। 'हामी सन् २०१७ मा सय वटा वाईवाई सिटी स्थापना गर्ने हतारोमा छौं', चौधरीले भन्नुभयो-'भारतका सबै ठूला शहरमा पहिलो चरणमा वाईवाई सिटी स्थापना गर्ने हाम्रो लक्ष्य हो।'

वाईवाई सिटीमा नूडल्ससँग सम्वन्धित करिब दुई दर्जन परिकारको स्वाद उपभोक्ताले लिन पाएका छन्।

हाल भारतीय नूडल्स बजारमा वाईवाईको हिस्सा करिब ३० प्रतिशत पुगेको छ। 'भारतीय नूडल्स बजारमा शसक्त ब्रान्ड बन्ने हाम्रो रणनीति सफल भएको छ। अब हामी वाईवाईलाई अर्को चरणमा पुऱ्याउने तयारीमा छौं,' अध्यक्ष चौधरीले भन्नुभयो- 'नेपालमा जन्मिएका ब्रान्डहरू पनि विश्वव्यापी प्रतिस्पर्धामा अब्बल सावित हुन सम्भव छ भन्ने वाईवाईले प्रमाणित गरेको छ।'

# सेन्चुरी बैंकले सेती फाइनान्स गाभ्दै

काठमाडौं, (नेस)

सेन्चुरी कमर्सियल बैंकले सेती फाइनान्स प्राप्ति गर्न नेपाल राष्ट्र बैंकबाट सैद्धान्तिक सहमति प्राप्त गरेको छ। बैंकले यसअघि इन्नोभेटिभ डेभलपमेन्ट बैंक तथा अरनिको डेभलपमेन्ट बैंकलाई प्राप्ति गरेर एकीकृत कारोबार शुरू गरिसकेको छ।

सेन्चुरी कमर्सियल बैंकको असार १८ गते भएको विषेश साधारणसभाले सगरमाथा फाइनान्स लिमिटेडलाई प्राप्ति गर्न स्वीकृतिसमेत प्रदान गरिसकेको छ भने यसअघि नै अल्पाइन डेभलपमेन्ट बैंकलाई प्राप्ति गर्न एलओआई प्राप्त गरिसकेको छ।

सबै प्राप्तिपश्चात सेञ्चुरी बैंकले ८ अर्बको पुँजीमा नपुग रकम चालू आर्थिक वर्षको नाफाबाट पूरा गर्ने जनाएको छ। यसैगरी सबै संस्था समाहित भएपश्चात् बैंकको कुल शाखा संख्या ९० वटा हुनेछ। २०६७ फाल्गुणबाट बैंकिङ कारोवार सुरु गरेको यस बैंकले हालसम्म ५३ वटा शाखा, ३३ वटा एटीएम, १५ वटा शाखारहित बैंकिङ र ५ वटा एक्सटेन्सन् काउन्टरबाट बैकिङ सेवा प्रदान गर्दै आइरहेको छ।


## हकदावी सम्बन्धी ३५ दिने अत्यन्त जरुरी सूचना

यस कम्पनीले शेयर रजिष्ट्रारको कार्य गरिरहेका तपसिल बमोजिम विवरण भएका बैक/कम्पनीहरुका शेयरधनीहरुको मृत्यु भएको जानकारी निजका हकवालाले दिएको हुँदा निजको नाममा कायम रहेको शेयर प्रमाणपत्रहरु निजको हकवालको नाममा नामसारी गरी पाउँ भनी रित पूर्वक निवेदन पेश गरेको हुँदा सो माथि कसैको हकदावी लाग्ने भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र स-प्रमाण सहित यस **एनआईबिएल क्यापिटल मार्केट्स लि., लाजिम्पाट, काठमाण्डौ**मा हकदावी गर्न आउनु होला । अन्यथा उक्त मिति पछि सो शेयरहरु आवश्यक प्रकिया पुरा गरी निवेदनमा माग बमोजिमका हकवालाका नाममा नामसारी गरिने व्यहोरा सम्वन्धित सवैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ । म्याद पछि तथा रितपुर्वक प्राप्त नभएको निवेदन उपर कुनै कारवाही हुने छैन ।

**तपसील**

देवः विकास बैंक लिमिटेड
Deva Bikas Bank Limited
लालदरवार, काठमाडौं, नेपाल
फोन नं. : ४२५६७१७, फ्याक्स नं. : ४२५३४५९

| मृतक शेयरधनीको नाम र ठेगाना | शेयर संख्या र शेयरधनी नं. | शेयर प्रमाणपत्र नम्बर | हकवालाको नाम तथा नाता |
|---|---|---|---|
| संजिब प्रसाद प्रधान, भोटेबहाल, काठमाडौं | १२३४ कित्ता, शे.ध.नं.९९८५ | ८४२३, १९४८० | प्रतिभा देवी प्रधान (पत्नी) |

Shikhar Insurance
थापाथली, काठमाडौं
फोनः ०१-४२४६१०१

| मृतक शेयरधनीको नाम र ठेगाना | शेयर संख्या र शेयरधनी नं. | शेयर प्रमाणपत्र नम्बर | हकवालाको नाम तथा नाता |
|---|---|---|---|
| संजिब प्रसाद प्रधान, भोटेबहाल, काठमाडौं | १६२० कित्ता, शे.ध.नं.१३५२१ | १७२३४,१५८०७,३८५०१ १९२०६,२१३७०,५११८६ | प्रतिभा देवी प्रधान (पत्नी) |

ASIAN Life Insurance Company
एशियन लाईफ इन्स्योरेन्स कम्पनी लि.
प्रधान कार्यालयः मैतिदेवी-३३, काठमाडौं
फोन नं. ४४१०११५, ४४३०२७०, फ्याक्स नं. ४४४२१३८

| मृतक शेयरधनीको नाम र ठेगाना | शेयर संख्या र शेयरधनी नं. | शेयर प्रमाणपत्र नम्बर | हकवालाको नाम तथा नाता |
|---|---|---|---|
| संजिब प्रसाद प्रधान, भोटेबहाल, काठमाडौं | २९६ कित्ता, शे.ध.नं.३१८५७ | ३०८८,८३१९,१७२५५ | प्रतिभा देवी प्रधान (पत्नी) |
| | ३०८८८,३५६०६,३७७९५,५१२८०,५४७७९,७०२८३,८२८७२ | | |

शेयर रजिष्ट्रार

NIBL CAPITAL
एनआईबिएल क्यापिटल मार्केट्स लि.
A Subsidiary of नेपाल इन्भेष्टमेण्ट बैंक लि. NEPAL INVESTMENT BANK LTD.
पो.ब.नं. २३२२४, लाजिम्पाट, काठमाडौं, नेपाल
फोनः ४००५०८०, फ्याक्सः ४००५०८४
Email: info@niblcapital.com
Website: www.niblcapital.com







# मेसी बार्सिलोनामै रहने



लन्डन, (एजेन्सी)

बार्सिलोना स्ट्राइकर लियोनल मेसीले सम्झौता पत्रमा हस्ताक्षर गर्न स्वीकार गरेपछि ला लिगा क्लबमा आगामी सन् २०२१ जुन ३० सम्म आबद्ध हुने भएका छन्। यसअघि १३ वर्षमा बार्सिलोनामा भित्रिएका ३० वर्षीय खेलाडीले सम्झौतामा नवीकरण गर्न ढिलाइ गरिरहेका थिए। उनको स्विकार्यपछि ला लिगा क्लबले आफ्नो वेबसाइटमा बतायो- 'इतिहासकै महान् खेलाडी मेसीको प्रतिबद्धता र नवीकरणसँगै क्लब धेरै खुसी भएको छ।'

अर्जेन्टिनी फरवार्डले क्लबमा ५ सय ८३ खेलबाट ५ सय ७ गोलको रेकर्ड बनाएका छन्। मेसी गत शुक्रबार बाल्यकालकी प्रेमिका एन्टोनेला रोकुजोसँग बिहे गरेर क्यारिबियनमा हनिमुन मनाइरहेका छन्। स्पेनी मिडियाका अनुसार उनको नयाँ सम्झौता ३० करोड युरोमा भएको छ। उनले सातामा ५ लाख पाउन्ड पाउनेछन्। गएको मेमा मेसीले शुरूआती रकमप्रति अस्वीकार गरेका थिए।

मेसीको पछिल्लो सम्झौता अर्को वर्षको जुनमा समाप्त हुँदै छ। साथै म्यानचेस्टर सिटी र पेरिस सेन्ट जेर्मेनको मेसी भित्र्याउने सपना पनि तुहिएको छ। ती क्लबहरूले मेसीलाई आ-आफ्ना क्लबमा आबद्ध गराउन कसरत गरिरहेका थिए।

# चितवन च्याम्पियन

काठमाडौं, (नेस)

चितवनले नवौं मध्यमाञ्चल क्षेत्रीय राष्ट्रपति रनिङ सिल्ड बिहीबार जितेको छ। चितवन सर्वाधिक १ सय ७९ अंक जोड्दै समग्रमा टिम च्याम्पियन बन्यो।

मध्यमाञ्चल क्षेत्रीय खेलकुद विकास समितिद्वारा आयोजित प्रतियोगितामा ललितपुर १ सय ६३ अंकसाथ दोस्रो भयो। तेस्रो स्थानमा चित्त बुझाएको काठमाडौंले १ सय ५९ अंक बटुल्यो। शीर्ष तीन स्थानमा रहने टिमले क्रमशः २० हजार, १५ हजार र १० हजार नगद पुरस्कार हात पारे।

प्रतियोगिताको अन्तिम दिन छात्र भलिबलको उपाधि भक्तपुरले जित्यो। त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद्को कभर्डहलमा भएको फाइनलमा भक्तपुरले चितवनलाई २५-२१, १९-२५, २२-२५, २५-१४ र १५-१२ ले पराजित गर्‍यो।

छात्रा भलिबलमा काठमाडौं च्याम्पियन भयो। फाइलनमा काठमाडौंले चितवनलाई नै २५-८, २५-१९ र २५-११ को सोझो सेटमा हरायो।

# राष्ट्रपति रनिङ शिल्डमा ८ खेल

काठमाडौं, (नेस)

राष्ट्रिय खेलकुद परिषद् (राखेप) को आयोजनामा नवौं राष्ट्रपति रनिङ शिल्ड तथा विद्यालय खेलकुद प्रतियोगिता बिहीबारदेखि शुरू हुँदै छ।

केन्द्रीयस्तरको यो प्रतियोगितामा भलिबल, एथ्लेटिक्स, कबड्डी, तेक्वान्दो, कराते, उसु, फुटबल र क्रिकेट गरी ८ खेलमा प्रतिस्पर्धा हुनेछन्। सबै खेलमा पाँच विकास क्षेत्रबाट १ सय ४२ का दरले जम्मा ७ सय १० खेलाडी सहभागी हुनेछन्। क्रिकेटमा छात्र टोली मात्र सहभागी हुनेछ।

टिम च्याम्पियनले २५ हजार, उपविजेताले २० हजार र तेस्रोले १५ हजार नगद पुरस्कार प्राप्त गर्नेछन्। एथ्लेटिक्स, भलिबल र कबड्डीको पदकलाई मात्र निश्चित अंक प्रदान गरी समग्रमा टिम च्याम्पियनको घोषणा गरिनेछ।

व्यक्तिगत स्पर्धामा शीर्ष तीन स्थान हात पार्नेले क्रमशः ३ हजार, २ हजार र १ हजार नगद पुरस्कार पाउनेछन्। त्यस्तै पहिलोदेखि तेस्रो हुने टिमका प्रत्येक खेलाडीलाई क्रमशः १ हजार ५ सय, १ हजार र ५ सय नगद पुरस्कार प्रदान गरिनेछ।

प्रतियोगिताको राष्ट्रपति विद्यादेवी भण्डारीले एक समारोहबीच उद्घाटन गर्ने कार्यक्रम छ।

# गोजुरियो कराते हुने

काठमाडौं, (नेस)

नेपाल गोजुरियो कराते संघको आयोजनामा दोस्रो राष्ट्रिय गोजुरियो कराते प्रतियोगिता साउन ९ गतेदेखि हुने भएको छ।

प्रतियोगितामा विभिन्न ३० जिल्लाका करिब ४ सय ४० खेलाडीको सहभागिता रहने गोजुरियो कराते संघका सचिव सानुबाबु गिरीले जनाएका छन्। पुरुषमा २२ र महिलामा १६ गरी जम्मा ३८ स्पर्धामा प्रतिस्पर्धा हुनेछ।

त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद् (राखेप) को कभर्डहलमा दुई दिनसम्म चल्ने प्रतियोगिता सञ्चालन गर्न करिब ९ लाख ७० हजार खर्च हुने आयोजकले जनाएको छ।







## घरहरा

### विवाह सहायक मन्त्री चाहियो



केही दिनअघि एउटा विदेशी मिडियामा प्रस्तुतीपछि चर्चामा आउनुभएका हाम्रा प्रधानमन्त्री शेवदे अचेल के गर्दै हुनुहुन्छ भनेर हिजो धरहराले आफ्नो दूरबीन सोझ्याउँदा हिजो प्रधानमन्त्रीका बिहे नै बिहेमा जानुपर्ने कार्यक्रम भएको यसले देख्न पायो। देश चलाउनुपर्ने प्रधानमन्त्री यसरी विवाहमा मात्रै उपस्थित हुने अवस्था आयो भने देशको अवस्थाचाहिँ के होला?

एउटा नियम नै बनाएर यस्ता कार्यक्रममा प्रधानमन्त्रीजस्तो मुलुकको कार्यकारी पदमा रहेको व्यक्तिलाई नबोलाउने व्यवस्था गर्ने पो हो कि? मुलुकको प्रधानमन्त्रीलाई विवाहमा बोलाउँदा कसै कसैको 'पावर शो' गर्ने अवसर पनि पूरा



नपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
(प्रधानमन्त्री सम्पर्क शाखा)
सिंहदरबार, काठमाडौं
सम्माननीय प्रधानमन्त्रीज्यूको प्रस्तावित कार्यक्रम

74 असार 21 बुधवार / 2017 July 5 — कार्यक्रम नं. :108

| स.नं. | समय | कार्यक्रम विवरण | स्थान | सम्पर्क |
|---|---|---|---|---|
| 1 | 11:00 | काठमाडौं विश्वविद्यालय सभाको ७६ औं बैठकमा अध्यक्षता ग्रहण गर्ने । | काठमाडौं विश्वविद्यालय, धुलिखेल,काभ्रे | प्रा.डा. रामकण्ठ माकाजू, 9802000027 |
| 2 | 15:15 | भेटघाट : श्री Yukiya Amano, महानिर्देशक, अन्तर्राष्ट्रिय आणविक उर्जा एजेन्सी (IAEA) | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार | उत्तम कुमार शाही 9841577292 |
| 3 | [illegible] | शुभ विवाह (प्रीतिभोज), श्री विवेक गौतम | होटल शंकर, लैनचौर, काठमाडौं | विनोद गौतम/ विमा पौडेल गौतम ९८५१०८६९९१ |
| 4 | [illegible] | Wedding Ceremony of Dr. Ashmita Shrestha, Daughter of Mr. Shanta Bahadur Shrestha | New Om Sai Catering and Party Palace, Old Baneshwor, Battisputali, Kathmandu | Shanta Bahadur Shrestha, 9851098997 |
| 5 | [illegible] | शुभ विवाह - क्याप्टेन शैलेश राज महत | त्रिभुवन आर्मी अफिसर्स क्लब, एनेक्स ए' भद्रकाली | रथी बलदेव राज महत, 9851087466 |

होला। तर, यसरी दिनभरि विवाहमा जाने बानी लगाउने हो भने त बर्बाद भएन र भन्या। बरु सरकारका तर्फबाट विवाहजस्ता कुनै सामाजिक कार्यक्रममा जानुपर्ने भएमा एउटा राज्यमन्त्री नै पो खटाइदिने हो कि? लु न एउटा विवाह राज्यमन्त्री वा सहायकमन्त्री चाहियो।

त्यसो गरेमा महत्त्वपूर्ण पदमा रहने व्यक्तिले यसरी दौडनुपर्ने थिएन र देशहितका लागि केही हुन्थ्यो होला। हुनत मान्छेको जीवनमा विवाहको अवसर अक्सर एकपटक मात्रै आउने हुँदा महत्त्वपूर्ण नै हुन्छ। यसलाई कम आँक्न मिल्दैन। तर, यसको मतलब अनावश्यक ढर्रा पारेर प्रधानमन्त्रीलाई नै बोलाउने चलनचाहिँ अलि ठीक भएन कि? प्रधानमन्त्रीलाई आफ्नो विवाह, व्रतबन्ध वा श्राद्धमा बोलाउन पाए हुन्थ्यो भन्ने रहर त कसलाई हुँदैन र? मिल्ने भए सबै नेपालीले बोलाउन चाहन्थे। तर, देशको प्रधानमन्त्री विवाहमा जानका लागि मात्रै बनेको हुँदैन भन्ने हेक्का राख्नुपर्ने हो कि? अनि प्रधानमन्त्रीका निकटस्थहरू पनि के भएका हुन्? जसले जहाँबाट प्रधानमन्त्रीलाई बोलायो त्यहाँ ठेलेर उहाँलाई नै पठाउनुपर्ने? हद नगरुम् न हो। कि कसो पाठकवृन्द?




कामना न्यूज पब्लिकेसन्स् प्रालिद्वारा प्रकाशित कार्यालयः कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं, पो.ब.नं. २०४५, फोनः ४-२६११७९, फ्याक्सः ४-२१८९९०, Email: nepalsamacharpatra@gmail.com प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध सम्पादकः दिरेकलाल श्रेष्ठ, सम्पादकः लेखनाथ अधिकारी, प्रधान सम्पादकः पुष्करलाल श्रेष्ठ